नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
भरतपुर नगरपालिका
भरतपुर, चितवन

# भरतपुर नगरपालिकाको आवधिक योजना

## अन्तिम प्रतिवेदन

### खण्ड १ : मुख्य प्रतिवेदन

**आषाढ २०६८**

विलिङ्क कन्सल्टेन्टस प्रा. लि.
टेबहाल टोल, न्यूरोड, काठमाण्डौं
फोन : ४२४२३४७, ४२४२४५९
फ्याक्स : ४२४१९२६

WELINK CONSULTANTS (P) LTD.

## विषय सूची

## खण्ड - एक : मुख्य प्रतिवेदन

कार्यकारी सारांश.........................................................................................
परिच्छेद - १ : भूमिका........................................................................................१
परिच्छेद - २ : नगरको विद्यमान वस्तुस्थिति..............................................................६
परिच्छेद - ३ : वडागत समस्या..............................................................................१७
परिच्छेद - ४ : नगरको दीर्घकालीन सोच....................................................................२१
परिच्छेद - ५ : नगर विकास सम्भावना विश्लेषण..........................................................२६
परिच्छेद - ६ : प्रस्तावित नगर विकास अवधारणा..........................................................३२
परिच्छेद - ७ : बहुक्षेत्रगत विकास योजना तथा कार्यक्रम..................................................४३
परिच्छेद - ८ : बहुक्षेत्रगत लगानी योजना....................................................................६१
परिच्छेद - ९ : योजना कार्य तालिका..........................................................................६३
परिच्छेद - १० : आवधिक योजना कार्यान्वयन तथा अनुगमन.............................................६५
परिच्छेद - ११ : सिफारिस......................................................................................६६

### अनुसूचीहरू

अनुसूची ३.१ : वडागत समस्याहरू
अनुसूची ४.१ : मूल समन्वय समिति तथा विषयगत समितिका सदस्यहरूको नामावली
अनुसूची ४.२ : वडा सम्पर्क समितिका सदस्यहरूको नामावली
अनुसूची ७.१ : उद्यमशीलता विकास सम्बन्धी विस्तृत जानकारी
अनुसूची ७.२ : नगरपालिकाको विगत ५ वर्षको यथार्थ आय व्यय
अनुसूची ८.१(क) : बहुक्षेत्रगत लगानी योजना (लागत अनुमान : सारांश)
अनुसूची ८.१(ख) : भौतिक विकास योजना (लागत अनुमान)
अनुसूची ८.१(ग) : सामाजिक विकास योजना (लागत अनुमान)
अनुसूची ८.१(घ) : व्यवस्थित बसोबास विकास योजना (लागत अनुमान)
अनुसूची ८.१(ङ) : उद्यमशीलता विकास योजना (लागत अनुमान)
अनुसूची ८.१(च) : वातावरणीय विकास योजना (लागत अनुमान)
अनुसूची ८.१(छ) : प्रकोप व्यवस्थापन योजना (लागत अनुमान)
अनुसूची ८.२(क) : बहुक्षेत्रगत लगानी योजना (लगानीका श्रोतहरू: सारांश)
अनुसूची ८.२(ख) : भौतिक विकास योजना (लगानीका श्रोतहरू)
अनुसूची ८.२(ग) : सामाजिक विकास योजना (लगानीका श्रोतहरू)
अनुसूची ८.२(घ) : व्यवस्थित बसोबास विकास योजना (लगानीका श्रोतहरू)
अनुसूची ८.२(ङ) : उद्यमशीलता विकास योजना (लगानीका श्रोतहरू)
अनुसूची ८.२(च) : वातावरणीय विकास योजना (लगानीका श्रोतहरू)
अनुसूची ८.२(छ) : प्रकोप व्यवस्थापन योजना (लगानीका श्रोतहरू)
अनुसूची ८.२(छ) : प्रकोप व्यवस्थापन योजना (लगानीका श्रोतहरू)
अनुसूची ९.१ : आवधिक योजना कार्यान्वयन तालिका

नक्शाहरू :

| | |
|---|---|
| Map No. 1 | : Location Map |
| Map No. 2.1 | : Administrtive Boundary (with satellite image) |
| Map No. 2.2 | : Administrtive Boundary (without satellite image) |
| Map No. 2.3.1 to 2.3.14 | : Ward Maps |
| Map No. 3 | : Landcover |
| Map No. 4 | : Hydrography |
| Map No. 5.1 | : Population Proportion |
| Map No. 5.2 | : Population Density |
| Map No. 5.3 | : Population Dot Density |
| Map No. 5.4 | : Population Distribution |
| Map No. 6 | : Infrastructure Services |
| Map No. 6.1 | : Street Network |
| Map No. 6.2 | : Water Supply Networks |
| Map No. 6.3 | : Electricity Network |
| Map No. 6.4 | : Telecommunication Network |
| Map No 7 | : Adjoining VDCs |
| Map No. 8 | : Chitwan District |
| Map No. 9 | : Urban Clusters |
| Map No. 10 | : Greater Chitwan |
| Map No. 11 | : Development Zone with Strategic Road Network |
| Map No. 12 | : Pockets of Land Subdivision |
| Map No. 13 | : Existing Road Density |
| Map No. 14 | : Proposed Right of Way |
| Map No. 15 | : Proposed States in Federal Nepal |
| Map No. 16 | : Projects Identified by Subject Committees |

**खण्ड - दुई : नगरको विद्यमान वस्तुस्थिति (Town Profile)**

# परिच्छेद - १ : भूमिका

## १.१ पृष्ठभूमि

चितवन जिल्लाको नगरपालिका मध्ये सबैभन्दा पुरानो र अन्य जिल्लाको दाँजोमा सुविधायुक्त भरतपुर नगरपालिका जनसंख्या वृद्धि, भौतिक पूर्वाधार तथा यातायातको विकासले गर्दा द्रुत गतिमा विस्तारित सहरी केन्द्रको रुपमा विकसित भइरहेको छ । जनसंख्या वृद्धि, आर्थिक तथा सामाजिक गतिविधिको बढोत्तरीसंगै यस क्षेत्रको उपलब्ध सीमित आर्थिक तथा सामाजिक श्रोत र साधनहरूलाई प्रभावकारी ढङ्गबाट प्रयोग गरी व्यवस्थित सहरी विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने विगतका प्रयासहरूका विभिन्न कारणहरूले गर्दा आशातीत सफलता प्राप्त गर्न सकेको देखिन्न । नगरपालिकाभित्र कार्यरत नेपाल सरकारका केन्द्रीय, स्थानीय, निजी तथा सामुदायिक क्षेत्रहरूबाट आ-आफ्नो क्षेत्रको बेग्लाबेग्लै रुपमा छरिएर योजना तथा कार्यक्रम तय गर्दै कार्यान्वयन भइरहेको विद्यमान स्थितिले योजनाहरू दोहोरिने, छुट्ने तथा एउटै प्रकृतिको कार्यका लागि एकै ठाँउमा एकभन्दा बढी संस्था संलग्न भएको उदाहरण पाइन्छ । जसले गर्दा भरतपुर नगरपालिकालाई योजनाबद्ध विकास गर्ने लक्ष्यको दृष्टिकोणले कुन दिशातर्फ जादैछ भन्ने यकिन हुन नसक्ने र योजना तथा कार्यक्रमहरू आफैमा अल्मलिएर नगरको सहरी विकासले आशातीत गति लिन नसकेको देखिन्छ । नगर विकासको लागि आफ्नै योजना नभएको र राष्ट्रिय सहरी विकास लक्ष्य तथा उद्देश्य निर्धारण हुन नसक्नुको साथै नगरपालिकालाई आवश्यक वजेटको पुग्दो व्यवस्था समेत हुन नसक्दा योजना र कार्यान्वयन बीच ठूलो खाडल रहेको विद्यमान स्थिति छ ।

नगरपालिकाको दीर्घकालीन विकासको सोच राखेर माथि उल्लेखित कमी कमजोरीलाई क्रमशः हटाउदै जान स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले नगरको व्यवस्थित सहरी विकासको लागि आवधिक नगर विकास योजना तर्जुमा गरी तदअनुरुप कार्यान्वयनमा जान निर्दीष्ट गरेको छ । जसअनुसार नगरपालिकाले नगरको दीर्घकालीनसोचको आधारमा लक्ष्य, उद्देश्य, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता निर्धारण गरी नगर विकासको लागि समग्रमा आधारित आवधिक र वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ र यसरी तयार पारेको आवधिक योजनाले निर्धारित गरेको योजना कार्यान्वयन गर्न सहयोग पुग्ने किसिमले राष्ट्रिय योजना आयोग र सम्बन्धीत मन्त्रालयहरूले अनुदान, आवश्यक नीति र मार्गदर्शन उपलब्ध गराउनु पर्ने हुन्छ ।

यसै सन्दर्भमा सम्पूर्ण नगरपालिकाहरूको आवधिक योजना सम्पन्न गर्ने नेपाल सरकारको नीति अनुरुप स्थानीय विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग तथा यू.डी.एल.ई. बाट छुट्टाछुट्टै आर्थिक तथा प्राविधिक सहयोग भैरहेको छ । भरतपुर नगरपालिकाको आवधिक योजना भने स्थानीय विकास मन्त्रालयको आर्थिक सहयोगमा सम्पन्न हुन लागेको हो ।

## १.२ उद्देश्य

यस कार्य योजनाको प्रमुख उद्देश्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले निर्दीष्ट गरे बमोजिम भरतपुर नगरपालिकाको आवधिक योजना बनाउने हो । यस आवधिक योजना बनाउने प्रक्रिया नगरपालिकाका लागि आवधिक योजना तर्जुमा निर्देशिका, २०५९ को अधिनमा रही अगाडि बढाइएको छ । यस आवधिक योजना तयार गर्दा यस भरतपुर नगरपालिकाको विस्तृत स्थलगत अध्ययन पश्चात् तथ्याङ्कपरक ढंगले नगरका समस्या र सम्भावनाहरू पहिचान एवं प्राथमिकता किटान गरी एउटा दीर्घकालीनसोच निर्धारण गरिएको छ । उक्त दीर्घकालीनसोचलाई मार्गदर्शनको रुपमा लिदै भरतपुर नगरपालिकाको समग्र विकास प्रकृयालाई समेट्ने गरी पञ्चवर्षीय योजना तयार गरिएको छ ।

यस आवधिक योजनाले सहभागितामुलक योजना पद्धतिलाई नगरस्तरमा संस्थागत गर्न मद्दत पुऱ्याउने उद्देश्य राखेको छ । साथै राष्ट्रियस्तरमा योजना, विषयगत योजना र आवधिक योजना वीच तालमेल, समन्वय र कार्यगत एकताका लागि मद्दत पुऱ्याइने छ । स्रोत र साधनमा पहुँच नपुगेका तथा निर्णायक

स्थानमा नछिरेका बस्ती, समुदाय, जनजाति, लिङ्ग, र वर्गहरूमा सेवा, सुविधा र पहुँच पुऱ्याउने यसको अर्को उद्देश्य हुनेछ । नगरका विकास साझेदारहरू बीच कर्तव्य, जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता किटान गरी आपसी सम्बन्ध, कार्यगत समन्वय र साझेदारीपनको विकास गर्ने यस योजनाको विशिष्ट उद्देश्य हुनेछ ।

यसरी सीमित स्रोत र साधनको समुचित प्रयोग तथा उपयोग गर्दै बढी भन्दा बढी प्रतिफल साँच्चीकै आवश्यक वर्गसम्म पहुँच पुऱ्याउनको लागि कार्यक्रमहरूको तर्जुमा र आवश्यक बजेट विवरण तर्जुमा समेत गर्ने यस आवधिक योजनाको उद्देश्य रहेको छ ।

## १.३ आवधिक योजना तर्जुमा गर्न अपनाइएका प्रक्रिया

योजना टोलीले आवधिक योजना तयार पार्नको लागि अपनाइएको प्रक्रियामा प्रारम्भिक स्थलगत भ्रमण, सन्दर्भ सामग्रीको अध्ययन, विस्तृत स्थलगत अध्ययन, योजना कार्यशाला गोष्ठी, विषयगत बैठक तथा कार्यशालाहरू, सङ्कलित तथ्याङ्क तथा जानकारीहरूको तथ्यगत एवं वस्तुगत विश्लेषण, समस्या, मुद्दा तथा अवसरहरूको पहिचान र प्रस्तावित योजना लेखन प्रमुख रहेका छन् । यही प्रक्रिया अन्तर्गत रहेर योजना टोलीद्वारा योजना क्षेत्रको प्रारम्भिक तथा परिचयात्मक भ्रमण गरी सम्भाव्य तथ्यांकका श्रोत (Possible Data Source), नगरपालिकालाई पूर्व तयारी कार्यशालाको लागि परामर्श, विस्तृत स्थलगत अध्ययनको लागि आवश्यक समय सीमा र स्थलगत यथार्थको आंकलन सम्पन्न गरेको थियो । प्रारम्भिक भ्रमणबाट प्राप्त स्थलगत वास्तविकता (Field Reality) र सङ्कलित द्वितीय स्तरको तथ्याङ्कहरूको (Secondary Sources) अध्ययनको आधारमा योजना तर्जुमा गर्न अपनाइएका प्रक्रिया तथा विधिहरू विस्तृत स्थलगत अध्ययनको लागि आवश्यक पर्ने तथ्यांक सङ्कलन गर्ने औजारहरू (प्रश्नावली, चेकलिष्ट, मुख्य जानकार व्यक्ति तथा संघसंस्थाहरूको फेहरिस्त इत्यादि) तयार पारी स्थलगत भ्रमण गर्ने कार्य सम्पन्न गरिएको थियो । स्थलगत भ्रमणको दौरानमा भरतपुर नगरपालिकाको चौधवटै वडाहरूमा वडास्तरीय भेला सम्पन्न गरी स्थानीय स्तरका सामाजिक, आर्थिक, भौतिक एवं वातावरणीय समस्याहरूको बारेमा छलफल गरिएको थियो । साथै योजना टोलीका विभिन्न विषयगत विशेषज्ञद्वारा सामाजिक, आर्थिक, वातावरणीय तथा भौतिक स्थितिको बारेमा प्रारम्भिक स्तरको तथ्य सङ्कलन एवं भरतपुर नगरपालिकाको विद्यमान स्थितिको प्रत्यक्ष अवलोकन तथा आंकलन गरिएको थियो ।

यसरी स्थलगत अध्ययन र समन्वय समितिसँगको छलफल र विषयगत समितिहरूसँगको छलफल तथा कार्यशालाबाट निम्न पक्षहरूको पहिचान एवं आंकलन गरिएको थियो ।

- वडा स्तरीय भेलाबाट वडा स्तरमा रहेका भौतिक, सामाजिक एवं आर्थिक, वातावरणीय एवं संस्थागत समस्याहरू तथा मुद्दाहरू, बिकासका सम्भावनाहरू र चुनौती तथा जोखिमहरूको पहिचान सम्पन्न गरिएको थियो ।
- योजना टोलीका सम्बन्धीत विषयमा विशेषज्ञद्वारा प्रत्यक्ष अवलोकन तथा प्राथमिक तथ्याङ्क श्रोतको आधारमा भौतिक, वातावरणीय, आर्थिक तथा सामाजिक अवस्थाको चित्रण गरिएको थियो ।
- समन्वय समितिसँग कार्यशाला गोष्ठी गरी भरतपुर नगरपालिकाको दीर्घकालीनसोच निर्धारण, विभिन्न विषयगत समितिहरूको गठन तथा दीर्घकालीनसोचलाई सहरी विकासको माध्यमद्वारा रुपान्तरण गर्नका लागि आवश्यक पर्ने सहरी विकासको लागि नीतिगत सिद्धान्तहरूको प्रारुप तयार पार्ने कार्य सम्पन्न गरिएको थियो ।

यी विभिन्न चरणमा गरिएका स्थलगत अध्ययन, सन्दर्भ सामग्रीको अध्ययन, समन्वय समिति, वडा भेला तथा विषयगत समितिहरूसँग गरिएको छलफलबाट आएका तथ्य, सुझाव एवं नीति निर्देशनहरूको बृहत विश्लेषणबाट योजना तर्जुमाका प्रक्रियामा निम्न नतिजाहरू निकालिएका थिए ।

क. प्राथमिक तथा द्वितीय स्तरका तथ्याङ्क, प्रत्यक्ष अवलोकन तथा अन्य डाटा श्रोतको आधारमा नगरपालिकाको वस्तुस्थिति (Profile) तयार पारिएको ।

ख. वडा स्तरीय भेला, समन्वय समिति, विषयगत समिति तथा सरोकारवालाहरूसँग विभिन्न चरणमा गरिएको बैठक, कार्यशाला गोष्ठी तथा औपचारिक एवं अनौपचारिक छलफलबाट विषयगत समस्या, चुनौती, अवसर तथा जोखिम पक्षहरूको पहिचान गरी नगर विकासको समष्टिगत लक्ष्य, विषयगत लक्ष्य, उद्देश्य, नतिजाहरू र यसका लागि आवश्यक पर्ने विषयगत रणनीतिहरू पहिचान एवं निर्दीष्ट गर्ने कार्य गरिएको थियो ।

ग. यसरी नगरको वस्तुगत चित्र तथा लक्ष्य एवं उद्देश्यहरूको आधारमा भरतपुर नगरपालिका नगर विकासको लागि प्रस्तावित योजना तयार गर्ने कार्य सम्पन्न गरिएको थियो ।

यसरी तयार पारिएको आवधिक योजनालाई कार्यशाला गोष्ठीको आयोजना गरी प्राप्त सुझावहरूलाई वस्तुपरक विश्लेषण गरी प्रतिवेदन पेश गरिएको छ ।

## १.४ प्रक्रिया पूरा गर्न अपनाइएका विधिहरू

आवधिक योजना तयार पार्ने प्रक्रियामा स्थानीय विकास मन्त्रालयद्वारा तयार पारिएको आवधिक योजना तर्फमा निर्देशिकाको अधिनमा रहेर विभिन्न विधिहरू प्रयोग गरिएका थिए । जसमध्ये प्रमुख निम्नानुसार छन् ।

क. प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि स्थलगत प्रत्यक्ष अवलोकन तथा आंकलन विधि, केस स्टडी, छलफल, सरोकारवाला विभिन्न समूहसँगको छलफल, कार्यशाला गोष्ठी, सहभागीमूलक वडा स्तरीय छलफल, सरोकारवालाहरूसँगको छलफल तथा विषयगत समितिहरूसँगको छलफल विधि अपनाइएको थियो ।

ख. द्वितीय स्तरको तथ्याङ्क सङ्कलन भरतपुर नगरपालिकामा मौजुदा अवस्थामा रहेको एकीकृत कार्यमूलक योजना लगायतका विभिन्न प्रतिवेदन, नक्सा, अन्य सरकारी तथा गैर सरकारी संस्थाहरूमा रहेको प्रतिवेदन आदिको सङ्कलनबाट गरिएको थियो । यस बाहेक भरपुर नगरपालिकाको टोपोग्राफी नक्सा, एरियल नक्सा, पूर्वाधार लगायतका नक्साहरू संकलन गरिएका थिए ।

ग. प्राथमिक तथा द्वितीय स्तरका तथ्यहरूको विश्लेषण गर्नका लागि लग फ्रेम विधि (Log Frame), तथ्यगत विश्लेषण (Empirical Analysis) तथा वस्तुगत विश्लेषण (Substantive Analysis) विधि अपनाइएको थियो ।

घ. प्रस्तावित योजनालाई प्रतिवेदन तथा नक्साहरूको रुपमा अभिलेखन गर्न GIS, Excel, Auto CAD, Word आदि कम्प्युटरको सफ्टवेयरहरू प्रयोग गरिएको थियो ।

## १.५ अपेक्षित उपलब्धिहरू (Expected Output)

प्रस्तुत योजनामा स्थानीय विकास मन्त्रालयद्वारा सन् २००२ मा जारी गरिएको आवधिक योजना तर्जुमा गर्ने निर्देशिका अनुसारका उपलब्धिहरू रहेका छन् । तर सारांशमा प्रस्तुत योजना तर्जुमाले निम्न उपलब्धिको अपेक्षा राखेको छ :

क) नगर विकासको लागि भरतपुर नगरपालिकाको दूरदृष्टि (vision) स्पष्ट किटान गर्ने । यसको साथसाथै प्रस्तुत योजनामा नगरको विकास vision लाई मूर्त रुप दिन चाहिने कार्यगत नीतिहरूको स्पष्ट किटान तथा क्षेत्रगत पूर्वाधार विकासको पहिचान तथा विश्लेषण गरिएको छ ।

यो किटान एवं विश्लेषण नगर स्तरमा खडा गरिने बृहत सहभागितामूलक समन्वय समितिसंग (Steering Committee) को छलफलबाट गरिएको छ ।

ख) क्षेत्रगत विकासको लक्ष्य, उद्देश्य, नतिजा तथा कार्यक्रमको विश्लेषण

भौतिक, वातावरणीय व्यवस्थापन, सामाजिक-आर्थिक संस्थागत तथा वित्त क्षेत्रहरूको विकासका लागि क्षेत्रगत कार्य सूचकको आधारमा विश्लेषण गरिएको छ । यी क्षेत्रगत योजना तथा कार्यक्रम बृहद समन्वय समिति अन्तर्गत बन्ने विषयगत समितिहरूको छलफलबाट बनाईएको छ ।

ग) दीर्घकालीन भौतिक विकास योजना

दीर्घकालीन विकास दृष्टिकोण तथा क्षेत्रगत विकासको सम्भावना चुनौती र समस्या सम्बन्धी छलफल तथा विश्लेषणको आधारमा दीर्घकालीन भौतिक विकास योजनाको तर्जुमा गरिएको छ । यो योजनामा नगरको इच्छाइएको सहरी स्वरुप, सहरी विस्तारका लागि उपयुक्त क्षेत्रहरू तथा प्राकृतिक श्रोतहरूको स्पष्ट चित्रण भएको छ । यसका साथसाथै नगर क्षेत्रको भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार क्षेत्रहरूसंग सम्बन्धीत विद्यमान स्थिति तथा यसको लागि दीर्घकालीन योजनाको स्पष्ट चित्रण गरिएको छ ।

घ) बहुगत क्षेत्र लगानी योजना (Multi Sectoral Investement Plan)

आवधिक योजनाको अझै महत्वपूर्ण विषय बहुगत क्षेत्र लगानी योजना हो । जसमा दीर्घकालीन तथा अल्पकालीन आयोजनाहरूको पहिचान, श्रोतको व्यवस्था तथा वार्षिक लगानी योजनाको स्पष्ट खाका कोरिएको छ ।

## १.६ अध्ययनको कार्य सीमा

भरतपुर नगरपालिकाको आवधिक योजना बनाउन विभिन्न क्षेत्रको गहन विश्लेषण तथा अध्ययनको आवश्यकता पर्ने र यसका लागि सधै सबै श्रोत र साधनहरूको उपलब्धता नहुने आदि कारणहरूले यसका सीमाहरू निम्नानुसार तोकिएका छन् ।

क) विभिन्न कार्यालय एवं संघ संस्थाहरूले आ-आफ्नै उद्देश्य अनुरुप विभिन्न क्षेत्रसँग सम्बन्धीत तथ्यांङ्क संकलन गर्ने हुँदा, नगरपालिकाकै आफ्नै Database नहुँदा, तथा सहरी क्षेत्रको आवधिक योजना बनाउनुपर्ने कतिपय प्राथमिक तथ्यांकहरू उपलब्ध नहुने स्थितिले गर्दा धेरैजसो अवस्थामा सहायक तथ्यांङ्क नै विश्लेषणको लागि प्रयोग गर्नुपर्ने बाध्यात्मक स्थिति रहेको छ । यस अर्थले पनि उपलब्ध सहायक तथ्यांङ्कहरूको आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ ।

ख) विकेन्द्रित र सहभागितामूलक योजना पद्धति अवलम्बन गर्न थालिएको धेरै समय भए पनि विषयगत निकायहरू, गैर सरकारी, निजी क्षेत्र र लक्षित समूहको सधै निरन्तर सहभागिता जुटाउन कठिन भएको कारणले सहभागितात्मक योजना तर्जुमामा केही कमजोरीहरू रहन सक्छन् भने यो योजनामा पनि यस्ता कमी कमजोरीहरू रहने हुन्छन् ।

## १.७ सम्पन्न भेला तथा गोष्ठी

आवधिक योजना तयार गर्ने सिलसिलामा निम्न भेला तथा गोष्ठी सम्पन्न गरिएको थियो :

| क्र.सं. | विषय | स्थान | मिति | उपस्थित संख्या |
|---|---|---|---|---|
| १. | परिचयात्मक कार्यशाला गोष्ठी | भरतपुर नगरपालिका | ज्येष्ठ २५, २०६७ | ७५ |
| २. | दीर्घकालीन सोच निर्धारण/कार्यशाला गोष्ठी | होटल ग्लोबल, भरतपुर | असोज १८, २०६७ | १२० |
| ३. | वडा भेला | सम्बन्धित वडा कार्यालयहरू | २०६७ कार्तिक १२ देखि १६ गतेसम्म | प्रत्येक वडाबाट सरदर २५ जना |
| ४. | विषयगत समिति बैठक | रजहर, नवलपरासी | २०६७ माघ १५ र १६ | ९० |
| ५. | मस्यौदा प्रतिवेदनमाथि छलफल | नारायणघाट उद्योग वाणिज्य संघ | २०६८ ज्येष्ठ ५ | १३० |
| ६. | मस्यौदा प्रतिवेदनमाथि छलफल | भरतपुर नगरपालिका | २०६८ आषाढ २३ | ३० |

## १.७ अन्तिम प्रतिवेदन

ज्येष्ठ तथा आषाढ महिनामा भएका दुई छलफल पश्चात प्राप्त सुझावहरुको आधारमा यो अन्तिम प्रतिवेदन तयार पारिएको छ। प्रतिवेदन दुई खण्डमा विभाजन गरिएको छ।

खण्ड १ : मुख्य प्रतिवेदन

खण्ड २ : नगरको विद्यमान वस्तुस्थिति (Town Profile)

# परिच्छेद - २ : नगरको विद्यमान वस्तुस्थिति

यस परिच्छेदमा भरतपुर नगरपालिकाको विद्यमान वस्तुस्थिति छोटकरीमा प्रस्तुन गरिएको छ । विस्तृत विवरण **खण्ड - २ : नगर प्रोफाइल**मा दिइएको छ ।

## २.१ ऐतिहासिक पृष्ठभूमि, भौगोलिक स्थिति, सिमाना तथा राजनैतिक विभाजन

तत्कालीन श्री ५ को सरकारको सामाजिक, आर्थिक रुपमा द्रुत गतिमा विकसित भइरहेका गा.वि.स.हरूलाई नगरपालिकाका रुपमा रुपान्तर गर्ने नीति अनुरुप हालको भरतपुर नगरपालिका बि.सं.२०३५ साल फाल्गुण २५ गते स्थापना भएको थियो ।

नारायणी नदीको दक्षिण किनारमा पर्ने भरतपुर, चितवन जिल्ला, नारायणी अञ्चल र मध्यमाञ्चल विकासक्षेत्रमा पर्ने नेपालकै एक प्रमुख शहर हुनुको साथै चितवन जिल्लाको सदरमुकाम पनि हो । भरतपुरको उत्तरतर्फ नवलपरासी जिल्ला र नारायणी नदी, पूर्वतर्फ वरण्डाभार जंगल पर्दछ भने पश्चिमतर्फ मंगलपुर गा.वि.स. र दक्षिणतर्फ गीतानगर गा.वि.स. तथा चितवन राष्टिय निकुञ्ज पर्दछन् । भौगोलिक रुपमा भरतपुर नगरपालिका २७$^{0}$३७'३३" देखि २७$^{0}$४५'३५" उत्तरी अक्षांश र ८४$^{0}$२१'३१" देखि ८४$^{0}$२९'०५" पूर्वी देशान्तरमा पर्दछ । यो क्षेत्र समुद्री सतहबाट १८१ मिटर देखि २७१ मिटरसम्मको उचाईमा रहेको छ । यस नगरपालिका जम्मा ७७८९ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

### २.१.१. प्रमुख नदी तथा वनजंगल

भरतपुर नगरपालिकाको उत्तरतर्फ देवघाट, रामनगर, नारायणगढ तथा शिवघाट हुँदै पश्चिमतर्फ बगेको नारायणी नदी नै भरतपुरको मुख्य नदी हो । आकारमा ठुलो र समथर भू-भागबाट बगेको हुनाले उर्जाशक्तिको दृष्टिकोणले नारायणी खासै उपयोगी हुन नसके पनि धार्मिक र प्राकृतिक सुन्दरताको दृष्टिकोणले यस नदीको बिशेष महत्व रहँदै आएको छ । यसका अलावा पुंगी खोला र केरुंगा खोला शिवालिक क्षेत्रमा पर्ने तेश्रो स्तरका नदी हुन् ।

नगरपालिकाको वडा नंबर १ को देवघाट देखि  पोखरा बसपार्क सम्म सबैजसो भू-भाग जंगलले ओगटेको छ र यसमा मुख्यतया सालका रुखहरू रहेका छन् भने साज, जमुना, क्यामुना, सिसौ, टिक तथा अन्य रुखहरू पनि न्यून मात्रामा पाइन्छन् । यसको साथै वडा नम्बर ४ र ५ वरपरको नारायणी नदीको किनारमा रहेको शान्ति नगर वन अर्को महत्तवपूर्ण वन क्षेत्र हो जसमा सिसौले लगभग सम्पूर्ण भागहरू ओगटेको पाइन्छ ।

### २.१.२. जलवायु

समुद्री सतहबाट कम उचाईमा, तल्लो समथर भू-भागमा र महाभारत पर्वतको नजिकै परेको कारण भरतपुर क्षेत्रमा औसत तापक्रमभन्दा बढी, आद्रतायुक्त जलवायु भएको पाइन्छ । यहाँ पुस, माघ महिनामा सबैभन्दा जाडो हुने गरेको र सो समयमा न्यूनतम् तापक्रम १० डि.से. सम्म पुगेको छ  भने बैशाख, जेष्ठ, असार अधिकतम गर्मी हुने महिना हुन् जहाँ ४० डि.से. सम्म तापक्रम् पुग्ने गरेको पाइएको छ । यहाँको वार्षिक औसत तापक्रम २५ डि.से. रहेको छ । भरतपुरमा वार्षिक औषत वर्षा १५०० मि.मि. हुने गर्दछ ।

### २.१.३. जनता र आर्थिक निर्भरता

भरतपुर बसाईं सरी आएका मानिसहरूको बस्ती हो । कुनै कुनै आदिवासी जस्तै थारु, दराई, कुमाल, चेपाङ आदि बाहेक प्रायः सबै मानिस अन्यत्रबाट बसाईंसरी आएका छन् । नगरमा विभिन्न किसिमका मिश्रित जातजातिहरू बसोबास गर्ने भएता पनि मुख्यतया अधिक मात्रामा ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, गुरुङ जातिहरू नै रहेका पाइन्छन् ।

**परिच्छेद – २**
**नगरको विद्यमान वस्तुस्थिति**

भरतपुरको अर्थतन्त्र परम्परागत रुपमा कृषिमा नै आधारित रहेको पाइन्छ । चितवन पर्याप्त खाद्यान्न उत्पादन गर्ने जिल्ला भएकोले भरतपुरमा खाद्यान्न प्रशोधन गरी नेपालका अन्य शहरहरू जस्तै काठ्माण्डौ, पोखरा आदि जिल्लामा समेत व्यापार गरिन्छ । यसको अलावा कोका-कोला, विभिन्न ब्राण्डका वियर फेक्ट्रीहरू जस्ता अन्तर्राष्ट्रिय स्तरका कम्पनीहरू पनि यस नगरपालिका भित्रै संचालनमा रहेका छन् ।

### २.१.४. महत्वपूर्ण धार्मिक, सांस्कृतिक, सामाजिक तथा अन्य स्थलहरू

देवघाटः कालीगण्डकी र नारायणी नदीको संगमस्थलमा रहेको पवित्र तीर्थस्थल नगरपालिकाको वडा नं. १ मा पर्दछ । विभिन्न किसिमका हिन्दु मठमन्दिर, गुफा र प्राकृतिक सुन्दरताले भरिएको यो क्षेत्र धार्मिक तथा पर्यटकिय दृष्टिले भरतपुरको लागि एक महत्वपूर्ण स्थल पनि हो । अन्यः गणेश स्थान, बागेश्वरी मन्दिर, गौरेश्वर मन्दिर, हरिहर मन्दिर, दुर्गा मन्दिर, पशुपतिनाथ मन्दिर, दियालो बंगला दरबार आदि महत्वपूर्ण सांस्कृतिक तथा सामाजिक स्थलहरू हुन् ।

## २.२ भू तथा भू-उपयोगको स्थिति

### २.२.१ भू-उपयोग

नारायणगढ, नगरपलिकाको मुख्य बजार केन्द्र हो । यहाँका प्रायः सबै जसो जमिनको हिस्सा भौतिक संरचनाहरूले ढाकेका छन् । वडा नं. ३, वडा नं. १० को उत्तरी क्षेत्र ,वडा नं. ४ को पूर्वी क्षेत्र, १ नं.को दक्षिणी केही अंश, वडा नं. २ को उत्तर-पश्चिम क्षेत्रहरूलाई शहर केन्द्रका रुपमा वा मुख्य बजार केन्द्रको रुपमा लिन सकिन्छ । त्यस्तै गरेर वडा नं. २, ४, ६, ५, ७, १०, ११, १२ लाई शहर बिस्तारित क्षेत्रको रुपमा लिन सकिन्छ । वडा नं ८, १३, १४ अहिलेसम्म पनि कृषि उपयोगमा नै रहेको पाइन्छ ।

**तालिका नं. २.१ भू-उपयोगको स्थिति**

| भू-स्थिति | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (प्रतिशत) |
|---|---:|---:|
| कृषि | ४,४८९.८ | ५७.६ |
| जंगल | २,५१०.४ | ३२.२ |
| आवास तथा व्यापारिक | ३९०.४ | ५.० |
| पानी | ३३६.२ | ४.३ |
| खाली जमिन | ६१.३ | ०.८ |
| **जम्मा** | **७,७८८.१** | **१००.०** |

***श्रोतः*** *Socio Economic Profile & Urban Indicators of Bharatpur Municipality, 2008*

### २.२.२ भू-बनौट

खास गरी नारायणी नदीको प्रभावको कारण भरतपुरको जमिनको बनावटलाई हेर्दा दुई तहमा छुट्याउन सकिन्छ । तल्लो समथर सतह जुन वडा नं. १, २, ३ र ४ तथा ५ को केही भागमा पर्ने गर्दछ । त्यहाँको माटो विशेष गरी नारायणीको वगरले गर्दा ग्राभेल मिश्रित रहेको छ । भने माथिल्लो समथर सतह जुन माथि उल्लेखित वडा बाहेक अन्य वडामा पर्दछन्, त्यहाँ बलौटे र पानीको प्राकृतिक नाला (घोल) भएको क्षेत्रवरिपरि 'क्ले' किसिमको रहेकोछ । भौगोलिक दृष्टिकोणले भरतपुरको माटो उर्वर मानिन्छ । यहाँको कृषि जमिन प्रायः सबै सिंचित छन् ।

## २.३ नगरको आर्थिक सामाजिक स्थिति

### २.३.१ जनसंख्या बृद्धिदर

चितवनमा हैजा उन्मूलनका कार्यक्रमहरू आएपछि मात्र वरपरका पहाडी भेगबाट वसाई सरी चितवनका मुख्य भागहरूमा बसोवास गर्न थाले र जनसंख्याको वृद्धि हुन थाल्यो । २०३५ सालमा भरतपुर नगरपालिका

घोषित भएपछि झनै जनसंख्याको वृद्धि द्रुतदर गतिमा हुन थाल्यो । १९८१ देखि १९९१ सम्ममा ७.०७ बार्षिक वृद्धि को दरले जनसंख्या वृद्धि भई २७,६०२ बाट ५४,६७० पुग्यो ।

### २.३.२ जनसंख्या वितरण र जनघनत्व

जनसंख्याको चाप मापन गर्ने मुख्य सूचक जनघनत्व हो । भरतपुर नगरपालिकाको औसत जनघनत्व १,१०७ प्रति वर्ग कि.मि. रहेको छ । समग्र देशलाई हेर्दा जनघनत्वको आधारमा भरतपुर नगरपालिका छैठौं स्थानमा पर्दछ ।

**तालिका नं. २.२ वडा अनुसार जनघनत्व**

| वडा नं. | जनसंख्या | | क्षेत्रफल | | जनघनत्व |
|---|---|---|---|---|---|
| | संख्या | % | बर्ग कि.मी. | % | संख्या प्रति वर्ग कि.मी. |
| १ | ४,११२ | ४.७७ | २३.१६८ | २९.७४ | १७७ |
| २ | ८,२५१ | ९.५७ | १.७६४ | २.२६ | ४,६७८ |
| ३ | २,१८५ | २.५३ | ०.४६९ | ०.६० | ४,६६१ |
| ४ | ५,२४७ | ६.०९ | ३.९८५ | ५.१२ | १,३१७ |
| ५ | ४,९४८ | ५.७४ | ४.०२८ | ५.१७ | १,२२८ |
| ६ | ५,६३५ | ६.५४ | ४.८१४ | ६.१८ | १,१७१ |
| ७ | ६,२१९ | ७.२१ | ५.२०६ | ६.६८ | १,१९५ |
| ८ | ५,७५३ | ६.६७ | ८.०३१ | १०.३१ | ७१६ |
| ९ | ५,९७७ | ६.९३ | ३.३९८ | ४.३६ | १,७५९ |
| १० | १०,५२१ | १२.२ | ३.९३६ | ५.०५ | २,६७३ |
| ११ | १३,८१० | १६.०२ | ५.८९५ | ७.५७ | २,३४३ |
| १२ | ६,९७७ | ८.०९ | २.९५७ | ३.८० | २,३६० |
| १३ | ३,२८६ | ३.८१ | ५.६४३ | ७.२४ | ५८२ |
| १४ | ३,२८७ | ३.८१ | ४.५९८ | ५.९० | ७१५ |
| **जम्मा** | **८६,२०८** | **१००** | **७७.८९१** | **१००** | **१,१०७** |

*श्रोतः Socio Economic Profile & Urban Indicators of Bharatpur Municipality, 2008*

### २.३.४ जात तथा वर्गको आधारमा जनसंख्याको वर्गीकरण

भरतपुर नगरपालिकामा विभिन्न जाति तथा जनजातिहरू जस्तैः बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, तामाङ्ग, कामी र दमाईको सम्मिश्रित जनसंख्या रहेको छ । उक्त नगरपालिकामा बाहुन - ४८.०८%, क्षेत्री - ११.८५%, नेवार - १०.०१६%, गुरुङ्ग - ६.७४%, मगर - ४.३२%, तामाङ्ग - ४.१२%, कामी - २.९३% र दमाई - १.८५% छ र बाँकी जनसंख्या विभिन्न जातजातिहरू जस्तैः ठकुरी, थारु, दराई, मुस्लिम र राईले ओगटेका छन् ।

### २.३.५ घरधुरीको आकारः

नगरपालिकाको कुल घरधुरी १७,४९६ छ जसको औसत प्रति परिवार ४.९३ व्यक्ति रहेको छ । वडा नं. ३ र १३ मा ५.३६ व्यक्ति र ५.२५ व्यक्ति रहेको सवैभन्दा ठूलो आकारको घरधुरी रहेको पाइयो । जबकि, वडा नं. ११ मा सबभन्दा बढी २,८९४ घरधुरी छ भने वडा नं. ३ मा सबैभन्दा कम ४०८ घरधुरी रहेको तथ्यांक पाइयो ।

### २.३.६ शिक्षा र साक्षरताको स्थिति

**तालिका नं. २.३ भरतपुरमा साक्षरताको संख्या र प्रतिशत**

| साक्षरता स्थिति | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| साक्षर | १,४९७ | ३.७३ | १,०४२ | २.५ | २,५३९ | ३.११ |
| निरक्षर | ८,२१२ | २०.४९ | ३,८४६ | ९.३३ | १२,०९८ | १४.८१ |
| शिक्षित | ३०,२६५ | ७५.५१ | ३६,६०० | ८७.९१ | ६७,०७८ | ८१.८२ |
| **जम्मा** | **४०,०८३** | **७९.२४** | **४१,६३२** | **९०.४२** | **८१,७१५** | **८४.९३** |

*श्रोत: Socio Economic Profile & Urban Indicators of Bharatpur Municipality, 2008*

### २.३.७ तहगत शैक्षिक स्थिति

तहगत रुपमा शैक्षिक स्तरको अध्ययन गर्दा एस.एल.सी. तहभन्दा मूनि पुरुष भन्दा महिला संख्या बढी हुने गरेको छ भने एस.एल.सी. भन्दा मथि पुरुषहरूको संख्या नै बढी हुने गरेको छ । महिलाहरूको अनुपात जम्मा जनसंख्याको २४.०५% प्राथमिक तहमा, ११.४२% निम्नमाध्यामिक तहमा, १४.३७% र माध्यामिक तहमा, २१.१७% एस.एल.सी. पास देखिएको छ । यसैगरी जम्मा ७.९१% र जम्मा १.४८% महिलाहरू क्रमशः स्नातक र स्नातकोत्तर तहमा भएको देखिन्छ । स्नातक र स्नातकोत्तर तहमा पुरुषहरूको अनुपात भने क्रमशः १३.१६% र ४.६३% देखिन्छ ।

### २.३.८ भवनहरूको बनावट

२०६४ सालको तथ्यांक संकलनको प्राप्त आँकडाबाट नगरपालिकामा जम्मा भवन संख्याहरू मध्ये ९६% भन्दा बढी घरहरू आवासीय घरहरू रहेका छन् । आवासीय घरहरूमध्ये पनि ५९.८% आर. सि. सि., २८% लोड वियरीङ वाल (सिमेन्ट), ५.८% माटोको र काठको घर, ४.९% घरहरू अस्थायी किसिमको र १.५% अन्य प्रकारका घरहरू रहेका छन् ।

### २.३.९ टेलिफोन र बिजुलीको सुविधा

भरतपुरका धेरैजसो घरहरूले विजुलीको उपभोग गरेका र गर्न पाएका छन् । नगरका ९६.३% घरहरूले विद्युतलाईन जडान गरेका छन् । जसमध्ये वडा नं. ३ मा सतप्रतिशत घरहरूले विद्युतलाईन जोडेका छन् भने वडा नं. १, १४ र १३ मा भने तुलनात्मक रुपमा थोरै घरहरूमा मात्र विद्युतलाईनको उपभोग गर्ने गर्दछन् । यी वडाहरूमा जम्मा ८८% घरहरूमा बिद्युत सुविधा छ भने बाँकी वडाका ९०% भन्दा बढी घरहरूमा विद्युतको सुविधा रहेको छ ।

बिजुलीको तुलनामा टेलिफोनको सुबिधा उपभोग गर्ने मानिसहरूको संख्या कम नै देखिएको छ । औसतमा ४४.२% घरहरूले मात्र टेलिफोन लाईन जडान गरेका छन् । अरु वडाहरूको तुलनामा वडा नं. १, २, ३, ४, १२ मा औसत भन्दा बढी नै घरहरूले टेलिफोनको सुविधा उपभोग गरेका छन् ।

### २.३.१० पारिवारिक आय

पारिवारिक आय नै गरीबी निर्धारण गर्ने एक भरपर्दो सूचक हो । नेपालको विशेष मापन विधि अनुसार नेपालको लागी वार्षिक औसत् आधारभूत आम्दानी रु. २३,५०६ निर्धारण गरिएको छ । यो मापदण्ड भन्दा न्यून आय भएका परिवारलाई अति गरीब मानिन्छ । जनगणनाको सर्वेक्षण अनुसार भरतपुर नगरपालिकाका जम्मा परिवारमध्ये ४८.२३% परिवारको औसत् बार्षिक आय रु. १,००,००० देखि रु. ५,००,००० रहेको छ । २३.८७ % परिवारको आय रु. ६०,००० देखि रु. १,००,००० सम्म रहेको छ र २०.१४ % परिवारको औसत् आय रु.२३,५०६ देखि रु. ६०,००० सम्म रहेको छ । भने २.२१ % घरधुरीहरूको आय न्यूनतम् आधारभुत आम्दानी (रु. २३,५०६) भन्दा कम रहेको छ । वडा नं.१४, १३, ६,१ मा अरु वडाको तुलनामा

अधिकतम गरीबी रहेको छ जहाँ क्रमश: ८.२४ %, ५.७५ %, ५.५१ % र ५.२४ % परिवारहरू गरीबीको रेखा मूनि परेका छन् ।

### २.३.११ नगर क्षेत्र भित्र गरीबीको तथा सुकुम्बासी समस्या र स्थिति

जोखिम, गरीब र अति गरीब घरधुरी र जनसंख्या

भरतपुर नगरपालिकाको पारिवारिक स्थितिको हकमा PVI Poverty Incidence ०.१४१ रहेको छ भने जनसंख्याको हकमा ०.१२३ रहेको छ अर्थात् १४.१ प्रतिशत परिवार गरीबीको रेखामूनि रहेका छन् भने १२.३ प्रतिशत जनसंख्या गरीबीको रेखामूनि पर्दछन् ।

नगरपालिकाको घरहरूमा १३.६८% परिवारहरू गरीब (Poor), ०.४६% अति गरीब (Extremely Poor) र २५.९% परिवारहरू जोखिम (Vulnerable) समूहमा पर्दछन् । त्यसैगरी व्यक्तिको सन्दर्भमा ०.३५% जनसंख्या अति गरीब, ११.९७% गरीब र २५.२८% जनसंख्या Vulenerable समूहमा पर्दछन् ।

**तालिका २.४ गरीब घरपरिवार र गरीब जनसंख्या**

| वर्गीकरण | गरीवी सूचकाङ्क | वार्षिक पारिवारिक आय | परिवार | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| कम गरीब ( Non Poor) | ०.३५ भन्दा कम | रु. ७७,२४९।७० भन्दा बढी | १०,४८२ | ५३,७७८ | ६२.४% |
| जोखिमयुक्त गरीबी (Vulnerable Poor) | ०.३५ देखि ०.५० भन्दा कम | रु. ५१,५०० - ७७,२४९।७० सम्म | ४,५४० | २१,७९३ | २५.३% |
| गरीब (Poor) | ०.५० देखि ०.७५ भन्दा कम | २५,७४९ - ५१,५०० सम्म | २,३७३ | १०,३१६ | १२.०% |
| अति गरीब (Extremely Poor) | ०.७५ देखि बढी | २५,७४९ | ८१ | ३२१ | ०.४% |
| जम्मा | | | १७,४९६ | ८६,२०८ | १००.०% |

***श्रोत:*** *Poverty Mapping, Gender Assessment & Need Identification in Bharatpur Municipality, 2009*

लैगिक आधारमा गरीबी

भरतपुर नगरपालिकामा जम्मा २,४७४ परिवारहरू गरीबीको रेखामूनि रहेका छन् जसमा ४८.४% परिवार पुरुषप्रधान छन् भने १५.६ % परिवार नारीप्रधान छन् ।

जातजातीको आधारमा गरीबी

राष्ट्रियस्तरको आँकडा झैं भरतपुर नगरपालिकामा पनि आदिवासी जनजाति तथा दलितहरूमा नै गरीबीको अनुपात बढी रहेको देखिन्छ । पहाडी जनजातिहरूमा गरीब र अति गरीबको अनुपात बढी रहेको छ । जहाँ जनजातिको संख्याको २८% गरीब (Poor) र ३२% अति गरीब (Extremely Poor) रहेको पाइन्छ । त्यसैगरी दलितको सन्दर्भमा १३.७% पहाडी भेगका दलितहरू गरीब (Poor) र २८.२% पहाडी दलितहरू अति गरीबीको (Extremely Poor) स्थितिमा रहेका छन् । तराईका जनजातिका ८.९% गरीब (Poor) र १०.७% अति गरीब (Extremely Poor) छन् ।

स्थानगत रुपमा गरीबीको वितरण (Spatial Distribution of Poverty)

गरीबी रहेका स्थानहरू PVI Poverty नक्साले कतिपय गरीबी समूहहरू (Poverty pockets) वडा नं. ११ मा भोजाड, गाईखर्क, गणेशस्थान, वडा नं. १ मा रामनगर, आँपटारी चोक, वडा नं. ८ मा बरुवा, वडा नं. १४ मा नारायणपुर, वडा नं. १३ मा कैलाशनगर जस्ता ठाउँहरूमा केन्द्रित भएर बसेको देखाउँछ ।

गणेशस्थान र आँपटारी चोकमा अन्यको तुलनामा बढी अनुपातमा गरीब तथा सुकुम्बासी समूहहरू रहेको पाइन्छ । यसको अतिरिक्त वडा नं. ११, १२, ९ र ८ मा टिकौली जंगलको वरपर किनारमा धेरै वस्तीहरू छरिएर बसोबास गरेको पाईन्छ । यसको साथै भरतपुरको (City core area) क्षेत्रमा पनि न्यून रुपमा भएपनि सुकुम्बासीहरू बसोबास गरेको पाईन्छ ।

### २.३.१२ खानेपानी तथा सरसफाईको स्थिति

२०६४ सालको जनगणनाको सर्भेक्षण अनुसार भरतपुर नगरपालिकाका मानिसहरूले खान या अन्य दैनिक प्रयोजनको लागि विभिन्न किसिमका श्रोतहरूबाट पानी उपभोग गर्ने गरेको छ । आधा भन्दा बढी (५२.०१%) घरधुरीहरूले हाते पम्पबाट पनि प्रयोग गरेको पाईएको छ, २५.०८% घरधुरीहरूले भने खानेपानीको पाईपलाइनबाट उपभोग गर्न पाएका छन् । प्राय सबै घरहरूमा खुला ईनार भएतापनि १६.७८% घर धुरीले मात्र खाने प्रयोजनको लागी ईनार प्रयोग गरेको तथ्यांक उपलब्ध छ । त्यस बाहेक ३.१७% ले सार्वजनिक धारा,कुवा या ईनार र २.८७% ले खुला कुवा, मुल, खोला, नदी आदिबाट प्रयोग गर्ने गर्दछन् ।

नेपाल सरकार र एशियाली विकास बैंकको ऋण तथा अनुदानमा भरतपुर नगरपालिकाले वडा नं. ४, ५, ६, ७, ८, ९, १०, ११ र १२ वडाहरूमा नयाँ पाइपलाइन तथा वडा नं. १, २, ३ मा पुराना पाइपलाइनको सुधार तथा विस्तार गरेको हुँदा खानेपानी आपूर्तिमा सहजता देखिएको छ । हाल करीब ६५% परिवारले पाइप खानेपानी उपभोग गर्न पाएका छन् ।

## २.४ नगरको भौतिक संरचना तथा सेवाको स्थिति

### २.४.१ कृषिको स्थिति

चितवन जिल्ला कृषि क्षेत्र आधुनिकीकरण, व्यावसायिकीकरण र विविधीकरणको दृष्टिले अगाडि बढ्दै गएको सन्दर्भमा कृषिजन्य वस्तुमा आधारित उत्पादनशील उद्योगहरूको प्रचुर सम्भाव्यता रहेका छ । कृषिजन्य उद्योगको स्थापना एवं विस्ताले भरतपुर नगर विकासको लागि एक बलियो आधार बन्न सक्दछ ।

भरतपुर नगर क्षेत्रमा अवस्थित कृषिजन्य उद्योग तथा कार्यालयहरूको सन्दर्भमा दाना उद्योग (२९ वटा), ह्याचरी (१५ वटा), पशुजन्य उद्योग (९ वटा), डेरी (१ पब्लिक र १६ निजी) दुग्ध उत्पादन सहकारी संस्था ( १५ वटा), गोबर ग्याँस स्थापना गर्ने कार्यालय (८ वटा) र पशुसेवा केन्द्र/उपकेन्द्र (३ वटा) संचालनमा रहेका छन् ।

**फलफूल तथा तरकारी**

भरतपुर क्षेत्र तरकारी उत्पादनका लागि मात्र नभै बजार र व्यापारको दृष्टिकोणले पनि एक महत्वपूर्ण केन्द्रको रुपमा रहेको छ । लायन्सचोकमा रहेको तरकारी थोक बजार एक मात्र मुख्य तरकारी तथा फलफुल बजार केन्द्र हो । स्थानीय उत्पादन मात्र नभइ विदेश (विशेष गरी भारत) बाट समेत आयात भइ नेपालका विभिन्न क्षेत्रमा व्यापार गरिन्छ । भरतपुर थोक बिक्री केन्द्रबाट दैनिक ६० मे.टन तरकारी चितवन बाहेक अन्य क्षेत्रमा निर्यात हुने गरेको छ । निर्यात हुने क्षेत्रमा मुख्यतयाः काठमाडौं, पोखरा, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी (तम्घास), आदि जिल्लाहरू रहेको छ । व्यापारको लागी भारतबाट पनि दैनिक रुपमा बेमौसमी तरकारीहरू ७०-७५ मे.टन आयात गरिन्छ ।

फलफूलको सन्दर्भमा स्थानीय रुपमा केरा सबैभन्दा बढी उत्पादन हुन जसले भरतपुरको ९५% केराको व्यापार धान्ने गरेको गरेको पाइएको छ । भरतपुरमा दैनिक १२० देखि १८० मे.टन फलफूलको व्यापार हुने गरेको छ ।

### २.४.२ शैक्षिक स्थिति

जिल्ला शिक्षा कार्यालय,स्रोत केन्द्र, लङ्कु भरतपुरबाट हालै प्राप्त जानकारी अनुसार भरतपुर नगरपालिकामा प्रा.वि. देखि उच्च मा.वि. सम्म जम्मा ७३ वटा शैक्षिक संस्थाहरू रहेका छन् । जसमा विद्यार्थीको संख्या ३३,५१३ रहेको छ भने शिक्षकको संख्या जम्मा १,७४४ रहेका छन् । विद्यार्थी शिक्षक अनुपात १९ रहेको छ ।

आंकडालाई अध्ययन गर्दा सरकारी विद्यालयमा छात्र छात्रा अनुपात ०.८९ रहेको छ भने सोही अनुपात निजी विद्यालयमा १.२५ देखिन्छ । त्यस्तै विद्यार्थी शिक्षक अनुपात पनि सरकारी विद्यालयमा २८ छ भने निजी विद्यालयमा १५ छ ।

नगरपालिकाले हालै गरेको सामाजिक सर्वेक्षण अनुसार कूल जनसंख्याको ५ देखि १४ वर्ष उमेर समूहको प्रतिशत २०% रहेको छ । वि.सं. २०६७ सालको प्रक्षेपित जनसंख्या १३३,००० मध्ये विद्यालय जाने उमेर समूहका केटाकेटीको संख्या करिब २७,००० रहेकोमा हाल विभिन्न विद्यालयमा पठन पाठन गरिरहेको मा.वि. स्तरका विद्यार्थी करिब ३२,००० रहेको देखिन्छ ।

### २.४.३ स्वास्थ्य सेवा तथा पूर्वाधार

भरतपुर नगरपालिका स्वास्थ्य सेवाको दृष्टिकोणले काठमाडौं पछिको सुविधासम्पन्न शहरमध्येको एक हो । सरकारी स्तरमा स्थापना भएका भरतपुर अस्पताल र क्यान्सर अस्पताल तथा निजी स्तरबाट खोलिएको भरतपुर तथा चितवन मेडिकल कलेजले सिङ्गो चितवन क्षेत्रमा नै स्वास्थ्य सेवा सुविधा प्रदान गरिरहेका छन् । भरतपुरमा हाल सरकारी अस्पताल ३ वटा, सामुदायीक अस्पताल २ वटा, निजी अस्पताल १६ वटा रहेका छन् ।

सरकारी तवरबाट औलो रोगको रोकथामका लागि चितवन जिल्लामा विभिन्न Preventative तथा Curative सेवाहरू प्रदान हुँदै आइरहेको छ । हालै लामखुट्टेबाट सर्ने औलोभन्दा पनि खतरनाक रोग डेंगुको प्रकोप नेपालका चितवन, नवलपरासी, रुपन्देही, तनहुँ र अन्य केही जिल्लाहरूमा पर्न थालेको छ । २०६७ साल श्रावण पछि हालसम्म चितवन जिल्लामा यस रोगबाट ४०५ जना संक्रमितमध्ये ५० जनाको मृत्यु भएको पाइएको छ ।

### २.४.४ यातायात परिवहन (Mobility)

भरतपुर नेपालको केन्द्रमा भएको र मुख्य राजमार्गहरू यसै क्षेत्रबाट जाने भएको कारण यातायातको दृष्टिले निकै चलायमान देखिन्छ । भरतपुर नगरपालिका भित्रै एक आन्तरीक विमानस्थल रहेको र पाँच भन्दा बढी हवाई कम्पनीहरूले हवाई सेवा प्रदान गर्दै आएका छन् ।

सडक संजाललाई हेर्दा सबैभन्दा बढी व्यस्त सडक पुल्चोकदेखि चौविसकोठीलाई लिईन्छ र मुख्य सडकहरू राजमार्ग खण्ड, बेलचोकदेखि  सहिदचोक हुँदै क्षयरोग चोक खण्ड, पुल्चोकदेखि  पोखरा बसपार्क खण्ड, चौविसकोठीदेखि  टाँडि खण्ड पनि यातायात आवतजावतको दृष्टिले निकै व्यस्त हुने सडक खण्डहरू हुन् ।

नगरमा यातायातलाई व्यवस्थित र सेवामुलक बनाउन हाल नौवटा यातायात व्यवसायी संघहरूले यातायात सेवा प्रदान गर्दै आएका छन् । भरतपुरलाई रुट बनाई चल्ने सवारी साधनहरू असंख्य छन् भने भरतपुर नगर क्षेत्रभित्रमा नै स्टेसन भएका सवारी साधन पनि पर्याप्त छन् । नगरबाट लामोदूरी (जिल्ला बाहिर) चल्ने २६४ वटा, मध्यमदूरीमा (नगरबाट जिल्ला भित्र) चल्ने २७७ र छोटोदूरीमा (स्थानीय रुट) चल्ने ११२ वटा सवारी साधनहरू छन् ।

## २.५. नगरपालिकाको वातावरण तथा सरसफाई सम्बन्धी व्यवस्था

बढ्दो शहरीकरणको कारण फोहरमैलाको जटिल समस्याको पहिचान तथा जनमानसमा परेको बिग्रदो वातावरणको प्रभावलाई जनचेतना जगाई त्यसको निराकरण गर्नुपर्ने तथ्यलाई मध्यनजर राखेर गत २ वर्ष

अघिबाट नगरपालिकामा व्यवस्थितरुपमा वातावरण शाखा भनी अलग्गै औपचारिक संगठनको स्थापना भयो । यस शाखाले फोहरमैला व्यबस्थापन तथा निराकरण सम्वन्धी कार्य मात्र नगरीकन, वातावरण तथा सरसफाई, खानेपानी, वातावरण सम्बन्धी जनचेतना देखी स्वास्थ्य क्षेत्रसंग सम्बन्धित कार्यहरू पनि गर्दै आएको छ । यस शाखामा हाल एक ईन्जिनियर, एक सरसफाई सहायक, एक सामुदायिक संगठनकर्ता र दूई ड्राईभर तथा तेह्रजना स्विपर र कार्यालय सहयोगी गरी हालसम्म सत्रजना कार्यरत रहेका छन् । उक्त शाखाको श्रोतको भनाई अनुसार वातावरण तथा सरसफाई सम्बन्धी कार्यमा वर्षमा लगभग एक करोड पच्चीस लाखको हाराहारीमा रकम खर्च हुने गरेको बताईएको छ ।

### २.५.१ नगरमा फोहरमैला व्यवस्थापन सम्वन्धी प्राविधिक पक्ष

**फोहर उत्पादनः** नगरपालिकाको १४ वटै वडाहरूबाट फोहर उत्पादन हुने भएतापनि वडा नं. १, २, ३, ४ र १० बाट उत्पादन हुने फोहर तथा त्यसको व्यवस्थापन नै मुख्य समस्याको रुपमा रहेको छ । यसको साथै वडा नं. ७, ९, ११, १२ मा पनि नगरपालिकाले फोहरमैला उठाउने तथा त्यसको व्यवस्थापन गर्ने गरेको छ । हाल नगरपालिका वातावरण तथा सरसफाई शाखाको तथ्याङ्क अनुसार दैनिक रुपमा सम्पूर्ण नगरपालिकाबाट २० टन प्रति दिन फोहर उत्पादन हुने र नगरपालिकाले त्यसको व्यवस्थापन गर्ने गरेको छ । जसमध्ये ५०% घरवाट निस्कने फोहर (Household Waste), ३४% व्यापारिक फोहर (Commercial Waste), १% अस्पतालजन्य फोहर (Hospital Waste) र १५ % अन्य फोहर रहेको छ ।

### २.५.२ नगरपालिकाको फोहर संकलन

**संकलन विधिः** नगरका घरहरूबाट निस्किएको फोहर ठेलामा संकलन गरी आ-आफ्नो क्षेत्रको मुख्य संकलन केन्द्रसम्म पुऱ्याउने व्यवस्था गरिएको छ । उक्त संकलन केन्द्रबाट नगरपालिकाको फोहरमैला व्यवस्थापनका कर्मचारीहरूद्वारा ट्र्याक्टरको माध्यमबाट विस्थापन क्षेत्रसम्म पुऱ्याउने गरिएको छ । यसरी संकलन गरिएको फोहरलाई छान्ने र छुट्टयाउने नगरीकन डिस्पोजल साईटमा पुऱ्याई कुनै उपचारको विधि नअपनाई सोझै फालिने गरिएको छ ।

**संकलन केन्द्र र रुटः** नगरका मुख्य पाँच केन्द्रहरू हाकिम चोक, रमाईलो चोक, नारायणी मा.वि. चोक, जुन हल गल्ली र पुल्चोकमा नै हालसम्म फोहर संकलन गरीदै आएको छ ।

**फोहर संकलन गर्नका लागी प्राविधिक श्रोतः** नगरपालिकामा फोहर संकलनका लागि १० जवान कार्यरत छन् । नगरपालिकाले ठोस फोहर संकलन गर्दा स्थानीय ठेकेदारहरूलाई भाडामा लिई उनीहरूद्वारा नै काम गराउँदै आएको छ । हाल जम्मा विसर्जन स्थल सम्म फोहर पुऱ्याउनको लागी ५ वटा ट्र्याक्टरको प्रयोग भएको छ।

**विसर्जन स्थलः** अस्थाईरुपमा केही समय अघिसम्म भरतपुरबाट ११.५ कि.मि. टाढा रहेको रामनगरको जंगलमा विसर्जन गरिनथ्यो भने हाल नगरपालिका वडा नं. ४ नगरवन नजिक नारायणी नदीको किनारमा विसर्जन गर्ने गरिएको छ । यसस्थानमा वरपरका नगरवासीहरूसंग बारम्वार विवाद हुँदै आएको र वस्ती नजिकै भएको कारणले पनि यसका विकल्पहरू तुरुन्तै खोज्नु पर्ने आवश्यकता देखिन्छ । हाल वातावरण शाखाको श्रोतको भनाई अनुसार स्थाई किसिमको विसर्जन स्थानको लागि जुगेडिमा संभावना भएको कुरालाई प्राथमिकता दिंदै I.E.E को अध्ययन पनि भैसकेको जनाएको छ ।

### २.५.३ फोहरमैला व्यवस्थापन सम्बन्धी नगरपालिकाको बजेट तथा आम्दानीका श्रोतहरू

आर्थिक वर्ष २०६३/०६४ मा नगरपालिकाले नगरभित्रका फोहरमैला व्यवस्थापनाका लागी रु. ५० लाख छुट्याएको थियो भने हाल बार्षिक रु १ करोड २५ लाख खर्च हुने गरेको बताइएको छ । नगरपालिकाले फोहरमैला संकलन सुविधाका लागी भनेर सुविधा पुगेका घरधुरीहरूबाट पनि शुल्क उठाउने गरेको छ तर यो खासै प्रभावकारी हुन सकेको छैन ।

### २.५.४ नगरपालिकाको फोहर व्यवस्थापनमा अन्य संघसंस्थाको भुमिका

टोल विकास संस्थाहरूले नगरबासीहरूमा फोहरमैला व्यवस्था सम्बन्धी जनचेतना जगाउने र अन्य कृयाकलापहरूमा समेत प्रत्यक्ष सरोकार राख्ने गरेको छ र विभिन्न किसिमका जनचेतना सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने, तथा फोहर संकलन गर्ने विधि सम्बन्धी तालिम दिने कार्यहरू पनि गर्दछ । नगरका विभिन्न ठाउँहरूबाट प्लाष्टिक तथा अन्य पुनःप्रयोग गर्न सकिने वस्तुहरू संकलन तथा प्रशोधन गरी उपभोग्य सामानहरू उत्पादन गर्न विभिन्न व्यक्तिगत रिसाईकलिङ उद्योगहरू संचालन भएको पनि पाईएको छ । २८ वटाभन्दा बढी कवाडी केन्द्र भरतपुर नगरपालिकाभित्र संचालनमा रहेका छन् , यिनीहरू नगरको फोहर व्यवस्थापनमा मुख्य भुमिका खेल्ने अर्को एक उपयुक्त माध्यम हो । यसका साथै सुंगुरपालन व्यावसायले पनि फोहर व्यवस्थापनलाई सहयोग पुयाएको छ ।

## २.६ नगरपालिका भित्र संचालन भएका कार्यक्रमहरू

### सहरी तथा वातावरणीय सुधार परियोजना ( Urban Environmental Improvement Project, UEIP), सन् २००५-२०१०

काठ्माण्डौंको बढ्दो चापलाई न्यूनिकरण गर्न र नेपालका विभिन्न ठाउँका शहरहरूलाई सुविधायुक्त र आकर्षक बनाउनका लागि एशियाली विकास बैंक र नेपाल सरकारले संयुक्त रुपमा वातावरणीय सुधार तथा अन्य भौतिक पूर्वाधारहरूको निर्माण कार्य हालै सम्पन्न भएको छ । सम्पन्न भएका योजना तथा कार्यक्रम निम्न बमोजिम छन् :

(क) नगरपालिकाको संस्थागत विकास र राजस्व परिचालन ।

(ख) खानेपानी, वर्षेपानी तथा फोहर पानीको ढल, ढलबाट आउने फोहर पानी प्रशोधन, डिल संरक्षण, जग्गा विकास कार्यक्रम जस्ता मुख्य सहरी तथा वातावरणीय पूर्वाधारको विकास ।

(ग) बसपार्क, सार्वजनिक शौचालय, तरकारी बजार, बधशाला, खेलकुद मैदान, मनोरञ्जन पार्क, सडक डिभाईडर, चोक सुधार जस्ता सहायक सहरी सुविधाहरूको विकास ।

(घ) सामुदायिक विकास, विभिन्न जनस्वास्थ्य सम्वन्धि चेतनामुलक कार्यक्रम, सरसफाई सम्वन्धी विभिन्न कार्यक्रम

(ङ) परियोजना कार्यान्वायनमा सहयोग ।

## २.७ नगरपालिकाको संस्थागत क्षमता

२०३५ सालमा तत्कालिन विभिन्न गा.वि.स.हरूबाट नगरपालिकाको रुपमा रुपान्तरित हुँदा प्रशासनिक एवं संगठित रुपमा निकै चुनौतीहरू रहे तापनि नगरवासीहरूलाई चुस्त, छिटो छरितो सेवा सुविधा प्रदान गरी सुशासनको धारणा अनुरुपको प्रशासन बन्नलाई एवं संस्थागत क्षमता सुदृढ पार्दै लानमा नगरपालिकाले निरन्तरता दिएको पाइन्छ । जनशक्तिलाई दक्ष गराउँदै अझ उत्तरदायी बनाउँदै लाने प्रयासलाई निरन्तरता दिएको पाईन्छ ।

(क) स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ को भावना अनुरुप स्थानीय सरकारको हैसियतले पारित गरी लागू गरिएको छ ।

(ख) जनप्रतिनिधि, कर्मचारी, संघ संस्था वा शैक्षिक प्रतिष्ठानका प्रतिनिधि एवं सर्वसाधारणलाई समेत तालिम तथा अनुशिक्षण कार्यक्रम संचालन गरी तिनको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई बढावा दिईएको छ तापनि प्रशिक्षण एवं जीवनोपयोगी सीपमा अद्यावधिक पार्दै लाने आवश्यकता अहिले पनि रहिरहन्छ नै ।

(ग) कर्मचारी व्यवस्थापनको सिद्धान्त अनुरुप आवश्यक दरवन्दी सृजना गरी स्थानीय स्वायत्त शासन ऐन र नियमावली बमोजिम पूर्ति भएको छ ।

(घ) अध्यावधिक सूचना प्रणाली संचालनार्थ सूचना केन्द्रको स्थापना र संचालन भएको छ ।

### २.७.१ नगरपालिकाको संगठनात्मक ढाँचाको विश्लेषण

कुनैपनि संस्थाको काम गर्ने तौर तरिका र कार्य विधि त्यस संस्थाको संगठन स्वरुपमा धेरै निर्भर रहेको हुन्छ । यसरी संगठन स्वरुप नै संस्थाको आधारशिलाको रुपमा रहेको हुन्छ । वस्तुस्थिति अध्ययनको क्रममा भरतपुर नगरपालिकाको संगठन स्वरुपबारे चर्चा गर्नु वान्छनीय हुन्छ । भरतपुर नगरपालिकाको कार्य पद्दति कार्यविधि तथा शाखा/फाँटहरूको अध्ययन विश्लेषणबाट न.पा.को संगठन स्वरुप निम्नानुसार देखिन्छ ।

(क) कार्यालयको दैनिक प्रशासनलाई सरल, सहज र चुस्त, दुरुस्त तथा पारदर्शी बनाउन ५ वटा शाखा र १३ वटा फाँट तथा इकाईको स्थापना भएको देखिन्छ भने व्यवस्थित संगठन तालिका, कार्यविभाजन अनुसार दैनिक प्रशासनिक कार्य संचालन गर्ने गराउने व्यवस्था गरिएको छ ।

(ख) भरतपुर नगरपालिका कार्यालयमा १०६ जना स्थायी (नगरपालिका श्रोत) एवं १ जना (नेपाल सरकार तर्फ, स्थानीय विकास मन्त्रालय) र अस्थाई करार (नगरपालिका श्रोत)मा १३ जना तथा दैनिक ज्यालादारी (नगरपालिका श्रोत)मा १८ जना गरी जम्मा १३८ जना कार्यरत रहेका छन् ।

यस नगरपालिकाको संगठन अनुसार सबै शाखा/फाँटवारी निर्णय गर्ने व्यक्तिको प्रत्यक्ष निरीक्षण तथा सुपरिवेक्षणमा रहेको हुँदा कार्यकारी अधिकृतको शाखा, फाँटहरूमा आवश्यक नियन्त्रण रहेको देखिदैन ।

### २.७.३. नगर भित्रिने र बाहिरिने रकम, आर्थिक श्रोतहरू

नगरपालिकामा वार्षिक रुपमा आय रु. २३६२.८८ लाख (आ.ब. २०६५। ०६६) हुने गरेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ९२% वृद्धि भएका थियो । जसमध्ये रु. १३०९.९३ लाख (आ.ब. २०६५। ०६६) आय आन्तरिक श्रोत तर्फको थियो । जुन अघिल्लो अर्थिक वर्षको तुलनामा ८४% वृद्धि भएको थियो । आन्तरीक श्रोतमा स्थानीय कर, सेवा शुल्क, दस्तुर, विक्रि, श्रोत परिचालन तथा अन्य पर्दछन् । आ.ब. ०६२/०६३ को तुलनामा आ.ब. ०६३/०६४ मा २१% ले आय वृद्धि भएको थियो भने आ.ब. ०६३/०६४ को तुलनामा आ.ब. ०६४/०६५ मा २०% ले वृद्धि भएको थियो ।

यसै गरी व्यय तर्फ वार्षिक रु. २१४४.२ लाख (आ.ब. २०६५। ०६६) हुने गरेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ६२ प्रतिशत वृद्धि भएको थियो । आ.ब. ०६२/०६३ को तुलनामा आ.ब. ०६३/०६४ मा ३१% ले खर्च वृद्धि भएको थियो भने आ.ब. ०६३/०६४ को तुलनामा आ.ब. ०६४/०६५ मा ३८% ले वृद्धि भएको थियो ।

### २.७.४ मानवीय संसाधन विकास स्थिति

कर्मचारीको वृत्तिविकासको लागि आवश्यक सांगठनिक संरचना विकास आवश्यकता बमोजिम दरवन्दी श्रृजना तथा मिलान, पदपूर्ति बढुवा, दण्ड, पुरस्कार तथा अन्य आवश्यक तालिम दिने जस्ता कार्यलाई अगाडि बढाएको छ ।

- गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गत देहाय अनुसारका कार्यक्रम संचालन गरिएका छन् । सहभागितात्मक नगर विकास योजनाको पूर्वाधारलाई प्रभावकारी बनाउन सम्पूर्ण वडाहरूमा टोल विकास संस्था गठन गरिएका छन् ।

  (१) सामाजिक पूँजी निर्माण अन्तर्गत वडा भेला, टोलविकास संस्थाहरूको बैठक संघसंस्थासंग बैठक गरी समन्वय एवं साझेदारी गरिने गर्दछ ।

  (२) टोल विकास संस्थाहरूको संस्थागत विकासका लागि एवं शसक्तीकरणका लागि कार्य गरिन्छ ।

(३) एक अर्को टोलविकास समितिको अन्तरसम्वन्धी सहयोग जस्तै बीउ पूँजी सहयोग गर्ने गर्दछ ।

(४) उद्यमी समूहलाई ऋण सहयोग प्रदान गरिन्छ ।

(५) एच.आई.भि. ⁄ एड्स न्यूनीकरणका लागि विविध सचेतिकरण कार्यक्रमहरू संचालन गर्ने, एच.आई.भि संक्रमित व्यक्तिहरूलाई व्यवसाय संचालन गर्न ऋण सहयोग गर्ने तथा सार्वजनिक निजी साझेदारी (PPP) कार्यक्रमको चेतनामुखी अभिमुखीकरण गर्ने कार्यहरू गरींदै आएको छ ।

(७) गाउँ नगर अन्तर सम्वन्धलाई दरिलो बनाउँदै आर्थिक विकासका लागि कृषि विकास, बचत तथा परिचालन, उद्यम व्यवस्थापन, सहभागितात्मक नगरविकास योजना तर्जुमा प्रकृया सम्वन्धी तालिम तथा गोष्ठी समय समयमा संचालन गरीदै आएका छन् ।

(११) सार्वजनिक नीति साझेदारी कार्यक्रम संचालनार्थ स्थानीय निकायको नीति, २०६० ले साझेदारीको स्वरुप, कार्यनीति, सम्पत्ति अधिकार, संरक्षण तथा करार हस्तान्तरण सम्वन्धी व्यवस्था, विवाद समाधान र निर्देशिका कार्यान्वय कार्यविधि तयार भै सकेकोले कार्यक्रम संचालनमा निकै सहयोग भएको छ ।

मानव संसाधन विकासतर्फ निम्न प्रगति भएको देखिन्छ :

- सीप विकास तालिम - ७७९ जना
- नेतृत्व विकास तालिम - ५६५ जना
- बचत तथा ऋण लगानी तालिम - ८९६ जना
- उद्यम व्यबस्थापन तालिम - ४५९ जना
- फोहर व्यवस्थापन तालिम - १७० जना
- मानव संसाधन विकास तालिम - २७९ जना
- सहभागितात्मक नगर विकास योजना⁄ सहभागितात्मक गाउँ विकास योजना तालिम - २४२ जना
- ई-गभर्नेन्स⁄ वि. टु वि. ई. कमर्स तालिम - ३१७ जना
- ग्रामीण श्रम सम्बन्ध (Rural Labour Linkage) - २० जना

### २.७.५ प्राविधिक क्षमता विश्लेषण

नगरपालिका स्थापना हुँदाको अवस्थामा नगन्य मात्र भौतिक सम्पत्ति हस्तान्तरण भएतापनि हाल आएर भौतिक सम्पत्तिको हकमा परिमाणात्मक रुपमा उल्लेखनीय उपलब्धिहरू भएको देखिन्छ । साधन तथा प्रबिधिको हकमा नगरपालिकाको चल सम्पत्तिको रुपमा लोडर -१, ग्रेडर -१, रोलर -१, ब्याकहो लोडर - १, दमकल - १, पानी टेंकर -१, ट्रेक्टर -२, जिप (पजेरो) -१, मोटरसाईकल -१०, र कम्प्यूटर -२७ वटा रहेको छन् । यसका साथै सहरी वातावरणीय सुधार आयोजनाबाट हालै हस्तान्तरण भई आएका ढल सरसफाई सम्बन्धी जेट मेशीन, सेप्टिक टैंक सफाई मेशीन, ट्रेक्टर, जीप, कार तथा मोटरसाइकल छन् ।

भरतपुरका १४ वटै वडाहरूमा वडा समितिको कार्यालय भवनहरू छन् जसमा कतिपय कार्यालयहरू जग्गाको पूर्जा नभएको कारण पूर्णतया नगरपालिकाको स्वामित्वमा रहेका छैनन् । नगरपालिकाको आफ्नो स्वामित्वमा रहेको र भोग गर्दै आएको अचल सम्पत्ति (जग्गा तथा संरचना) हरूको हकमा, १७ वटा आर.सी.सी. भवन ( वडा समिति कार्यालय भवन तथा अन्य), खानेपानी टेंक (२ अण्डर ग्राउण्ड, १ ओभरहेड), तरकारी बजारको जस्ता पाईप सेड ३, केन्द्रीय बसपार्क भवन १ तथा १० विगाहा २ धुर जग्गा रहेको छ । यसको अलावा अन्दाजी ५० विगाहा क्षेत्रफल भएको नगरवन क्षेत्र पनि नगरपालिकाकै स्वामित्वमा रहेको छ ।

# परिच्छेद - ३ : वडागत समस्याहरू

आवधिक योजना तर्जुमा टोलीले मिति कार्तिक १२ गतेदेखि १६ गतेसम्म नगरका १४ वटा वडामा वडा भेला सम्पन्न गरी वडाका विद्यमान समस्याहरू तथा संभावनाको खोजी गरेको थियो । वडा भेलाबाट प्राप्त समस्या संभावना तथा सुझाव संक्षेपमा तलको तालिकामा प्रस्तुत गरिएको छ । जसको विस्तृत विवरण **अनुसूची-३.१** मा दिइएको छ ।

| | |
|---|---|
| **वडा नं. १** | |
| समस्या | • व्यवस्थित ढल निकासको अभाव । |
| संभावना | • ठिमुरा, देवघाट हुँदै लिलाचोकसम्म जल मार्गको व्यवस्थापन र संचालन गरी आन्तरिक पर्यटन प्रबर्द्धन हुने । |
| सुझाव | • वागेश्वरी क्षेत्र ऐतिहासिक स्थल भएकोले यसको विकासका लागि गुरु योजना तयार गर्नु पर्ने ।<br>• रामनगर गाउँभित्रको आवादी र जंगल छुट्याई सडक निर्माण गरी जंगल क्षेत्र सुरक्षित गर्ने ।<br>• देवघाट क्षेत्रलाई व्यवस्थित गर्ने, त्यहाँ दाहसंस्कारका लागि उचित व्यवस्थापन गर्ने र विद्युतको व्यवस्था गर्ने र शवदाहगृह निर्माण गर्ने । |
| **वडा नं. २** | |
| समस्या | • बर्षातको समयमा आउने बाढीको कारण डुबानको समस्या |
| संभावना | • वडा क्षेत्रको ऐलानी जग्गाको पहिचान गरी सो क्षेत्रमा हरित क्षेत्र एवं चिल्ड्रेन पार्क निर्माण गर्ने सकिने । |
| सुझाव | • पुरै वडाभर ढलनिकासको ठूलो समस्या छ । बढ्दो जनघनत्वलाई आधार मानेर वडाको सम्पूर्ण क्षेत्रलाई समेट्ने गरी वैज्ञानिक ढलनिकास योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने ।<br>• देवती टोल, क्षेत्रपुरमा अत्यधिक जग्गा मिचि घर, कम्पाउण्ड बनाएकोले बाढीको खतरा रहन्छ । तसर्थ खोलालाई आफ्नो मार्गमा वग्न दिन अतिक्रमित जग्गा फिर्ता गर्न कडा कारवाही गरिनु पर्ने ।<br>• पुल्चोक, लायन्स चोक र सहिद चोकमा मानिस हिड्ने ओभरहेड बृज वा सव वे निर्माण गरिनु पर्ने । |
| **वडा नं. ३** | |
| समस्या | • प्रमुख राजमार्ग भएकोले ट्राफिकको सबभन्दा ठूलो समस्या । इजाजतभन्दा बढी भार बोक्ने साधन गुड्नाले सडकमा असर ।<br>• पुरै नगरक्षेत्रभित्र खानेपानी र ढलनिकासको सुदृढीकरण र व्यवस्था गर्नु पर्ने । |
| संभावना | • नारायणी किनारलाई व्यवस्थित गरी आकर्षक पार्कको व्यवस्था गर्नु पर्ने साथै पुलदेखि माथि भूव्यवस्था गरी आकर्षक पार्क, खेलमैदान बनाउने र नदी किनारमा वृक्षारोपण गरी तटीय सुरक्षाका साथ आयआर्जन हुने कार्यक्रम गर्न सकिने । |
| सुझाव | • फोहर मैला व्यवस्थापन ठेक्कामा दिने प्रचलनबाट उचित सरसफाई दिन नसकेको, प्रभावकारी अनुगमनको व्यवस्था हुनुपर्ने ।<br>• पैदलमार्गमा नगरपालिकाले नै शुल्क लिई पसल संचालन गर्न दिएको र पैदलयात्रीलाई हिड्नमा असुविधा भएको हुँदा यस्ता पसलहरू हटाउने र सडकमा राखिने सामानहरू समेत हटाउने । |
| **वडा नं.४** | |
| समस्या | • पुंगीखोला (लंकुखोला) किनारमा तटवन्ध गरिनु पर्ने, नारायणी पुलदेखि वडा नं. ४ को |

| | |
|---|---|
| | सिमाना पुरै तटबन्ध गर्नु पर्ने ।<br>• वडाभित्रको सडकहरूको सुधार र पीच हुनु पर्ने र ढलनिकासको राम्रो प्रबन्ध हुनुपर्ने तथा अण्डरग्राउण्ड ढलको व्यवस्था गरिनुपर्ने । |
| संभावना | • नगर वनको सिमांकन गर्ने, नगर वनलाई व्यवस्थित तरिकाले विकास गरी पर्यटकीय तथा पिकनिक क्षेत्रको रुपमा रुपान्तरण गरी संचालन गर्ने, नारायणी नदीलाई व्यवस्थापन गरी पर्यटकीय सम्भावनाको खोजी गरी आर्थिक स्रोतको पहिचान गर्ने र नदी किनारको भागलाई हरित पार्क बनाउने । |
| सुझाव | • नगरक्षेत्रमा रहेका ऐलानी जग्गाहरूको एकीन गरी सो क्षेत्रलाई उचित व्यवस्थापन गरी सामुदायिक हितमा प्रयोग गरिनुपर्ने ।<br>• यस टोलभित्रको पशु वधशाला अन्यत्र व्यवस्था गरी सार्नुपर्ने र सुरक्षार्थ टोलमा प्रहरी विट आवश्यक भएकोले सो को व्यवस्था हुनु पर्ने |
| **वडा नं.५** | |
| समस्या | • खानेपानी, ढलनिकास, सडक, सडक बत्तीको समस्या । |
| संभावना | • बसोबासको उपयुक्त थलोको रुपमा विकास गर्न सकिने । |
| सुझाव | • कृषकहरूलाई प्रोत्साहन दिन सिंचाई नभएका ठाउँमा सिंचाईको सुविधा प्रदान गर्ने र सिंचाई सुविधा नभएका क्षेत्रमा अनुदानमा पानी तान्ने पम्प प्रदान गर्ने र खुला दिशा मुक्त क्षेत्रलाई कायम गराई राख्न नियमित निरीक्षण, अवलोकन गरी शौचालय निर्माण एवं जनचेतनाका लागि कार्यक्रम निरन्तर जारी राख्ने व्यवस्था गर्नु पर्ने ।<br>• पुंगीखोलामा मिसाइने ढलको उचित व्यवस्थापन गरेर उक्त खोलालाई सफा र स्वच्छ बनाउनु पर्ने । नगर वन वरपरका तलतलैयामा विषादीको प्रयोगद्वारा माछा मार्ने कामलाई निरुत्साहित गरिनुपर्ने । टोल विकास समितिको अगुवाइमा फोहर व्यवस्थापन गर्ने र गर्न लगाउने नीति तयार गरी कडाइका साथ पालन गर्न लगाउने । |
| **वडा नं.६** | |
| समस्या | • सडक मर्मत, ढलको समस्या, सिंचाई र विद्युतको भोल्टेज कम भएकोले सो सुदृढ गर्नुपर्ने । |
| संभावना | • बसोबासको उपयुक्त थलोको रुपमा विकास गर्न सकिने । |
| सुझाव | • वडा न. ६ को विशालचोकदेखि जगन्नाथ चोकसम्मको दक्षिणी भेग १३ नं. वडासम्मको क्षेत्र खेतीयोग्य भएको र डिप बोरिङ्ग सफल हुने भएकोले त्यस ठाउँमा २ डिप बोरिङ्ग को व्यवस्था गर्ने ।<br>• विकास निर्माणसंग सम्बन्धीत प्रत्येक निकायहरू सडक, टेलिफोन, खानेपानी, विद्युत, ढल निकासहरूसंग समन्वय गरी विकास निर्माणको कार्य गर्ने ।<br>• नगर चक्रपथको अवधारणालाई व्यापक रुपमा उठाउने र नगरबसको सन्चालन गराउने । |
| **वडा नं.७** | |
| समस्या | • सडकको मर्मत सुधार, विस्तार । खानेपानी, कुलो, ढलको अव्यवस्था, विद्युत तथा टेलिफोन लाइनको सुधार एवं विस्तार । |
| संभावना | • बसोबासको उपयुक्त थलोको रुपमा विकास गर्न सकिने । |
| सुझाव | • भ.न.पा.- ७ का सबै ठाउँमा विद्युतीय भोल्टेज सुधार गर्नुपर्ने र बाटोमा फोहोर फाल्ने डष्टविनको व्यवस्था गर्नु पर्ने ।<br>• विभिन्न स्थानमा मुआवजा वितरण भइसकेको नहरका जग्गाहरू हाल अतिक्रमण गरी भौतिक संरचना निर्माण भइरहेकोले सो रोकी त्यस्ता जग्गा लगायत नगरपालिका अन्तर्गतका अन्य सार्वजनिक जग्गाहरू एकीन गरी संरक्षण गर्नुपर्ने ।<br>• कृष्णपुरभित्र पार्क स्थापना गर्ने । |
| **वडा नं.८** | |

## परिच्छेद – ३
## वडागत समस्याहरू

| | |
|---|---|
| समस्या | • वडा नं. ८ को आधुनिक एवं सुविधायुक्त वडा कार्यालयको अभावले कार्य संचालनमा समस्या । |
| संभावना | • विश्व सम्पदा सुचीमा सुचीकृत राष्ट्रिय निकुञ्जसंगै जोडिएको बीसहजारी तालको संरक्षण र सम्बर्धन गरी पर्याप्त पर्यटन प्रबर्द्धन गराउनुतर्फ आवश्यक कदम चाल्नु पर्ने । विश्व सिमसार क्षेत्रको रुपमा रहेको बीसहजारी ताल निकुञ्जसंगै रहेको र नजिकै रहेको कृत्रिम रातमाटे तालबाट गैंडा, बाघ देख्न सकिने सथौ निउरे ताल, वेदघारी ताल र दरइ संस्कृतिको थलो गौरीगन्ज पनि रहेको हुँदा पर्यावरणीय पर्यटनको वातावरण समेत यस क्षेत्रमा भएकोले राष्ट्रिय निकुन्ज, गौरीगन्ज, मेघौली, कुरिनटार (केबलकार) सम्मको वृहत पर्यटकीय क्षेत्रको विकास गरी राष्ट्रको तेस्रो पर्यटकीय क्षेत्र बन्न सम्भावना यसले बोकेको छ साथै औद्योगिक क्षेत्रको रुपमा व्यवस्थित हुने प्रशस्त संभावना भएकोले क्षेत्र किटान गरी औद्योगिक विकास गर्न आवश्यक पहल गर्नु पर्ने । |
| सुझाव | • वडालाई समेट्ने गरी चक्रपथको निर्माण हुनुपर्ने ।<br>• यस वडा विकासको क्रममा रहेको हुँदा यहाँ आवास क्षेत्र, औद्योगिक क्षेत्र, पर्यटकीय क्षेत्र जस्ता क्षेत्रहरूको पहिचान गरी व्यवस्थित ढंगले विकास गर्नुपर्ने ।<br>• वडालाई रिङ्गरोडको माध्यमबाट जंगल क्षेत्रबाट अलग बनाई जंगल अतिक्रमण रोक्नुपर्ने र वडाको पश्चिमपट्टीको क्षेत्रमा होमस्टेको अवधारणा ल्याई पर्यटनको प्रवर्द्धन हुनुपर्ने ।<br>• वडामा रहेको उर्वरभूमिको खण्डीकरणमा रोक लगाउनु पर्ने र वडामा सभा भवन र खेलमैदानको व्यवस्था हुनुपर्ने । |
| **वडा नं.९** | |
| समस्या | • भरतपुर विमानस्थल र सैनिक व्यारेक नगरको बीचमा अवस्थित हुनाले ध्वनि प्रदूषण भएको हुँदा यी दुई संरचनालाई अन्य क्षेत्रमा सार्नु पर्ने र खाली हुने स्थानमा विशेष आर्थिक क्षेत्र वा पर्यटकीय क्षेत्रको रुपमा रुपान्तरण गरिनु पर्ने । |
| संभावना | • भरतपुर नगरपालिका, मेडिकल शिक्षा, कृषि शिक्षा, कृषि उद्योग, पर्यटन उद्योग र वाणिज्य केन्द्रको संभावना बोकेको नगर भएको हुँदा नगरपालिकाको दीर्घकालीनसोच अनुसारको शहर बन्न कुनै कठिनाई छैन बरु यसका लागि उपरोक्त सवै पक्ष समेटिने गरी दीर्घकालीननीति निर्माण गरी सबै नगरवासी, सरकार, संघसंस्थाको सहयोगमा कार्यान्वयन गर्ने दृढ संकल्प हुनु नितान्त जरुरी छ । |
| सुझाव | • वडा नं. ९ को आधुनिक एवं सुविधायुक्त वडा कार्यालय निर्माण हुनु आवश्यक छ ।<br>• समय समयमा उत्प्रेरक तालिम, गोष्ठी, सेमिनार, अन्तरकृया जस्ता कार्यक्रम गरी नगरवासीलाई उद्यमी बनाउन प्रेरित गर्नु पर्ने ।<br>• सहरी क्षेत्र विस्तार गर्दा राजमार्ग, सडक, ढलनिकास, सतह ढल, विद्युतीकरण, टेलिफोन वितरण आदि सवै कुरामा दूरगामी दृष्टिकोण राखी योजना बनाउने व्यवस्था गरिनु पर्दछ । |
| **वडा नं.१०** | |
| समस्या | • खानेपानी तथा सतह ढलको मूख्य समस्या ।<br>• ट्राफिकको समस्या । |
| संभावना | • यस वडाभित्र रहेको वालमन्दिरको जग्गामा चिल्ड्रेन पार्क निर्माण गरी आय आर्जन गर्न सकिने सम्भावना । |
| **वडा नं.११** | |
| संभावना | • गणेशस्थान, जखडीमाई तथा कमलादिदी मन्दिर गुम्बा क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नु पर्ने ।<br>• पर्यटन विकासको लागि नवजाग्रिती सामुदायिक वन उपभोक्ता समूहले सुरुआत गरेका र तालहरूलाई व्यवस्थित रुपमा निर्माण सम्पन्न भए पर्यटनको सम्भावना । |

| | |
|---|---|
| सुझाव | • वडाको नक्सामा नौरङ्गे टोल नदेखाइएकोले सो देखाउनुपर्ने । <br>• Land Pooling को अवधारणा अन्तर्गत बाटो निर्माण वा फराकिलो पार्ने सन्दर्भमा कतिपय व्यक्तिको जग्गा पुरै हराउने र निजले प्रचलित कानूनको प्रयोग गरी आफ्नो जग्गा सुरक्षित गर्दा योजनाले तय गरेको नक्साङ्कन, सीमाङ्कन गर्न साह्रै जटिल हुन गई योजना अनुसार काम नहुने भएकोले यस्ता समस्यालाई पनि ख्याल गरी त्यस्तो अवस्था नआउने गरी कार्य गर्नुपर्ने । |
| **वडा नं.१२** | |
| समस्या | • स्यानेटरी ल्याण्डफिल साइटको अभाव रहेकोले सो को व्यवस्था गर्नु पर्ने र सकभर फोहोरको व्यवस्थापन सम्बन्धमा रि-साइक्लिङ्ग प्लाण्टको व्यवस्था गर्नुपर्ने । <br>• वर्षे भलको निकासको व्यवस्था गर्न केरुङ्गा नहरमा पुग्ने गरी र वाइपासबाट पुङ्गीखोलामा ढल निकासको कार्ययोजना बनाउनुपर्ने । <br>• केरुङ्गा घोलको समस्या |
| संभावना | • पर्यटकीय सम्भावना प्रचुर रहेको धनगाडा मन्दिर क्षेत्रको संरक्षण सम्बर्द्धन र सो स्थान देखि राइनो ताल, बीसहजारी ताल हुँदै सौराहा जोडने पर्यटकीय पथ निर्माण गरी पर्यटन विकास गर्नुपर्ने |
| सुझाव | • ऐलानी जमिनहरूको संरक्षण गर्नुपर्ने, सार्वजनिक जग्गा नभएको वडाहरूमा जग्गा खरिद गरेर भए पनि हरित क्षेत्र, पार्क, खेलकुद मैदान, फुटवल, भलिवल मैदान, पार्किङ्ग स्थल बनाउनुपर्ने । रामवेल सामुदायिक वन क्षेत्रमा रहेको सार्वजनिक मैदानलाई फुटवल मैदानको रुपमा विकसित गर्नुपर्ने । <br>• वडाभित्र रहेका सामुदायिक वन, तालतलैयाहरूको संरक्षणमा विशेष ध्यान पुऱ्याउनुपर्ने । |
| **वडा नं.१३** | |
| समस्या | • खानेपानी, सिंचाई, सडकको समस्या । <br>• वडाको सबभन्दा ठूलो समस्या भनेको वर्षातको समयमा आउने भल भएकोले यसको दीर्घकालीननिकासको लागि आवश्यक कार्य गर्नुपर्ने |
| संभावना | • कृषि तथा कृषि उद्योगको प्रचुर संभावना । |
| सुझाव | • कृषि सिंचाईका लागि वोरिङ्ग वैकल्पिक व्यवस्था हुने हुनाले अति सुख्खाग्रस्त क्षेत्रमा उपयुक्त स्थानको पहिचान गरी भूमिगत बोरिङ्गको पानी वितरण व्यवस्था मिलाउने <br>• सहरी क्षेत्रको नहरबाट फोहोर ढल नै बगेर आउन तथा Cancer Hospital को Wastage पनि नहरमा आउनाले संक्रामक रोगहरू व्यापक रुपमा फैलने भएकोले नहरमा मिसिने त्यस्ता फोहोरहरूलाई स्रोतमै व्यवस्थापन गर्ने गराउने । |
| **वडा नं.१४** | |
| समस्या | • खानेपानी, सिंचाई, सडकको समस्या । <br>• वर्षे भल <br>• अव्यवस्थित घडेरीको विकास |
| संभावना | • १८ कट्ठा क्षेत्रफल रहेको कमलपोखरीलाई सीमसारको रुपमा विकास गरी पार्कको निर्माण गर्नु पर्ने । यस क्षेत्रमा प्राविधिक रुपमा संभव भए पौडी पोखरी निर्माण गर्न सके स्थानीयवासीको आयआर्जनमा सकारात्मक प्रभाव पर्ने । |
| सुझाव | • नहरको छेउछाउमा रहेको सिंचाईले मुआव्जा दिई अधिग्रहण गरिसकेको जमिन अतिक्रमण गरी अति गरीब तथा विपन्न जनताहरू बसोबास गरिरहेका छन् । यस्ता जग्गाको स्रेस्ता खडा गरी सदुपयोग गरिनुपर्दछ । <br>• वडा र गा.वि.स. को साँध सिमानामा सडक बन्ने सम्भावना समन्वयको अभावका कारण अत्यन्त न्यून छ । यसका लागि आपसमा समन्वय गरी कार्य गर्ने नीति बनाइनु पर्ने । |

# परिच्छेद - ४ : नगरको दीर्घकालीन सोच

## ४.१ दीर्घकालीन सोच तर्जुमा कार्यशाला गोष्ठी

दीर्घकालीन सोच तर्जुमा गर्न समन्वय समितिका पदाधिकारी तथा अन्य सरोकारवालाहरू समेत सहभागी गराई मिति असोज १८, २०६७ मा एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीको पहिलो सत्रमा परामर्शदाताबाट आवधिक योजना किन आवश्यक छ, कसरी तयार पारिन्छ र यसभित्र के के कुराहरू हुन्छन् भन्ने बारेमा विस्तृत छलफल गर्दै अन्य नगरपालिकाले अंगीकार गरेको दीर्घकालीन सोच के कस्ता छन् ? भन्ने बारेमा प्रस्तुति गरीयो । गोष्ठीको दोस्रो सत्रमा भरतपुर नगरपालिकाको दीर्घकालीन सोच के राख्दा उपयुक्त होला भनी व्यापक छलफल गरीयो । सम्पूर्ण सहभागीहरूलाई मेटाकार्ड उपलव्ध गराई आफ्नो सोच छोटकरीमा लेख्नका लागि अनुरोध गरीयो । प्राप्त सोचको अग्रणी विषय तथा सोच राख्नुपर्ने कारण निम्न दर्शाइएका थिए ।

| क्रसं. | सोचको अग्रणी विषय संभावना | सोच राख्नु पर्ने कारण |
|---|---|---|
| १. | पर्यटकीय शहर (Tourism City) | चितवन जिल्लामा नेपालकै प्रमुख आरक्ष वन रहेको र सो स्थान विदेशी पर्यटकको काठमाडौं, पोखरा पछि तेस्रो गन्तव्यको रुपमा रहेको । साथै स्वदेशी पर्यटकहरूको पनि प्रशस्त आवागन हुने गरेको । नारायणी नदीमा जल पर्यटन विकास हुन सक्ने प्रबल सम्भावना रहेको । त्यस्तै देवघाट धार्मिक पर्यटनको लागि प्रख्यात रहेको । पर्यटनको विकासबाट भरतपुर नगरले प्रचुर फाइदा लिन सक्ने देखिएको । |
| २. | मेडिकल शहर (Medical City) | भरतपुर नगरमा विगत १५ वर्षदेखि स्वास्थ्य सेवा प्रदायक अस्पताल, कलेज, नर्सिङ्ग होमहरू प्रशस्त खुल्न थालेका । क्यान्सर अस्पताल नेपालकै क्यान्सर अस्पताहरूमध्ये सबैभन्दा बढी सुविधा सम्पन्न रहेको । भरतपुर मेडिकल कलेज, चितवन मेडिकल कलेज आदिमा स्वदेशी मात्र नभई विदशी विद्यार्थीहरू पनि पढ्न थालेका । काठमाडौं नजिक, तुलनात्मक रुपमा सस्तो जग्गा, यातायातको सुविधा, सहरी पूर्वाधारको सुविधाजस्ता कारणले पनि यस क्षेत्रमा लगानी गर्न निजी क्षेत्र उत्साहित भएको । खुलेका अस्पतालहरू भरतपुरनगर र वरिपरिका बासिन्दालाई मात्र लक्षित नभई नेपाल तथा सीमापारिका विरामीलाई पनि सेवा दिन स्थापना गरिएको हुँदा भविष्यमा थप अस्पताल तथा कलेज बन्न सक्ने र भरतपुर नगर भारतको भेलोरजस्तो हुन सक्ने सम्भावना । |
| ३. | कृषि शहर (Agricultural City) | चितवन जिल्ला देशकै खाद्यान्न आपूर्तिको मुख्य केन्द्र हो । यस जिल्ला उर्वर भूमि, सिंचाईको सुविधाले गर्दा खाद्यान्न उत्पादनमा अगाडि रहँदै आएको छ । भरतपुरको केही वडाहरूका वासिन्दा अझै कृषिमा आधारित छन् । सबै कृषियोग्य जमीन घडेरीमा परिणत हुने हो भने केही समयमा खाद्यान्न संकट नआउला भन्न सकिन्न । खेतीयोग्य जमीन जोगाउनतर्फ ध्यान जानु जरुरी छ । साथै देशकै पुरानोमध्येको रामपुर कृषि क्याम्पसको कारणले पनि यसलाई कृषि शहर बन्न प्रेरित गर्दछ । |
| ४. | व्यापारिक शहर (Commercial City) | पूर्व-पश्चिम राजमार्ग र उत्तर काठमाडौं जोड्ने राजमार्गको संगममा रहेको यस शहरबाट नेपालको कुनै पनि शहरमा सहजै आवागमन गर्न सकिन्छ । साथै करीब मध्यभागमा अवस्थित भएकोले पनि अन्यत्र जान कम दूरी पर्दछ । भरतपुरले नगरपालिका भित्र मात्र नभई रत्ननगर नगरपालिका, नवलपरासी, तनहुँ, मकवानपुर जिल्लाका बासिन्दालाई |

**परिच्छेद – ४**
**नगरको दीर्घकालीन सोच**

| क्रसं. | सोचको अग्रणी विषय संभावना | सोच राख्नु पर्ने कारण |
|---|---|---|
| | | पनि सेवा सुविधा पुऱ्याइरहेको छ । द्रुतगतिमा खुलेका बैंक, अफिस, व्यापारिक केन्द्रहरू आदिले गर्दा भविष्यमा भरतपुर शहर एउटा प्रमुख व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने भएकोले यसैमा केन्द्रित रहेर योजनाहरू ल्याउनुपर्छ । |
| ५. | शैक्षिक शहर (Educational City) | भरतपुरमा मेडिकल मात्र नभई ईन्जिनियरिङ्ग तथा अन्य गैर मेडिकल कलेजहरू पनि प्रशस्त खुलेका छन् । त्यस्तै यहांका वासिन्दाहरू अन्य शहरको तुलनामा बढी पढेलेखेका भएका कारणले पनि यहांका शिक्षक तथा विद्यालयहरूले अनय स्थानका विद्यार्थीहरू आकर्षण गर्न सक्ने क्षमता राख्दछन् । तसर्थ भरतपुरलाई मेडिकलसंग मात्र नगाँसी शिक्षलाई पनि संगसंगै लिएर जानु उपयुक्त हुन्छ । |
| ६ | औद्योगिक शहर (Industrial City) | भरतपुरमा हाल ठूला उद्योगहरू नगण्य मात्रमा रहेका छन् । तर मझौला तथा साना उद्योगहरू उल्लेखनीय मात्रामा छन् । विशेषगरी चितवन जिल्ला नेपालकै पोल्ट्री फार्मिङ्गमा अग्रणी स्थानमा रहँदै आएको छ । पोल्ट्रीसंग सम्बन्धीत उद्योगहरू नगरपालिका वरिपरि सयौंको संख्यामा रहेका छन् भने हजारौले रोजगारी पाएका छन् । यस्ता खालका कृषि तथा पशुजन्य उद्योग फष्टाउन सक्ने यथेष्ट सम्भावना भएको हुंदा यसलाई कृषि उद्योग शहरको रुपमा विकसित गर्नु उपयुक्त हुन्छ । |
| ७. | ट्रान्जिट शहर (Transit City) | भरतपुर शहर नेपालको करीब मध्यभागमा अवस्थित हुनुको साथै पूर्वमा हेटौंडा, वीरगञ्ज र पश्चिममा बुटवल, भैरहवाजस्ता शहरहरूको वीचमा रहेको र यहाँ आउने धेरै यात्रु, पर्यटक लामोभन्दा छोटो बसाइ नै बस्ने भएकोले यो शहर अन्ततः ट्रान्जिट सिटीको रुपमा विकसित हुन सक्ने देखिन्छ । छोटो बसाइको लागि आउने यात्रु, पर्यटकको आवश्यकता पूर्ति गर्न सक्ने किसिमको होटेल, रेष्टुरेण्ट, शौचालय, साइवर क्याफे, मनोरञ्जन स्थल/पार्क आदिको राम्रो व्यवस्था हुन सके चाहे देवघाट जाने यात्रु हुन् वा सौराहा, चाहे मेघौली जाने हुन वा मकवानपुर सबै जना भरतपुरमा आई केही घण्टा वा एकदिन आरामसंग बसी आफ्नो गन्तव्यसम्म जाने वातावरण सक्ने थियो । |

माथि उल्लेखित दृष्टिकोणहरू सर्सर्ती हेर्दा सान्दर्भिक जस्तो देखिएतापनि निम्न प्रश्नहरूले गर्दा दीर्घकालीन सोचको लागि छनौट गरिनु कतिको सार्थक हुन्छ भन्ने बारे छलफल गरीयो ।

**१) पर्यटकीय शहरः**

- सौराहाको पर्यटन प्रबर्द्धनबाट भरतपुरले कसरी र कत्तिको लाभ लिन सक्ला ?
- भरतपुर आफैले पर्यटक आकर्षण गर्न सक्ने स्थल तथा विद्यमान क्षमता के छ ?
- के नारायणी नदीमा ऱ्याफ्टिङ्ग वा डुङ्गा चलाउदैमा पर्यटनको विकास गर्न सकिएला ?

**२) मेडिकल शहरः**

- निजी प्रयासबाट सञ्चालित मेडिकल कलेजहरू भएको कारणले भरतपुरलाई "मेडिकल सिटी" घोषणा गर्नु कत्तिको उपयुक्त होला ?
- यस किसिमका कलेजहरू आजकल सबैजसो प्रमुख शहरहरूमा खुलेका छन् । के तिनीहरू पनि मेडिकल सिटी हुन ?
- यसलाइ "मेडिकल सिटी" कै रुपमा विकास गर्ने हो भने नगरपालिकाको भूमिका के होला ?

**३) कृषि शहरः**

- भू-उपयोग ऐन नभएको र नगरपालिकाले यससम्बन्धी नीति कार्यान्वयन गर्न नसकेको अवस्थामा बढ्दै गएको सहरी जग्गाको मूल्यको कारणले गर्दा कृषियोग्य जमीनलाई जोगाउन कसरी सकिएला ?
- यसको साटो बरु कृषिमा आधारित उद्यमशीलताको विकास गर्नु पो बढी सान्दर्भिक हुन्छ कि ?

**४) व्यापारिक शहरः**

- भरतपुर नगरको नारायणगढ व्यापारिक क्षेत्रमा क्रमिक रुपमा गैरहेको यथार्थ भएतापनि व्यापारलाई दोस्रो सोचसंग सम्मिश्रण गरेमा समावेशी हुन सक्छ कि ?

**५) शैक्षिक शहरः**

- एक दुइवटा तुलनात्मक रुपमा स्तरीय विद्यालय कलेज खुल्दैमा शैक्षिक शहर भन्नु कतिको उपयुक्त होला ?
- यसलाई मूर्तरुप दिन नगरपालिकाको भूमिका के होला ?

**६) औद्योगिक शहरः**

- विद्यमान राजनैतिक तरलताको अवस्थामा सबैभन्दा बढी आक्रान्त क्षेत्र नै उद्योग हो र उद्योगको विकास लगानी मैत्री वातावरण नभइ नहुने र बढदो जग्गाको मूल्यको कारणले नगरभित्र औद्योगिक क्षेत्र बनाउन वा यसको घोषणा गर्न कसरी सकिएला ?

**७) ट्रान्जिट शहरः**

- ठूलाठूला एयरपोर्ट, रेलवे टर्मिनल, बन्दरगाह जहां ठूलो परिमाणमा यात्रु वा मालसामानको ओसारपसार हुन्छ, त्यस्ता शहरलाई ट्रान्जिट शहर भन्नु उपयुक्त होला ? भरतपुरलाई अहिल्यै यो रुपमा उभ्याउनु के ठीक होला र ?

माथि उल्लेखित विभिन्न प्रश्नहरूमाथि भएको घनीभूत छलफलपश्चात् गोष्ठीका सहभागीहरूबाट निम्नलिखित सोचहरूमा एकपछि अर्को गर्दै क्रमशः छलफल गर्दा अन्तिम सोचमा सबैको सहमति रह्यो ।

क) व्यवस्थित व्यापारिक शहर
ख) बसोवासयुक्त व्यापारिक शैक्षिक शहर
ग) कृषि व्यापार प्रबर्द्धन शहर
घ) व्यवस्थित व्यावसायिक कृषि शहर
ङ) व्यवस्थित उद्यमशील शहर

भरतपुर नगरपालिकालाई "व्यवस्थित उद्यमशील शहर" बनाउने अभियानमा लाग्नुका निहित कारणहरू निम्न छन् :

**क) व्यवस्थितः**

जुन स्थान वा क्षेत्रमा रोजगारी, आयआर्जनको बढी सम्भावना रहन्छ, मानिसको वस्ती पनि त्यहाँ क्रमिक रुपमा बढ्दै जाने गर्दछ । जति मानिसको बस्ती बढ्दै जान्छ त्यति नै तिनलाई आवश्यक सेवा सुविधाको खांचो बढ्दै जान्छ । शहरको जनसंख्याको वृद्धि हुनुको मुख्य कारक बसाइ सराइ हो । बसाइ सराइको क्रमलाई व्यवस्थित गर्न नसकिएमा आवश्यक सेवा सुविधा पुऱ्याउन सकिंदैन र फलस्वरुप शहर अत्यन्तै दीनहीन अवस्थामा पुग्न जान्छ । भरतपुर नगरपालिकामा हाल डेढ लाखको हाराहारीमा भएको जनसंख्या आगामी २० वर्षमा दोव्वर हुने अनुमान गरिएको छ । हालसम्म सहरी विस्तार क्षेत्र पर्याप्त भएको, जोखिमयुक्त भू-भाग धेरै नभएको र भूमिगत पानी भएको कारणले गर्दा नगरपालिकालाई त्यति जनसंख्या व्यवस्थापन गर्न त्यति समस्या नहोला । तर भविष्यमा हुनसक्ने जोखिमहरूलाई अहिले नै विचार गरिनु उपयुक्त हुन्छ । अनियन्त्रित रुपमा गरिएका प्लटिङ्गहरूको प्रतिफल पाउन धेरै समय कुर्नु पर्दैन । भरतपुरका

पूर्वी र दक्षिणी वडाहरू नै भविष्यका विस्तारित सहरी क्षेत्रहरू हुन्, जुन अहिले प्रायः खेतीकै रुपमा प्रयोग भैरहेका छन् । ती खाली जमीनहरू विस्तारै भवनहरूले ढाकिदै जानेछन् र समयमा नै उपयुक्त दिशानिर्देश नभए भविष्यमा अनेक समस्याहरूको सामना गर्नु पर्ने हुन्छ । तसर्थ भरतपुर नगरलाई व्यवस्थित बनाउँदै जानु आजको अपरिहार्य आवश्यकता हो ।

**ख) उद्यमशीलः**

भरतपुरमा बसाइ सराइको क्रम तीब्र भएको धेरै भएको छैन । त्यसैले यो नगर नयाँ हो । नगरका बासिन्दा मुख्य रुपमा बन्दीपुर, तनहुँ, लमजुङ्ग, धादिङ्ग, गोरखा, वाग्लुङ्ग र गुल्मी क्षेत्रबाट बसाइ सरेका हुन् । चितवनजस्तो अत्यधिक गर्मी हुने ठाउँमा ती व्यक्ति (परिवार) मात्र आए जसमा केही गर्छु भन्ने भावना थियो र उद्यमशीलताको चेतना थियो । जमीन उर्वरा बनाई कृषि उद्यमशीलताको विकास गर्नमा हालका वासिन्दाका पूर्खाले निकै मिहिनेत गरेको हुनुपर्छ । त्यसैको प्रभावले होला चितवनका अधिकांश वासिन्दा कुनै न कुनै अर्थोपार्जनको कार्यमा लागेको देखिन्छ । विशेषगरी चितवनको आर्थिक विकासमा महिलाको भूमिका उल्लेख्य रहेको पाइन्छ । महिलाले साइकल चलाएर घाँस दाउरा, मेलापात, कृषि उपज बिक्री गर्नु आजभन्दा ३०/४० वर्ष अघि अनौठो मानिन्थ्यो । यहां बसाइ सर्ने व्यक्ति नोकरी वा कामको सिलसिलामा व्यावहारिक कारणले भन्दा पनि यहाँ आफै केही न केही गरी आफू र आफ्नो परिवार पाल्छु भन्ने सोच तथा अठोट लिई आएका हुन् । अन्य पहाडी जिल्लाबाट बसाई सराई गर्नेहरुको खेत / जमीन कसैको बिर्ता वा जमीन्दारी नभई आफ्नै परिश्रमले आर्जेको हुँदा प्रति व्यक्ति जग्गा हकभोगको क्षेत्रफल अन्य तराईका जिल्लाहरुको तुलनामा सानो देखिन्छ । एकै जनासँग धेरै परिमाणको जग्गा भन्दा धेरै जनासँग थोरै परिमाणको जग्गा भएको पाइन्छ । यसको कारणले गर्दा यहाँ जमीन्दारी प्रथाको एकलौटीपन भन्दा पनि प्रतिस्पर्धात्मक कृषि उत्पादनमा विशेष जोड हुन सकेको हो । तसर्थ उद्यमशीलता भरतपुर नगरका वासिन्दाको अन्तर्निहिल स्वभाव हो भन्नु अत्युक्ति नहोला ।

<u>अर्को पक्ष</u>

भरतपुर नगरपालिकामा हालै एशियाली विकास बैंकको सहयोगमा ६० करोडको लागतमा खानेपानी, ढल, बसपार्क, तरकारी बजार आदि विभिन्न सहरी पूर्वाधारको विकास भएको छ । यस्तै प्रकृतिको योजना अब निकट भविष्यमा आउने सम्भावना देखिंदैन । भएका संरचनाहरूको नियमित संचालन तथा मर्मत सम्भार गर्ने र थप पूर्वाधारमा पनि लगानी गर्नु नगरपालिकाको चुनौति हो । यसको लागि आन्तरिक श्रोत सुदृढ गर्नु, निजी क्षेत्र आकर्षित गर्नु, समुदायमा आधारित संस्थाहरूलाई सबलीकरण गर्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ । नगरबासीमा अन्तर्निहित उद्यमशीलताको चेतलाई नगरपालिकाको अगुवाईमा अलि परिष्कृत गर्न सकिएमा नगरको आर्थिक सबलीकरणमा ठूलो टेवा पुग्ने देखिन्छ ।

## ४.२ समन्वय समिति तथा विषयगत समितिहरू

दीर्घकालीन सोचलाई दृष्टिगत गरी भरतपुर नगरपालिकाले कार्यकारी अधिकृत श्री दिलिप कुमार चापागाईको संयोजकत्वमा ९२ सदस्यीय आवधिक योजना मूल समन्वय समिति गठन गरेको छ । यसको अलावा निम्न विषयगत समितिहरू पनि गठन गरिएका छन् :

| क्र.सं. | नाम | पद | समिति |
|---|---|---|---|
| १. | दिलिप कुमार चापागाई, कार्यकारी अधिकृत, भ.न.पा. | संयोजक | मूल समन्वय समिति |
| २. | खेमराज पौडेल | संयोजक | भौतिक विकास समिति |
| ३. | मिलनबाबु श्रेष्ठ | संयोजक | सामाजिक विकास समिति |
| ४. | अमर बहादुर क्षेत्री | संयोजक | वातावरण समिति |
| ५. | भक्तिप्रसाद गौतम | संयोजक | आर्थिक समिति |

| क्र.सं. | नाम | पद | समिति |
|---|---|---|---|
| ६. | हरिराज भट्टराई | संयोजक | उद्यमशील समिति |
| ७. | ओमप्रकाश गौतम | संयोजक | व्यवस्थित बसोबास समिति |
| ८. | विराट घिमिरे | सदस्य-सचिव | मूल समन्वय समिति |

मूल समिति तथा विषयगत समितिका सदस्यहरूको नामावली अनुसूची ४.१ मा दिइएको छ । त्यसैगरी समन्वय समितिलाई सहयोग गर्न प्रत्येक वडामा वडा सम्पर्क समिति पनि गठन गरिएको छ, जसको विवरण अनुसूची ४.२ मा दिइएको छ ।

# परिच्छेद - ५ : नगर विकास सम्भावना विश्लेषण

भरतपुर नगरको ऐतिहासिक पृष्ठभूमि लामो छैन । वि.सं. २०१८ सालमा तराईमा औलो महामारीको उन्मूलनसंगै छिमेकी पहाडी जिल्लाहरूबाट चितवनमा बसाइं सर्ने क्रम शुरु भै २०२८ सालमा करिब १६,०००० जनसंख्या रहेकोमा २०३५ सालमा भरतपुर नगरपालिका घोषणा पश्चात् २०३८ सालमा करिब २८,५०० देखिन्छ । २०३८ सालमा नारायणघाट मुग्लिन बाटोको निर्माण पश्चात् काठमाडौंसंग छोटिएको दूरीको कारणले भरतपुरमा बसाई सराईको क्रम तीव्र भएको देखिन्छ । २०५८ सालमा ८९,००० को हाराहारीमा गणना गरिएको यहाँको जनसंख्या द्वन्दकाल र त्यसपछिको समयमा झन तीब्र भएको पाइन्छ । हाल २०६७ सालको अन्त्यतिर यहाँको जनसंख्या करिब १३७,००० पुगेको अनुमान गरिन्छ ।

भरतपुर नगरपालिकामा भू-उपयोगको परिवर्तनलाई विश्लेषण गर्दा सतन्चुली, नगरवन, टिकौली जङ्गल हाल पनि करिब सुरक्षित अवस्थामा रहेको पाइन्छ । पश्चिममा नारायणी नदी, उत्तरमा सतन्चुली र पूर्वमा टिकौलीको जंगलले यस नगरको सिमानालाई सुरक्षित गर्नुकासाथै मध्यवर्ती क्षेत्र (Buffer Zone) को काम पनि गरेको छ । दक्षिण पश्चिममा मङ्गलपुर गा.वि.स. तथा दक्षिणमा गीतानगर गा.वि.स. लाई भरतपुरको प्रमुख सम्भाव्य नगर विस्तारित क्षेत्रको रुपमा लिन सकिन्छ । कुनै वैज्ञानिक सहरी योजना विना द्रुत गतिमा फैलिरहेको यस नगरपालिकाभित्रको भू-उपयोग शुरुमा कृषि भए तापनि हाल बढदो शहरीकरणको कारणले कृषियोग्य भूमि क्रमिक रुपमा घडेरीको रुपमा परिणत हुँदै गएको छ । अन्य व्यवस्थित नगरको तुलनामा यस नगरको निश्चित भू-उपयोग क्षेत्र (Land Use Zoning) निर्धारण गरिएको पाइँदैन । जङ्गल, नदी, खोल्सी, नहर, स-साना चउर र केही मठमन्दिर बाहेक अन्यत्र अधिग्रहण वा अन्य किसिमले प्राप्त सार्वजनिक जमिन, खुलास्थानको अत्यन्त अभाव रहेको पाइन्छ । साथै कुनै निश्चित स्थान निश्चित प्रयोगको निम्ति उपयोग भएको पनि पाइदैन । अधिकांश भूमि निजी स्वामित्वमा रहेको हुँदा भू-उपयोग क्षेत्रको सिद्धान्तबाट योजना बनाइनु त्यति व्यावहारिक देखिँदैन । तसर्थ भरतपुर नगरपालिकाको योजना बनाइदा निम्न कुराहरूमा ध्यान दिनु उपयुक्त हुन्छ ।

क) नगरपालिकाको जनसंख्या, भौगोलिक अवस्थिति, भू-बनोट, जलवायु तथा वातावरण ।
ख) नगरले सेवा प्रदान गरिरहेको वा गर्नु पर्ने नजिकका गा.वि.स. वा बस्तीहरू ।
ग) वृहद चितवन विकासको अवधारणा अनुरुप नगर विकासको सामञ्जस्यता ।
घ) चितवन जिल्लाको आवधिक योजनासंगको सामाञ्जस्यता
ङ) संघियताको घोषणासंगै निर्वाह गर्नु पर्ने थप भूमिका ।
च) नगरमा विद्यमान सेवा, सुविधा, अवसर तथा चुनौती ।
छ) नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीनसोच ।

## ५.१ नगरपालिकाको जनघनत्व, भौगोलिक अवस्थिति, भू-बनोट, जलवायु तथा वातावरण

नगरपालिकाको कोरा जनघनत्व (Gross Density) ११ प्रति हेक्टर रहेको छ भने बसोबासयोग्य भूमिको सरदर जनघात्व करिब १८ जना रहेको देखिन्छ । नारायणघाट बजार र राष्ट्रिय राजमार्गसंग जोडिएका वस्तीहरूमा जनघनत्व सरदर जनघनत्वभन्दा तीन गुणा बढी रहेको पाइन्छ । वडा नं. ८, १३, १४ मा सबैभन्दा पातलो वस्ती रहेको छ, जसको जनघनत्व ६-७ जना छ ।


पूर्व पश्चिम र काठमाडौं जोडने उत्तर दक्षिण राजमार्गको संगममा रहेको यातायातको सुगमताको कारणले अन्य छिमेकी जिल्लाहरूबाट भरतपुरमा बसाई सर्ने क्रम तीव्र भएको मान्न सकिन्छ । साथै समथर भू-बनोट र उर्वर कृषियोग्य भूमि पनि यहाँको जनसंख्या वृद्धिमा थप कारक हुन पुगेको छ । अन्य तराइ क्षत्रको तुलनामा केही कम गर्मी र आर्द्रता पनि यहाँको सकारात्मक पक्ष हुन् । बजार क्षेत्रका केही स्थान बाहेक

## परिच्छेद – ५
## नगर विकास सम्भावना विश्लेषण

अन्य क्षेत्र तुलनात्मक रुपमा ज्यादै शान्त र वातावरणीय जोखिम कम भएको स्थान भएकोले पनि भरतपुर आकर्षणको केन्द्रविन्दु भएको नकार्न सकिन्न ।

### ५.२ नगरले सेवा प्रदान गरिरहेको वा गर्नु पर्ने नजिकका गा.वि.स.वा वस्तीहरू

नारायणी पुलपारिको गैंडाकोटदेखि करिब ५० कि.मी. पश्चिमसम्मका स-साना वस्तीहरू र पूर्वमा टाँडी ( रत्ननगर), पर्सा, भण्डारासम्मका बस्तीहरूको मूख्य बजार नै नारायणघाट/भरतपुर हो । शिक्षा, स्वास्थ्य, बजार आदिको सहज उपलब्धिले गर्दा भरतपुरको प्रभाव क्षेत्र (Influence Area) करिब २,३०० वर्ग कि.मी. रहेको अनुमान गरिन्छ ।




| दिशा | निकट प्रभाव क्षेत्र |
|---|---|
| पश्चिम | गैडाकोट, कावासोती, (नवलपरासी) |
| पूर्व | टाँडी, पर्सा, भण्डारा |
| दक्षिण | गर्दि, वगौडा, कल्याणपुर, अयोध्यापुरी गा.वि.स. |
| उत्तर | मुग्लिङ्ग, कुरिनटार |

सेवा प्रदान गरिरहेका क्षेत्रहरू - उपभोग्य वस्तु, लत्ताकपडा, निर्माण सामाग्रीको खरिद, स्वास्थ्योपचार, उच्चशिक्षा, रोजगारी, थोक किनमेल ।

नगरको हालको निकट प्रभाव क्षेत्र केही वाह्य कारणहरुले गर्दा प्रभावित हुन सक्ने सम्भावना पनि देखिन्छ । प्रस्तावित काठमाण्डौं - निजगढ जोडिने फास्ट ट्रयाक, ठोरी नाका खुलेपछि भारतसँगको व्यापारिक तथा आवागमन सहजता, नारायणी नदीमा नवलपरासी जोडिने दोश्रो पुल आदिले नगरको विकासमा सकारात्मक तथा नकारात्मक दुवै खाले प्रभाव पर्ने देखिन्छ ।

**परिच्छेद – ५**
**नगर विकास सम्भावना विश्लेषण**

## ५.३ वृहत चितवन विकासको अवधारणा अनुरुप नगर विकासको सामञ्जस्यता ।

चितवन उपत्यका विकास बारे अध्ययन गर्न हालै स्थानीय राजनैतिक तथा सामाजिक व्यक्तित्वहरू सम्मिलित टोलीले एक रणनीति पत्र तयार गरेको छ । यसले चितवन जिल्लाको अलावा नवलपरासी, पाल्पा, तनहुँ, धादिङ्ग, मकवानपुर र पर्साको केही भू-भाग समेटेको छ, जुन क्षेत्र करिब सबै राज्य पुर्नसंरचना आयोगको मस्यौदा प्रतिवेदनले समेटेको देखिन्छ । राज्य अहिले  नयाँ संविधान बनाउने र राज्य पुर्नसंरचना गर्ने प्रमुख दायित्वबाट अघि बढीरहेको र संविधान सभाले चितवन र वरिपरिका जिल्लाका केही भू-भाग समेटेर छुट्टै नारायणी प्रदेश प्रस्ताव गर्ने सम्भावना भएको हुंदा बृहत चितवन विकास अवधारणा प्रदेशको विभाजनपछि मात्र अघि बढाउनु उपयुक्त देखिन्छ ।

## ५.४ चितवन जिल्लाको आवधिक योजनासँगको सामञ्जस्यता

**सुन्दर, समुन्नत र समतामूलक चितवन** नामक दीर्घकालीनसोच अनुसार चितवन जिल्लाको प्रथम आवधिक विकास योजना ०५७/०५८ मा तयार भएको थियो । राष्ट्रका अन्य क्षेत्रहरूमा जस्तै सामाजिक विभेद, शिक्षा, स्वास्थ्य, सरसफाइ तथा वातावरण, नदीकटान, कमजोर वन व्यवस्थापन, सतह ढल, सिंचाई, सडक, खानेपानी, विद्युत तथा संचार सेवा, भौतिक पूर्वाधारहरूको अभाव जनचेतनाको अभाव लगायतका समस्याहरू नै जिल्ला विकासको प्रमुख समस्याहरू रहेको आवधिक योजनाको अध्ययनले इंगित गरेको छ । भौगोलिक स्थितिका कारण मुलुकको केन्द्रमा अवस्थित यस जिल्लामा उपलव्ध स्रोत तथा साधनका कारण यहाँ विकासका संभावना र अवसरहरू प्रचुर मात्रामा रहेको पाइन्छ, जसमध्ये पर्यटन, वन पैदावार, कृषि/पशुपन्छिजन्य उत्पादन, औद्योगिक तथा वाणिज्य, शैक्षिक प्रतिष्ठान तथा सेवामूलक व्यवसाय आदि प्रमुख रुपमा पर्दछन् भने विकासका चुनौतीको रुपमा निम्न कुराहरूलाई उल्लेख गरिएको छ, ती निम्न प्रकार छन् :

१. विकासका उपलब्धिहरूको समान वितरण र उपभोग गर्ने, गराउने,
२. उल्लेखित संभावना एवं अवसरहरूको समुचित दोहन एवं उपयोग गर्ने,
३. सामाजिक तथा आर्थिक विकासलाई संगसंगै अघि बढाउने, आदि ।

प्रथम आवधिक जिल्ला विकास योजनाले निर्धारित गरेका उपर्युक्त लक्ष्य प्राप्तिको मूल्याङ्कन भइरहेको र निकट भविष्यमा आउने जिल्लाको दोस्रो आवधिक योजनामा देखिने अपेक्षा गरिएको छ ।

## ५.५ संघियताको घोषणासंगै निर्वाह गर्नु पर्ने थप भूमिका

नेपालका संघीय गणराज्यको घोषणा पश्चात् गठित राज्य पुर्नसंरचना तथा शासकीय स्वरुप निर्धारण समितिले तयार पारेको मस्यौदा प्रतिवेदन[1] अनुसार नेपाल १४ वटा गणराज्यमा विभाजन गरिएको छ । जस अनुसार भरतपुर नगरपालिका नारायणी प्रदेशमा पर्ने देखिन्छ । जसको विवरण देहाय बमोजिम छ:

**प्रस्तावित नारायणी प्रदेश**[२]

| | |
|---|---|
| भौगोलिक क्षेत्र | हालको चितवन जिल्लाको सम्पूर्ण भू-भागको अलावा धादिङ्ग, गोर्खा, कास्की, लमजुङ्ग, मकवानपुर, नवलपरासी, नुवाकोट, पर्वत, स्याङ्गजा, तनहुँ जिल्लाका केही भू-भाग । |
| जम्मा क्षेत्रफल | करिब ८,००० वर्ग कि.मि. |
| जनसंख्या (२००८ सालको प्रक्षेपित) | २०,०३,००० (कुल जनसंख्याको ७.४% |

[1] Brief Demographic Review of Constituent Assembly (CA) proposed Federal Units, DRAFT,OCHA Nepal 26th February 2010.

[२] सन्दर्भ नक्शा :१५

**परिच्छेद – ५**
**नगर विकास सम्भावना विश्लेषण**

| | | | |
|---|---|---|---|
| न.पा. गा.वि.स.को संख्या | नगरपालिका ६, गा.वि.स. २६२ | | |
| जनघनत्व | २६७ जना प्रति वर्ग कि.मी. | | |
| जिल्ला अस्पताल संख्या | ८ | | |
| जनजाति | ब्राम्हण/क्षेत्री (पहाड) | - | ४३% |
| | दलित (पहाड) | - | ११% |
| | जनजाति (पहाड) | - | २१% |
| | नेवार | - | ७% |
| | अन्य गैर जनजाति | - | १०% |
| | अन्य गैर तराई जनजाति | - | ५% |
| | मुसलमान | - | १% |
| | अन्य | - | १% |

प्रस्तावित संरचना समितिको बहुमतबाट पारित भएको छ, जसलाई संविधानसभाबाट पारित गर्न भने बाँकी नै रहेको छ । यसै सन्दर्भमा मुख्य तीन राजनैतिक पार्टीबाट प्रस्तुत संरचनामा भने भरतपुर नगरपालिका निम्न राज्य/प्रदेशमा पर्ने देखिन्छ ।

| | |
|---|---|
| एकीकृत ने.क.पा. माओवादी | गण्डकी प्रदेश (करीब माथि उल्लेखित नारायणी प्रदेश जत्तिकै क्षेत्र) |
| ने.क.पा. (ए.मा.ले) | नारायणी प्रदेश (चितवन र नवलपरासीको केही भू-भाग - ज्यादै सानो) |
| नेपाली काँग्रेस | राज्य - १२ (नेपालको उत्तरी सीमादेखि दक्षिणसम्म फैलिएको |

राज्य पुर्नसंरचना सम्बन्धी अन्तिम टुङ्गो नलागेसम्म भरतपुर नगरपालिकाको भूमिकाबारे विश्लेषण गर्न सहज देखिदैन । तथापि जुनसुकै प्रदेशमा परेतापनि भरतपुर नगरपालिका उक्त राज्यको राजधानी बन्न सक्ने सम्भावना प्रबल देखिन्छ ।

राज्यको शासकीय व्यवस्थापनको लागि अपरिहार्य निम्न संरचनाहरू सम्बन्धमा थप छलफल तथा अध्ययन गर्न वान्छनीय देखिएको छ :

१) राज्यको संसद परिसर
२) राज्य मन्त्रालय परिसर
३) राज्य अदालत
४) राज्य प्रहरी संगठन
५) राज्य प्रमुख तथा अन्य मन्त्री आवास
६) गभर्नरको कार्यालय / आवास

## ५.६ नगरमा विद्यमान सेवा, सुविधा, अवसर तथा चुनौती

| | |
|---|---|
| **क) सडक सञ्जाल** | क) अन्य न.पा को तुलनामा सडक घनत्व बढी भएको । |
| | ख) सम्पूर्ण वडाहरूमा सडक पुगेको अवस्था |
| | ग) न.पा.को स्रोत तथा जनसहभागिताद्वारा वार्षिक करिब २० कि.मि. सडक निर्माण सुधार |
| अवसर | क) न.पा.को एक स्थानबाट अर्को स्थानसम्म सहज पहुँच |
| | ख) ग्रामीण क्षेत्रबाट नगरसम्म यातायातको तुलनात्मक सुगमता |
| चुनौती | क) बनेका सडकहरूको नियमित मर्मत तथा सम्भार |
| | ख) घडेरीको विकाससंगै भित्री सडकहरू जथाभावी खुल्ने क्रम तीव्र । |
| | ग) सडकहरूको स्तरमा ह्रास |
| **ख) आकाशे पानी ढल** | क) नारायणघाट बजार क्षेत्र बाहेक वडा नं. १०, १२ का केही क्षेत्रहरूमा मात्र आकाशे ढल । |
| अवसर | क) ढलको नियमित सरसफाईको लागि आवश्यक गाडी, उपकरण, औजार आदिको व्यवस्था भएबाट आकाशे पानी तथा फोहोर पानी ढलको राम्रो |

**परिच्छेद – ५**
**नगर विकास सम्भावना विश्लेषण**

| | | |
|---|---|---|
| | | सम्भार गर्न सकिने अवसर । |
| | चुनौती | क) बनेका ढलहरूको नियमित सरसफाइ तथा मर्मत सम्भार<br>ख) वर्षात्मा पानी जम्ने स्थलहरूमा सतह ढलको अत्यन्त आवश्यकता ।<br>ग) भरतपुर क्षेत्रमा सतह ढलको सुलभ निकासको अभाव । |
| **ग) फोहोर पानी ढल** | | क) नारायणघाट बजार क्षेत्रको वडा नं. १,२ र ३ का करिब १२,००० जनसंख्या क्षमताको ढल सञ्जाल तथा तीनवटा प्रशोधन केन्द्र हालै निर्मित । |
| | अवसर | क) नवनिर्मित उक्त ढल तथा प्रशोधन केन्द्रको व्यवस्थित संचालनबाट नगरको सरसफाइमा विशेष टेवा पुग्नुको साथै समुदायले आर्थिक लाभ लिन सक्ने ।<br>ख) उक्त ढलको अनुसरण गर्दै पुल्चोकबाट दक्षिणी इलाका तथा अन्य सम्भाव्य स्थानहरूमा पनि यसको विकास र विस्तारगर्न सकिने । |
| | चुनौती | क) प्रशोधन केन्द्रको नियमित मर्मत सम्भार गर्दै सफलतापूर्वक सञ्चालन गर्नु ।<br>ख) आफ्नै आम्दानीले सञ्चालन तथा मर्मत सम्भार खर्चका व्यबस्था गर्न सक्नु । |
| **घ) बसपार्क** | | क) वडा नं. ९ मा नगर विकास कोष तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा बस टर्मिनल तथा पार्कको व्यवस्था । |
| | अवसर | क) क्षेत्रीय बसपार्क स्तरको सेवा/सुविधा ।<br>ख) उत्कृष्ट व्यवस्थापनद्वारा संचालन गरीएमा नमूना बसपार्क बन्न सक्ने । |
| | चुनौती | क) अघोषित रुपमा वर्षौदेखि पुल्चोकमा संचालित बसपार्कको विस्थापन ।<br>ख) स्वस्थ प्रतिस्पर्धाद्वारा योग्य निजी व्यवस्थापनलाई संचालन तथा नियमित मर्मत सम्भारको जिम्मेवारी<br>ग) नगर विकास कोष तथा एशियाली विकास बैंकको ऋण चुक्ता गर्नु । |
| **ङ) तरकारी बजार** | | क) हाल दैनिक रुपमा १४० टन तरकारी तथा १२० टन फलफूलको व्यापार भैरहेको ।<br>ख) ए.डी.बी. बाट हालै ऋण तथा अनुदानमा लायन्स चोक तरकारी तथा फलफूल थोक बजार र वालकुमारीखुद्रा बजारको स्तरोन्नति गरेको । |
| | अवसर | क) भरतपुर न.पा. कृषि उपजको आयात निर्यातमा एक महत्वपूर्ण क्षेत्रीय स्थान हुने । |
| | चुनौती | क) विद्यमान थोकबजार शहरको केन्द्रमा रहेको र स्थानाभावको कारणले विस्तार गर्ने सम्भावना नरहेको ।<br>ख) यसभन्दा ठूलो तथा व्यवस्थित तरकारी बजार निर्माण गरी दिगो रुपमा संचालन गर्नुपर्ने । |
| **च) पार्क/जङ्गल/ खुलाक्षेत्र** | | क) नगरमा जंगल तथा नदीले छाडेको जग्गा बाहेक करिब १ प्रतिशत मात्र खुला क्षेत्र रहेको ।<br>ख) वडा नं. ४ मा स्थित नारायणी नदी किनारको नगरवन व्यवस्थित गर्न प्रारम्भिक पहल शुरु भएको । |
| | अवसर | क) ठूलो क्षेत्र, घना वन र प्राकृतिक दृष्टिले मनोरम नगरवनको समय र परिवेश सापेक्ष विकास गरीएमा नगरवासी मात्र नभै आन्तरिक पर्यटक पनि लाभान्वित हुन सक्ने ।<br>ख) न.पा. तथा स्थानीय जनसमुदायको आय आर्जन हुन सक्ने । |

| | | |
|---|---|---|
| | चुनौती | क) जग्गाको स्वामित्व वा भोगचलन एकिन हुन नसकेको अवस्था ।<br>ख) नगरवन विकासको लागि ठूलो लगानीको आवश्यकता हुने ।<br>ग) मौजुदा वातावरणीय ऐन नियमलाई समेत ध्यानमा राखी सार्वजनिक निजी साझेदारी अनुरुपको परियोजनाम डिजाइन गरी अगाडि बढन सक्नु । |
| **च) जग्गा विकास** | | क) ए.डी.बि. कै ऋण सहयोगमा वडा नं. ७ कृष्णपुरमा ५४ विघा जग्गामा जग्गा एकीकरण आयोजना सम्पन्न ।<br>ख) नगरका विभिन्न ५४ स्थानका करिब ९४ हेक्टरमा अव्यवस्थित तरिकाले प्लटिङ्ग भएको र भविष्यमा विस्तार हुन सक्ने । (हेर्नुहोस् नक्शा नं. १२) |
| | अवसर | क) ए.डि.बि.को ऋण १८ वर्षको भएको र कृष्णपुरको सर्भिस प्लट विक्री गरी यस्तै प्रकृतिका ३-४ वटा आयोजनाहरू अन्यत्र गर्न सकिने । |
| | चुनौती | क) विगतका वर्षहरूमा घडेरीको मूल्य अकासिएको र हालको मूल्यमा जग्गा एकीकरण आयोजना संभाव्य बनाउन कठिनाई ।<br>ख) आयोजनाप्रति जग्गाधनीहरूको सहज सहमति बनाउन निकै संयम र धैर्यतापूर्वक लाग्नु पर्ने । |

## ५.७ नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीनसोच

आवधिक योजना बनाउने सन्दर्भमा नगरले अङ्गिकार गरेको दीर्घकालीनसोच **व्यवस्थित उद्यमशील शहर** भन्ने हो । भरतपुर नगरपालिकाको लागि यो सोच ज्यादै सान्दर्भिक रहेको देखिन्छ । तथापि व्यवस्थित र उद्यमशीलताको सन्दर्भमा नगरपालिकाको स्पष्ट दृष्टिकोण हुनु जरुरी देखिन्छ । यसको लागि निम्न विषयमा ध्यान जानु उपयुक्त देखिन्छ ।


- बाटोको घनत्वमा वृद्धि गर्नको लागि उपयुक्त नीतिको तर्जुमा
- आकाशे पानी तथा ढल व्यवस्थापनको लागि स्पष्ट नीति
- फोहोर मैला उत्पादन तथा व्यवस्थापनमा नगरवासीको भूमिका
- भवन निर्माण मापदण्डको समयानुकूल सुधार तथा कार्यान्वयनको अनुगमन
- भवन आचार संहिताको कडाईका साथ पालना
- सम्पूर्ण घरधुरीमा खानेपानीको सहज पहुँच
- पार्क तथा हरियालीको व्यवस्था
- महिला, गरीब तथा सीमान्तकृत वर्गमा उद्यमशीलताको विकास

# परिच्छेद - ६ : प्रस्तावित नगर विकास अवधारणा

## ६.१ क्षेत्र विभाजन (Distribution of Zone)

भरतपुर नगरपालिका वरिपरिका नगरपालिका तथा गाविसमा सहज आवागमन तथा भविष्यमा हुनसक्ने वस्ती विकासलाई विश्लेषण गर्दा निम्न तीन किसिमका सडकहरूको रणनैतिक महत्व देखिन्छ ।

| | | |
|---|---|---|
| क) | राष्ट्रिय राजपथ (National Highways) | भरतपुर (नारायणघाट) बजार क्षेत्रबाट जाने सडक जसले भरतपुरलाई देशको अन्य जिल्लासँग जोडेको छ । त्यस्तै बाइपास सडकले पूर्व तर्फबाट उत्तर जाने सवारी साधनलाई बजारको भीडभाडबाट जान रोकेको छ । ठूला यात्रु वाहक बस, मालवाहक गाडीको सहज आवागमनको लागि यी दुई बाटाहरू अत्यन्तै उपयोगी हुनुकोसाथै संवेदनशील पनि छन् । |
| ख) | रणनैतिक नगर पथ (Strategic Urban Roads) | नगरभित्र खुलेका विभिन्न सडकहरूमध्ये नक्शामा उल्लेखित सडकहरू नजिकका गाविस तथा भविष्यमा फैलन सक्ने बस्तीको लागि रणनैतिक महत्व राख्ने देखिन्छ । यी सडकहरूको चौडाई २२ मी हुन आवश्यक छ । |
| ग) | चक्र पथ (Ring Road) | नगरको वरिपरि रहने यो सडकले सिमानालाई सुरक्षित गर्नुकासाथै बाइपासको काम पनि गर्ने हुँदा यसलाई तेश्रो श्रेणीको रणनैतिक सडकको रुपमा प्रस्ताव गरिएको छ । |



# परिच्छेद – ६
# प्रस्तावित नगर विकास अवधारणा

माथि उल्लेखित तीन रणनैतिक महत्वका सडकहरूलाई दृष्टिगत गर्दा भरतपुरलाई ६ वटा क्षेत्रमा विभाजन गर्न उपयुक्त देखिन्छ । यी क्षेत्र नगरपालिकाबाट हालै प्रस्तावित ठेगाना प्रणाली क्षेत्रसँग करिब मिल्दोजुल्दो देखिएकोले सहजताको लागि त्यही ठेगाना प्रणाली क्षेत्र नै भविष्यको भू उपयोग नीति र भवन निर्माण मापदण्ड नीति तर्जुमा गर्न प्रस्ताव गरिएको छ । उक्त क्षेत्र निम्न छन् :

**तालिका नं. ६.१ : नगरपालिका क्षेत्र विभाजन**

| क्षेत्र | वडा | क्षेत्रफल (हे) | सीमाना |
|---|---|---|---|
| भरतपुर उत्तर | १ | २,२२८ | पूर्वमा कविलास जंगल, बाइपास सडक, पश्चिममा नारायणी नदी, उत्तरमा त्रिशूली नदी तथा दक्षिणमा कविलास जंगल । |
| भरतपुर पूर्व | ११, १२ | ८८५ | पूर्वमा टिकौली जंगल, दक्षिणमा पूर्व पश्चिम राजमार्ग, पश्चिममा वाइपास सडक र उत्तरमा कविलास जंगल । |
| भरतपुर दक्षिण | ८,९,७ | १,५४७ | पूर्वमा टिकौली जंगल, पश्चिममा गीतानगर सडक, उत्तरमा पूर्व पश्चिम राजमार्ग, दक्षिणमा गीतानगर गाविस । |
| भरतपुर पश्चिम | ५,६,१३,१४ | १,८०७ | दक्षिणमा गितानगर गाविस, पश्चिममा मंगलपुर गाविस, उत्तरमा वडा ४ र ५ को सिमाना र पूर्वमा गितानगर सडक । |
| नारायणघाट मध्य | १,२,३,४ | ७११ | पूर्वमा बाइपास र नहर, पश्चिममा नारायणी नदी, दक्षिणमा नहर र वडा ४ र ५ को सीमाना, उत्तरमा बाइपास र देवघाट सडक । |
| भरतपुर मध्य | १०, ५, ६,७ | ६११ | दक्षिणमा गीतानगर सडक, उत्तरमा नहर, पश्चिममा बाइपास सडक र पूर्वमा नहर । |
| **जम्मा** | | **७,७८९** | |

## ६.२ क्षेत्र अनुसारको विद्यमान सहरी स्वरुप

उक्त क्षेत्रको विद्यमान सहरी स्वरुप निम्न बमोजिम रहेका छन् :

**तालिका नं. ६.२ : नगरपालिका क्षेत्रको विद्यमान सहरी स्वरुप**

| क्षेत्र | भवन | जनसंख्या | जनघनत्व | आधार |
|---|---|---|---|---|
| भरतपुर उत्तर | ७७२ | २,४२९ | १ | स-साना बस्तीहरू, चारैतिर घना जंगल, बस्ती विस्तार सीमित |
| भरतपुर पूर्व | ४,७९८ | २०,७७९ | २३ | प्रमुख वैकल्पिक राजमार्ग, तीव्र गतिमा बाक्लिँदो |
| भरतपुर दक्षिण | ३,२८४ | १४,८८३ | १० | घडेरी टुक्रने क्रम अधिक, नयाँ बाटोहरू खुल्ने क्रम अधिक, निर्माण कार्यले गति लिइ नसकेको, सहरी विस्तार क्षेत्र |
| भरतपुर पश्चिम | ३,१०५ | १४,४३६ | ८ | ग्रामिण परिवेश, घडेरी टुक्रने क्रम विस्तारै बढ्दो, सहरी विस्तार क्षेत्र |
| नारायणघाट मध्य | ४,२५६ | १७,३७० | २४ | बाक्लो बस्ती, मूख्य बजार, प्रमुख आवागमन मार्ग |
| भरतपुर मध्य | ४,०३० | १६,३११ | २७ | प्रमुख आवागमन मार्ग, बसपार्क तथा विमानस्थल, ठूला अस्पताल तथा शैक्षिक संस्था |
| **जम्मा** | **२०,२४५** | **८६,२०८** | **११** | |

तथ्याङ्क श्रोत : घरधुरी सर्वेक्षण, २०६३

## ६.३ विद्यमान भू उपयोग

सन्न २०६३ को भू उपग्रह तस्वीर अनुसार भरतपुरको विभिन्न क्षेत्रको भू उपयोग निम्न बमोजिम भएको पाइन्छ ।

**तालिका नं. ६.३ : नगरपालिका क्षेत्र अनुसार वर्तमान भू-उपयोग**

| क्षेत्र | खाली जमिन | भवन निर्मित | कृषि योग्य | जंगल | घाँसे जमिन | पानी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| भरतपुर उत्तर | १ | १५ | ११४ | १,८९५ | ५० | १५३ | २,२२८ |
| भरतपुर पूर्व | | ३७ | ७८८ | २२ | ३७ | १ | ८८५ |
| भरतपुर दक्षिण | | | १,४६१ | | ८४ | २ | १,५४७ |
| भरतपुर पश्चिम | १ | | १,५४५ | २५ | १६३ | ७२ | १,८०६ |
| नारायणघाट मध्य | | १६३ | ३११ | ३ | १३३ | ३ | ६११ |
| भरतपुर मध्य | ३ | १७५ | २०६ | ११४ | ४९ | १६२ | ७११ |
| **जम्मा** | **४** | **३९०** | **४,४२५** | **२,०६०** | **५१६** | **३९३** | **७,७८८** |
| **प्रतिशत** | **0%** | **५%** | **५७%** | **२६%** | **७%** | **५%** | **१००%** |

श्रोत : सहरी नक्शा, भरतपुर नगरपालिका, २०६४

## ६.४ सन् २०११ को अनुमानित जनसंख्या तथा जनघनत्व

२०६३ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार जम्मा १७,४९६ घरमा ८६,२०८ जनसंख्या भएको विवरण प्राप्त भएको छ । नगरपालिकामा त्यसपछि दर्ता भएका भवनहरूको संख्या ६,९९८ छ । त्यस हिसाबले हेर्दा नगरपालिकामा स्थायी बसोवास थर्ने जनसंख्या करिब १२१,१९८ हुँन आउँछ । तर घरधुरी सर्वेक्षणमा छुटेका घरहरू तथा सरकारी कार्यालयका कर्मचारी आदिको समेत गणना गर्दा २०६८ सालमा नगरपालिकाका जनसंख्या करिब १३८,००० को हाराहारीमा पुग्ने अनुमान गर्न सकिन्छ ।

**तालिका नं. ६.४ : सन् २०११ को अनुमानित जनसंख्या तथा जनघनत्व**

| वडा | क्षेत्रफल | २०६३ | | २०६३ देखि २०६८ | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | भवन | भवन | जनसंख्या | जनसंख्या | भवन | जनघनत्व |
| १ | २,३१७ | ४,११२ | ६१९ | ८५ | ४२५ | ४,५३७ | ७०४ | २ |
| २ | १७६ | ८,२५१ | ९३५ | ७४९ | ३,७४५ | ११,९९६ | १,६८४ | ६८ |
| ३ | ४७ | २,१८५ | १,६३६ | १६४ | ८२० | ३,००५ | १,८०० | ६४ |
| ४ | ३९९ | ५,२४७ | १,२८९ | ६१९ | ३,०९५ | ८,३४२ | १,९०८ | २१ |
| ५ | ४०३ | ४,९४८ | १,१४८ | ३४४ | १,७२० | ६,६६८ | १,४९२ | १७ |
| ६ | ४८१ | ५,६३५ | २,१२६ | ३८३ | १,९१५ | ७,५५० | २,५०९ | १६ |
| ७ | ५२१ | ६,२१९ | १,१८० | ६२४ | ३,१२० | ९,३३९ | १,८०४ | १८ |
| ८ | ८०३ | ५,७५३ | २,८९४ | २६४ | १,३२० | ७,०७३ | ३,१५८ | ९ |
| ९ | ३४० | ५,९७७ | १,०७१ | ६२१ | ३,१०५ | ९,०८२ | १,६९२ | २७ |
| १० | ३९४ | १०,५२१ | ४०८ | ९८७ | ४,९३५ | १५,४५६ | १,३९५ | ३९ |
| ११ | ५९० | १३,८१० | १,०३९ | १,१५० | ५,७५० | १९,५६० | २,१८९ | ३३ |
| १२ | २९६ | ६,९७७ | १,०८८ | ७५४ | ३,७७० | १०,७४७ | १,८४२ | ३६ |
| १३ | ५६४ | ३,२८६ | ६२६ | ९६ | ४८० | ३,७६६ | ७२२ | ७ |
| १४ | ४६० | ३,२८७ | १,४३७ | १५८ | ७९० | ४,०७७ | १,५९५ | ९ |
| **जम्मा** | **७,७८९** | **८६,२०८** | **१७,४९६** | **६,९९८** | **३४,९९०** | **१२१,१९८** | **२४,४९४** | **१६** |

श्रोत : घरधुरी सर्वेक्षण, २०६३ तथा नक्शा शाखा भरतपुर नगरपालिका

## ६.५ जनसंख्या प्रक्षेपण

उपलब्ध तथ्याङ्क पुरानो भएकोले यस सम्वन्धमा आगामी जेष्ठ २०६८ मा राष्ट्रिय जनगणना हुने भएको हुँदा यकिन विवरण तत्पश्चात मात्र जानकारी हन सक्दछ । तथापी करिब १३८,००० को जनसंख्यालाई आधार मान्ने हो भने २०५८ देखि २०६८ सम्म जनसंख्या वृद्धिदर करिब ४% भएको पाइन्छ । यही वृद्धिदर कायम हुने हो भने भरतपुरको जनसंख्या आगामी २० वर्षमा करिब ३,००,००० को हाराहारीमा पुग्ने सम्भावना देखिन्छ । क्षेत्र अनुसार हुने जनसंख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ६.५ : आगामी २० वर्षको जनसंख्या प्रक्षेपण**

| क्षेत्र | वडा | क्षेत्रफल | २०६८ | | २०७८ | | २०८८ | |
|---|---|---|---|---|---|---|---|---|
| | | | जनसंख्या | घनत्व | जनसंख्या | घनत्व | जनसंख्या | घनत्व |
| भरतपुर उत्तर | १ | २,२२८ | ३,८८८ | २ | ५,७७६ | ३ | ८,५३७ | ४ |
| भरतपुर पूर्व | ११, १२ | ८८५ | ३३,२६३ | ३८ | ४९,४१२ | ५६ | ७३,०३३ | ८३ |
| भरतपुर दक्षिण | ८,, ९, ७ | १,५४७ | २३,८२४ | १५ | ३५,३९१ | २३ | ५२,३१० | ३४ |
| भरतपुर पश्चिम | ५, ६, १३, १४ | १,८०७ | २३,१०९ | १३ | ३४,३२८ | १९ | ५०,७३९ | २८ |
| नारायणघाट मध्य | १, २, ३, ४ | ७११ | २७,८०६ | ३९ | ४१,३०५ | ५८ | ६१,०५१ | ८६ |
| भरतपुर मध्य | १०, ५, ६, ७ | ६११ | २६,११० | ४३ | ३८,७८७ | ६३ | ५७,३२९ | ९४ |
| | **जम्मा** | **७,७८९** | **१३८,०००** | **१८** | **२०५,०००** | **२६** | **३०३,०००** | **३९** |

## ६.६ थप आवादीको लागि आवश्यक भौतिक पूर्वाधार

हालको जनसंख्या भन्दा दोब्बर हुने हो भने नगरपालिकामा उक्त जनसंख्याको सेवा सुविधाको लागि आजको अनुपातमा दोब्बर भन्दा पनि बढी भौतिक पूर्वाधारको आवश्यकता पर्दछ । मुख्य आवश्यक पूर्वाधारको विश्लेषण तल गरिएको छ :

### ६.६.१ आवासयोग्य भूमि (घडेरी)

नगरपालिकाभित्र करिब ७,१०६ त्रिघा (५५१ हेक्टर) आवासयोग्य भूभि भएको अनुमान छ । प्रति एक घरले ओगट्ने जमिन सरदर एक कठ्ठा हुने हो भने हालको जनसंख्याले आवादी तथा खेतीयोग्य जमिनको करिब ११% भूभाग ओगटेको छ । नारायणघाट तथा भरतपुरका घना आवादी बस्तीमा यस्तो प्रतिशत ४०% सम्म रहेको छ र प्रति घरले ओगटेको क्षेत्रफल पनि एक कठ्ठाभन्दा कम छ । आवादीको क्रमसँगै प्रति घरले ओगट्ने क्षेत्रफल पनि क्रमिक रुपमा कम हुँदै जान्छ । आगामी विसं. २०८८ सम्म प्रति घर क्षेत्रफल सरदर पौने कठ्ठा हुँने हो भने आवादी प्रयोजनको लागि मात्रै थप १,२०० बिघा (८०० हेक्टर) जमिनको आवश्यकता पर्ने देखिन्छ ।

**तालिका नं. ६.६ : आवासयोग्य भूमिको आवश्यकता**

| | एकाई | २०६३ | २०८८ | थप हुन सक्ने |
|---|---|---|---|---|
| जनसंख्या | जना | ८६,२०८ | ३०३,००० | २१६,७९२ |
| परिवार आकार | प्रति एक | ५.८६ | ५ | |
| परिवार | संख्या | १७,४९६ | ६०,६०० | ४३,१०४ |
| भवन | संख्या | १५,७४६ | ५४,५४० | ३८,७९४ |
| एक भवनले ओगट्ने क्षेत्रफल | वर्ग मीटर | ३५० | २५० | |
| आवादीको लागि आवश्यक जमिन | बिघा | ८१३ | २,०१२ | १,१९९ |
| आवादीयोग्य जमिन | बिघा | ७,१०६ | ७,१०६ | |
| प्रतिशत | | ११% | २८% | १७% |

आवासको लागि मात्रै १७% र थप सडकको लागि ५% गरी जम्मा २२% हालको खेती गरिएको जमिन गुम्न जाने देखिन्छ ।

### ६.६.२ सडक

हाल भरतपुरमा करिब ५५० किमी सडक रहेको छ । कुल आवादीयोग्य जमिनमा सडकले ओगटेको क्षेत्रफलको प्रतिशत ५% रहेको छ । भरतपुर पश्चिम र दक्षिणमा यो प्रतिशत ३ मात्रै रहेको छ भने नारायणघाट मध्यमा ९% सम्म रहेको छ । सहज आवागमनका लागि सडकको घनत्व कम्तिमा १०% हुनु आवश्यक हुन्छ । हाल सरदर ४ मी चौडा रहेको सडक पनि कम्तिमा ६ मी हुनु पर्ने देखिन्छ । यसरी विश्लेषण गर्दा विसं. २०८८ सम्ममा थप २५३ किमी सडकको आवश्यकता रहेको देखिन्छ । हेर्नुहोस् तालिका ।

**तालिका नं. ६.७ : सडक घनत्व**

| | | |
|---|---|---|
| आवादीयोग्य जमिन | हेक्टर | ४,८१५ |
| सडक घनत्व (१०%) | हेक्टर | ४८२ |
| सरदर चौडाई | मी | ६ |
| जम्मा लम्बाई | कि.मी. | ८०३ |
| विद्यमान सडक लम्बाई | कि.मी. | ५५० |
| थप सडक लम्बाई | कि.मी. | २५३ |

### ६.६.३ खानेपानीको आवश्यकता

हालै सम्पन्न सहरी तथा वातावरणीय सुधार परियोजनाले तगरपालिकाको वडा नं. १३ र १४ बाहेक अन्य करिब सम्पूर्ण क्षेत्रमा विद्यमान खानेपानी प्रणालीमा सुधार गर्नुको साथै थप खानेपानी आपूर्तिको पनि व्यबस्था गरेको छ । यसले सेवा क्षेत्र भित्र आगामी विसं. २०७६ सम्मको खानेपानीको मागलाई धान्न सक्छ । तथापी सेवा क्षेत्रभन्दा बाहिरको तथा सेवा क्षेत्रभित्रको पनि त्यसपछि थप हुँने जनसंख्यालाई हालको आपूर्तिले थेग्न सक्दैन । विसं. २०८८ सालसम्म दैनिक करिब १७० लाख लिटर थप खानेपानीको आवश्यकता पर्ने देखिन्छ । हेर्नुहोस् तालिका ।

**तालिका नं. ६.८ : खानेपानीको आवश्यकता**

| | | |
|---|---|---|
| प्रक्षेपित जनसंख्या | | ३०३,००० |
| घरेलु आवश्यकता | लि प्रति व्यक्ति प्रति दिन | १०० |
| संस्थागत आवश्यकता | | १०% |
| चुहावट | | १५% |
| खानेपानी आवश्यकता | लाख लिटर प्रति दिन | ३४९ |
| खानेपानी आपूर्ति | लाख लिटर प्रति दिन | १८० |
| जम्मा आवश्यकता | लाख लिटर प्रति दिन | १६९ |

### ६.६.४ फोहोर वस्तु उत्पादन

जनसंख्याको वृद्धिसँगै फोहोर वस्तुको उत्पादन बढ्ने हुँदा सोको व्यवस्थापन गर्न कार्य पनि नगरपालिकाको लागि कम चुनौतिपूर्ण हुँदैन । न्यूनतम २०० ग्राम प्रति व्यक्ति प्रति दिन उत्पादन भएमा दैनिक ६० टन फोहोरको व्यवस्थापन गर्नु पर्ने हुन्छ जुन हालको व्यवस्थापन भन्दा तीन गुणाले बढी हुन्छ ।

### ६.६.५ शिक्षा तथा सामाजिक पूर्वाधार

वि.सं. २०८८ सम्ममा विद्यालय जाने उमेरका (५ देखि १५ वर्षका) केटाकेटीको संख्या करिब ६०,००० पुगेको हुनेछ । जसको लागि हालको भन्दा तीन गुणा बढी विद्यालयको आवश्यकता पर्दछ । त्यसैगरी ५९ वर्षभन्दा बढी

उमेरको जनसंख्या करिब २५,००० हुनेछ जसको लागि सामाजिक पूर्वाधाहरूको व्यबस्था गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ ।

### ६.६.६ विविध

यसको अलावा जनसंख्याको वृद्धिसँगै आउने अनेक शहरीय समस्याहरु जस्तो फोहोर पानी व्यबस्थापन, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन, शान्ति सुरक्षाको व्यवस्थापन, बाताबरण तथा प्रकोप व्यवस्थापन, पार्क तथा खुला स्थानको समुचित उपयोग, नगरबासीलाई प्रदान गरीदै आएको अन्य सेवाहरूमा चुस्तता, भएका र हुने संरचनाहरूको नियमित मर्मत सम्भार गर्दै असल शासकीय क्षमता अभिवृद्धि गर्नु पर्ने कार्य नगरपालिकाको लागि चुनौतिपूर्ण हुने देखिन्छ ।

## ६.७ प्रस्तावित नगर विकास मापदण्ड स्वरुप

सडकको अधिकार क्षेत्रको वस्तुगत निर्धारण, जग्गा कित्ता काट तथा भवन निर्माण मापदण्ड र तिनको नियमित अनुगमन मात्र गर्दा पनि धेरै हदसम्म समस्याहरूको निवारण हुँने हुँदा तिनको मोटामोटी रुपरेखा यहा प्रस्तुत गरिएको छ ।

### ६.७.१ सडकको वर्गीकरण तथा तिनको क्रमबद्धता

सडकको वर्गीकरण हालै नगरपालिकाकाले अङ्गिकार गरेको ठेगाना प्रणालीलाई पनि दृष्टिगत गरी निम्न बमोजिम गरिएको छ :

**तालिका नं. ६.९ : सडकको वर्गीकरण तथा तिनको क्रमबद्धता**

| नाम | व्याख्या | प्राथमिकता क्रम | सडक अधिकार क्षेत्र (मी) | अधिकतम लम्बाई (किमी) |
|---|---|---|---|---|
| राष्ट्रिय राजपथ (National Highway) | मुख्य राजमार्ग : एक जिल्लाबाट अर्को जिल्ला अथवा मुख्य शहरबाट आर्को मुख्य शहर जोड्ने । | उच्च | ३० भन्दा बढी | |
| रणनैतिक नगर पथ (Strategic Urban Road) | नगरबाट छिमेकी गा.वि.स. जोड्ने र आपतकालीन अवस्थामा बैकल्पिक बाटो हुनसक्ने । | उच्च | २२ | २० |
| नगर सडक (Urban Road) | एक वडा वा क्षेत्रबाट अन्य वडा वा क्षेत्र जोड्ने | मध्यम | १६ | १० |
| भित्री नगर सडक (Inner Urban Road) | वडाभित्र एक स्थानबाट अर्को स्थानमा जोड्ने | मध्यम | ११ | ५ |
| टोल मार्ग (Neighbourhood Road) | एक टोलबाट अर्को टोल जोड्ने | निम्न | ९ | ३ |
| भित्री टोल मार्ग (Inner Neighbourhood Road) | एक घरबाट अर्को घर जोड्ने | निम्न | ६ | १ |

यहाँ २२ मी भन्दा बढी चौडा सडकलाई पथ, ११ देखि १६ मी चौडालाई सडक र सो भन्दा कम चौडालाई मार्ग भनी नामाकरण गरिएको छ । दोहोरो मोटर सहजै आवागमन हुन नसक्ने ४ मी भन्दा कम चौडा सडकलाई गल्ली भनिनेछ जसको उल्लेख यहाँ गरिएको छैन । भरतपुरमा हाल नगरभित्र १ मी चौडाईदेखि प्रत्येक ५० से.मी.को फरकमा १० मी चौडाइसम्मका पीच गरिएका वा नगरिएका सडकहरू छन् । नगरपालिकाको कार्यक्षेत्रमा रहेको दोहोरो मोटर गुड्ने सबै खाले सडकहरूलाई माथि उल्लेखित २२ मीटर सम्मको अधिकार

क्षेत्रमा अविलम्ब ल्याउने र सोही मुताविक नामाकरण गर्न प्रस्ताव गरिएको छ । साथै अधिकतम लम्बाई बढ्न गएमा सम्भव भएसम्म माथिल्लो क्रममा बढोत्तरी गर्नु उपयुक्त हुन्छ ।

### ६.७.२ प्रस्तावित सडक सुविधा तथा भू उपयोग

यी सडकहरूमा भविष्यमा सडक सुविधा निम्न बमोजिम हुने गरी प्रस्ताव गरिएको छ । साथै क्षेत्र अनुसार भ-उपयोगमा केही तल माथि भएता पनि मुख्य भू-उपयोग निम्न बमोजिम हुन उपयुक्त हुन्छ ।

**तालिका नं. ६.१० : प्रस्तावित सडक सुविधा तथा भू-उपयोग**

| सडकको वर्गीकरण | सेटव्याक (मी.) | सडक सुविधा | भू-उपयोग | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| राष्ट्रिय राजपथ | ५ | ६ लेन सडक, सर्भिस लेन, डिभाइडर, हरित कोरिडोर | व्यापारिक, औद्योगिक, ठूला अस्पताल तथा शैक्षिक संस्था | जिल्ला सडक डिभिजन |
| रणनैतिक नगर पथ | ३ | ४ लेन सडक, डिभाइडर, हरित कोरिडोर, बजार क्षेत्रमा फुटपाथ, सतह ढल | मझौला व्यापारिक उद्योग, अस्पताल, शैक्षिक संस्था | भरतपुर नगरपालिका |
| नगर सडक | २ | ३ लेन सडक, हरित कोरिडोर, फुटपाथ, सतह ढल | साना व्यापारिक, उद्योग, विद्यालय | भरतपुर नगरपालिका |
| भित्री नगर सडक | १.५ | २ लेन सडक, हरित कोरिडोर, फुटपाथ, सतह ढल | आवासीय, साना कुटिर उद्योग, साना विद्यालय | भरतपुर नगरपालिका |
| टोल मार्ग | १ | २ लेन सडक, फुटपाथ, सतह ढल | आवासीय, कुटीर उद्योग | भरतपुर नगरपालिका |
| भित्री टोल मार्ग | १ | २ लेन सडक, , फुटपाथ, सतह ढल | आवासीय, कुटीर उद्योग | भरतपुर नगरपालिका |

### ६.७.३ क्षेत्र वर्गीकरण अनुसार सहरी सेवा सुविधा

उल्लेखित ६ वटा क्षेत्रहरू विकासका दृष्टिकोणबाट अगाडि पछाडि रहेका र तिनका आ-आफ्नै अवसर तथा चुनौती छन् । भविष्यमा ती क्षेत्रहरूको अवस्थाको अनुमान गरी सोही मुताबिकका योजनाहरूको निर्माण गर्नु वाञ्छनीय देखिएको हुदा निम्न विश्लेषण गरिएको छ ।

**तालिका नं. ६.११ : क्षेत्र अनुसार अपेक्षित सेवा सुविधा**

| | |
|---|---|
| **भरतपुर उत्तर** | |
| उपलब्ध सुविधा/अवसर | रामनगर, देवघाट तथा ठिमुरा तीन छुट्टाछुट्टै स-साना ग्रामीण बस्ती/रामनगर राजमार्ग समीप/एक आर्को बस्तीको बीचमा घना जंगल/भित्री नगर सडक कच्ची/देवघाट प्रमुख तीर्थस्थल |
| समस्या/चुनौती | ठिमुरा र रामनगर सीधा बाटोले नजोडिएको / मुख्य नारायणघाट बजारबाट छुट्टिएर रहेका वस्तीहरू /खानेपानीको अभाव/टोल मार्गहरूको दुरावस्था |
| अपेक्षित अवस्था | निम्न मध्यम वर्गको आवास तथा घरेलु खेती हुने भएकोले न्यूनतम आधारभूत पूर्वाधारको परिपूर्ती । समुदायमा आधारित जङ्गल सुरक्षा व्यबस्था । |
| **भरतपुर पूर्व** | |
| उपलब्ध सुविधा/अवसर | बाईपास सडक समीप, अधिकांश स्थानमा खानेपानीको व्यवस्था |

| | |
|---|---|
| समस्या/चुनौती | अधिकांश सडकहरू सतह ढलविहिन सार्वजनिक यातायातको अभाव, अव्यवस्थित सुकुम्वासी वस्ती, राजमार्ग (वाइपास) को उपयोगमा कमी |
| अपेक्षित अवस्था | रणनैतिक नगर सडकमा सतह ढलको व्यवस्था सम्पूर्ण स्थानमा खानेपानीको व्यवस्था, सार्वजनिक यातायात संचालन, व्यवस्थित सुकुम्बासी बस्ती |
| **भरतपुर दक्षिण** | |
| उपलब्ध सुविधा/अवसर | अधिकांश मुख्य बाटोहरू पीच, क्षेत्रीय बस टर्मिनल, सीमित सतह ढल/सार्वजनिक यातायातको सरल पहुँच/खानेपानीको व्यवस्था/ठूला अस्पताल नजिक। कृष्णपुर जग्गा एकीकरण आयोजना सफलतापूर्वक सम्पन्न। |
| समस्या/चुनौती | ७५% भन्दा बढी क्षेत्रमा खानेपानीको पहुँच नभएको / जथाभावी घडेरी टुक्रने क्रम/ पातलो बस्ती/ सार्वजनिक यातायातको अभाव/व्यवस्थित बजारको अभाव |
| अपेक्षित अवस्था | सम्पूर्ण क्षेत्रमा खानेपानीको पहुँच, रणनैतिक नगर सडक तथा भित्री नगर सडक पीच/प्रयोगही अवस्थामा नहरका सतह ढलको व्यवस्था, मुख्य आवासीय बस्ती/सामुदायिक बजार व्यवस्था/साना सार्वजनिक यातायात/जथाभावी घडेरी टुक्र्याउन नियन्त्रण |
| **भरतपुर पश्चिम** | |
| उपलब्ध सुविधा/अवसर | रणनैतिक नगर सडक केही पीच, अधिकांश सडक ग्राभेल, ग्रामीण बस्ती |
| समस्या/चुनौती | करीब ५०% क्षेत्रमा खानेपानीको पहुँच नभएको, जथाभावी बाटो निकाल्ने र जग्गा टुक्राउने क्रम अत्यधिक, पातलो बस्ती, सार्वजनिक यातायातको कमी, व्यवस्थित वजारको अभाव। |
| अपेक्षित अवस्था | सम्पूर्ण क्षेत्रमा खानेपानीको पहुँच, रणनैतिक नगर सडक तथा भित्री नगर सडक पीच/प्रयोगहीन अवस्थामा नहरका सतह ढलको व्यवस्था, मुख्य आवासीय बस्ती/सामुदायिक बजार व्यवस्था/साना सार्वजनिक यातायात/जथाभावी घडेरी टुक्र्याउन नियन्त्रण |
| **नारायणघाट मध्य** | |
| उपलब्ध सुविधा/अवसर | नारायणघाट बजार क्षेत्रमा खानेपानी, सतह ढल, फोहोर पानी ढलको व्यवस्था अन्य सीमित स्थानमा सतह ढलको व्यवस्था, दुई तरकारी बजार, एक बस पार्किङ्ग/सार्वजनिक यातायातको सरल पहुँच, अधिकांश मुख्य बाटोहरू पीच |
| समस्या/चुनौती | मुख्य चोकहरूमा सवारी साधन तथा पैदल यात्रुको अत्यधिक चाप, क्षेत्र २ (वडा नं,३) को उत्तरी भागमा पानी जम्ने, अव्यवस्थित फुटपाथ पसल, धेरै सतह ढल प्रभावहीन, न्यून सडक बत्ती, खुला स्थानको कमी, अव्यवस्थित सार्वजनिक यातायात, सडक मर्मतमा नियमितताको अभाव/सार्वजनिक शौचालयको कमी |
| अपेक्षित अवस्था | सम्पूर्ण रणनैतिक नगर सडक तथा भित्री नगर सडकमा सतह ढल तथा सडक बत्तीको व्यवस्था/सार्वजनिक शौचालय/फुटपाथ पसल व्यवस्थापन/क्षेत्र ५ (वडा ४) मा फोहोर ढलको व्यवस्था, पैदल यात्रुको सहज आवागमन |
| **भरतपुर मध्य** | |
| उपलब्ध सुविधा/अवसर | अधिकांश सडक पीच, विमानस्थल, ठूला अस्पताल तथा शैक्षिक संस्था, भरतपुर क्षेत्रको बजार तथा बाक्लो बस्ती |
| समस्या/चुनौती | राजमार्गमा अत्यधिक गतिको कारण दुर्घटना, वसपार्क सञ्चालनमा कमजोरी, अधिकांश भित्री सडकहरूमा सतह ढलको कमी, जथाभावी भित्री बाटोहरू खोलिने, सार्वजनिक शौचालयको अभाव |
| अपेक्षित अवस्था | सम्पूर्ण रणनैतिक नगर सडक तथा भित्री नगर सडकमा सतह ढल तथा बत्तीको व्यवस्था/व्यवस्थित सार्वजनिक शौचालय |

## ६.८ प्रस्तावित सहरी स्वरुप

उपरोक्त क्षेत्रहरूको विद्यमान स्वरुपलाई दृष्टिगत गर्दा भविष्यको विकास योजना निम्न बमोजिमले गर्न उपयुक्त देखिन्छ :

**तालिका नं. ६.१२ : प्रस्तावित सहरी स्वरुप**

| क्षेत्र | वडा | % क्षेत्रफल | जनसंख्या | घनत्व | प्रस्तावित सहरी स्वरुप |
|---|---|---|---|---|---|
| भरतपुर उत्तर | १ | २९% | ८,५३७ | ४ | संरक्षित वन क्षेत्र, सीमित आवासीय क्षेत्र, धार्मिक पर्यटन क्षेत्र, तटीय क्षेत्र |
| भरतपुर पूर्व | ११, १२ | ११% | ७३,०३३ | ८३ | आवासीय क्षेत्र |
| भरतपुर दक्षिण | ८,, ९, ७ | २०% | ५२,३१० | ३४ | विस्तारित (योजनाबद्ध) आवासीय क्षेत्र (क) |
| भरतपुर पश्चिम | ५, ६, १३, १४ | २३% | ५०,७३९ | २८ | विस्तारित (योजनाबद्ध) आवासीय क्षेत्र (ख), तटीय क्षेत्र |
| नारायणघाट मध्य | १, २, ३, ४ | ९% | ६१,०५१ | ८६ | तटीय व्यापारिक क्षेत्र |
| भरतपुर मध्य | १०, ५, ६, ७ | ८% | ५७,३२९ | ९४ | विस्तारित व्यापारिक क्षेत्र |
| | **जम्मा** | **१००%** | **३०३,०००** | **३९** | |

## ६.९ क्षेत्रगत विकास योजना

उपरोक्त क्षेत्रहरूको विद्यमान स्वरुपलाई दृष्टिगत गर्दा भविष्यको विकास योजना निम्न बमोजिमले गर्न उपयुक्त देखिन्छ :


**तालिका नं. ६.१३ : क्षेत्रगत विकास योजना**

| क्रसं. | योजना | भरतपुर उत्तर | भरतपुर पूर्व | भरतपुर दक्षिण | भरतपुर पश्चिम | नारायणघाट मध्य | भरतपुर मध्य |
|---|---|---|---|---|---|---|---|
| १ | सिटी हल | | | | | | ✓ |
| २ | बृद्धाश्रम | ✓ | | | | | |
| ३ | वधशाला | | | | | ✓ | |
| ४ | विस्तारित खानेपानी | ✓ | ✓ | ✓ | ✓ | | |
| ५ | अटो पार्क | | | | | ✓ | |
| ६ | जङ्गल पार्क | ✓ | | | | ✓ | |
| ७ | सार्वजनिक स्थल संरक्षण /पार्क | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | सपिङ्ग कम्लेक्स | | | | | ✓ | |
| ९ | मिनि स्टेडियम | | | | | ✓ | |
| १० | धर्मशाला | ✓ | | | | | |
| ११ | शवदाह गृह | ✓ | | | | | |
| १२ | व्यबस्थित सामुदायिक जग्गा विकास | | | ✓ | ✓ | | |
| १३ | मुख्य बजार | | | | | ✓ | ✓ |
| १४ | हाउजिङ्ग कोलोनी/ सामुदायिक वस्ती विकास | | | ✓ | ✓ | | |
| १५ | अपार्टमेण्ट | | ✓ | ✓ | ✓ | | ✓ |
| १६ | पुस्तकालय/सूचना केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १७ | सामुदायिक भवन/ सामाजिक उत्थान कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

| क्रसं. | योजना | भरतपुर उत्तर | भरतपुर पूर्व | भरतपुर दक्षिण | भरतपुर पश्चिम | नारायणघाट मध्य | भरतपुर मध्य |
|---|---|---|---|---|---|---|---|
| १८ | साना बजार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १९ | स्वास्थ्य केन्द्र /एम्बुलेन्स | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २० | सामुदायिक प्रहरी | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २१ | ठूला अस्पताल |  | ✓ | ✓ | ✓ |  |  |
| २२ | प्रकोप व्यवस्थापन केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २३ | उद्यमशीलता विकास केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २४ | टोल विकास इलाका | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २५ | परिमार्जित भवन निर्माण मापदण्ड तथा भवन आचार संहिता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २६ | वैज्ञानिक घर प्रणाली | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २७ | सार्वजनिक शौचालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २८ | स्यानेटरी ल्याण्डफिल साइट |  |  |  | ✓ | ✓ |  |
| २९ | हरियाली प्रबर्द्धन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ३० | सार्वजनिक यातायात सुदृढीकरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

माथि उल्लेख भए मुताबिक दीर्घकालीन सोचलाई मूर्तरुप दिन विभिन्न रणनीति तयार गरी आगामी पाँच वर्षको लागि सम्भाव्य कार्यक्रमहरू तर्जुमा गरिएको छ, जसको विस्तृत विवरण आगामी परिच्छेदमा दिइएको छ ।

## ६.१० सहरी विस्तार क्षेत्र




भरतपुर नगरपालिकाको उत्तरी र पूर्वी सिमानामा घना जङ्गल भएको र उत्तरी सीमाभन्दा माथि विकट पहाडी भू-भाग हुनुको साथै पूर्वतिरका गा.वि.सहरू जुटपानी, पिठुवा, रत्ननगर विस्तारित क्षेत्रभित्र पर्ने भएको हुँदा भरतपुरको सहरी विस्तार क्षेत्र दक्षिण पश्चिम भू-भाग नै हो । नारायणी पारी गैंडाकोट व्यावहारिक रुपमा नारायणघाटकै कारणले विस्तारित बजार भएतापनि अर्को जिल्लामा पर्ने भएकोले उक्त क्षेत्रलाई भरतपुर नगरपालिकाको विस्तारित क्षेत्रभित्र समेट्न प्रशासनिक तथा कानूनी अड्चनहरू रहेका छन् । तसर्थ हालको परिप्रेक्ष्यमा संभावित विस्तार क्षेत्र दक्षिण पश्चिमका गा.वि.स.हरू नै भएकोले नगरपालिकाको जग्गा विकास तथा भवन निर्माण मापदण्ड तयार गर्दा मङ्गलपुर, फूलबारी, गीतानगर, शारदानगर, शिवनगर, पटिहानी, पार्वतीनगर, गुञ्जनगर र जगतपुर गा.वि.स.लाई पनि समेट्नु उपयुक्त देखिन्छ ।

## ६.११ नगर विकासका निर्देशक सिद्धान्तहरू

प्रस्तावित नगर विकास अवधारणा तथा नगरले अङ्गिकार गरेको दीर्घकालीन सोचलाई भौतिक, सामाजिक तथा आर्थिक र वातावरणीय विकासको रुपमा प्रभावकारी रुपान्तरण गर्नका निम्ति भरतपुर नगरपालिकाको दीर्घकालीन विकासका लागि निम्न निर्देशक सिद्धान्तहरू अवलम्वन गर्न प्रस्ताव गरिएका छन् ।

क. नगरको "समग्र उन्नतिलाई" अर्थ्याउन आवश्यक विकासका सूचकहरूको पहिचान, विश्लेषण तथा त्यसको प्रभावकारी प्रयोग हुनुपर्ने ।

ख. नगर विकासमा स्थानीय जनताको जिम्मेवारीबोध बढाउन तथा जनसवलीकरण गर्न सहभागितामूलक कार्य पद्धतिलाई अवलम्वन गर्ने ।

ग. व्यवस्थित शहर बनाउन न्यूनतम भौतिक, सामाजिक तथा आर्थिक एवं वातावरणीय पूर्वाधारहरूको व्यवस्था गरी क्षेत्रगत सहरी विकासको अवधारणा अनुरुप विकास गर्नुपर्ने । साथै परिमार्जित भवन निर्माण मापदण्ड तथा आचार संहिताको सवैबाट पूर्ण पालना गर्नुपर्ने ।

घ. स्थानीय साधन, श्रोतको अत्याधिक एवं प्रभावकारी परिचालनको लागि निजी तथा सरकारी एवं समुदायमा आधारित संस्थाहरू बीच साझेदारी गरिनुपर्ने ।

ङ. नगर विकास कार्यक्रम संचालन गर्दा उपेक्षित, उत्पीडित, दलित तथा सामाजिक रुपमा पिछडिएका वर्ग/क्षेत्रको विकासलाई योजनाको केन्द्रमा राखी सामाजिक समोशीकरणमा विशेष ध्यान दिइनुपर्ने । गरिनुपर्ने ।

च. नगरको वातावरणीय एवं पर्यावरणीय विशेषतालाई जोगाउन/बढाउन तथा यसलाई वातावरण मैत्री बनाउन वातावरणीय/पर्यावरणीय संरक्षण एवं विकास सुनिश्चित गरिनुपर्ने ।

छ. नगरको समुचित विकासको लागि कर तिर्नुपर्ने दायित्वबोध गराउँदै करको दायरालाई क्रमिक रुपमा फराकिलो बनाउँदै लगिनुपर्ने ।

ज. निजी क्षेत्रबाट व्यापक रुपमा मापदण्ड विपरीत भैरहेको घडेरी टुक्र्याउने क्रमलाई निरुत्साह गरिनुपर्ने ।

झ. उद्यमशीलताको विकासको लागि नगरपालिकाको अगुवाइमा सम्पूर्ण निजी, सार्वजनिक संस्था तथा नागरिक समाजसँग सहकार्य गरिनुपर्ने ।

# परिच्छेद - ७ : बहुक्षेत्रगत विकास योजना तथा कार्यक्रम

## ७.१ भौतिक विकास योजना

| | |
|---|---|
| **उद्देश्यः** | सम्पूर्ण नगरवासीको न्यूनतम सहरी सेवा तथा सुविधामा समान पहुँच भएको हुनेछ । |
| नतिजा /सूचकः | • सडक : आगामी पाँच वर्षमा ७७ किमी सडकको सुधार तथा विस्तार भएको हुनेछ । कमसेकम ५०% सडक पीच भएको हुनेछ । सम्भाव्य ६ मी भन्दा कम सडकहरूको न्यूनतम चौडाइ ६ मी बनाइनेछ । नयाँ खोलिने सडक ६ मी भन्दा कम हुनेछैन ।<br>• खानेपानी : कमसेकम ८०% नगरवासीलाई पाइप खानेपानीको सुविधा पुऱ्याइनुको साथै १००% घरधुरीमा सहज खानेपानीको व्यवस्थापन भएको हुनेछ । खानेपानीको गुणस्तर नियन्त्रण प्रभावकारी हुनेछ ।<br>• सतह ढल : माष्टर प्लान तयार भएको हुनेछ । पहिलो चरणको कार्य शुरु भएको हुनेछ । केरुङ्गा तथा पुङ्गी खोलामा ट्रंक लाइन विस्तार गरिनेछ ।<br>• पुल पुलेसा : नारायणी नदीमा दुई वटा पुल बनाउने कार्यको शुरुआत गरिनेछ । मुख्य चोकहरूमा चारवटा आकाशे पुल बनाइनेछ । खगेडी खोलामा पुल बनाइनेछ । |
| पुष्ट्याँईका आधार | • नगर सर्वेक्षण तथा प्रोफाइल । |
| जोखिम पक्ष | • राजनैतिक प्रतिबद्धता, कार्यकारी अधिकृतको छिटो सरुवा |

## ७.२ सामाजिक विकास योजना

सामाजिक विकास योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, महिला, बालवालिका आदि क्षेत्रलाई समेट्दछ । सामाजिक विकास योजनाले जनजीवनमा गुणात्मक सुधार गर्नका लागि अहम तथा महत्वपूर्ण योगदान प्रदान गर्दछ । सामाजिक विकासका कार्यक्रमले प्राथमिकता पाइरहेको वर्तमान परिप्रेक्ष्यमा सामाजिक विकास कार्यक्रमहरूलाई केन्द्रित गर्नुपर्छ भन्नेतर्फ पनि ध्यान जानुपर्दछ । नगर क्षेत्रको सामाजिक अवस्थाको विश्लेषणका आधारमा तर्कबद्ध खाका योजनामा आधारित सामाजिक विकास योजना तर्जुमा गरिएको जसमा शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, उपेक्षित, उत्पीडित तथा दलितवर्ग उत्थान, ज्येष्ठ नागरिक, सीमान्तकृत, भिन्न क्षमतावान, सडकबालबालिका लगायतका योजना समाविष्ट छन् ।

**(क) शिक्षा**

| | |
|---|---|
| **उद्देश्यः** | शिक्षामा सबैको सर्वसुलभ, समन्यायिक एवं समावेशी विशेषगरी महिला तथा सामाजिक रुपले पिछाडि पारिएका विपन्न वर्गका व्यक्तिहरूको पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने । |
| नतिजाः | • पब्लिक विश्व विद्यालयको स्थापना (दियालो बंगलामा)<br>• साक्षरता प्रतिशतमा वृद्धि गरी ९५% पुऱ्याउने<br>• प्रत्येक वडामा सूचना केन्द्रको स्थापना गर्ने<br>• पुस्तकालयको स्तरवृद्धि तथा नयाँ स्थापना गरिने<br>• नगर शिक्षा समिति गठन र कार्य |
| सूचक | • योजनाको अन्त्यमा साक्षरता प्रतिशत ८४.५% रहेकोमा आ.व. ०६८/७३ सम्ममा ९५% पुगेको हुनेछ<br>• हरेक वडामा कम्तीमा एउटा सूचना केन्द्रको स्थापना भएको<br>• ११ र १४ नं. वडामा नयाँ स्थापना र अन्य वाडमा स्तरवृद्धि भएको |

| | |
|---|---|
| | • हरेक वडामा नगर शिक्षा समिति गठन भई कार्य भएको |
| पुष्ट्याँईका आधार | • जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन<br>• जि.वि.स.सूचना केन्द्र<br>• भ.न.पा. सूचना केन्द्र<br>• गैससका प्रतिवेदनहरू<br>• अनौपचारिक शिक्षामा महिला सहभागिता । |
| जोखिम पक्ष | • राजनैतिक एवं सामाजिक परिस्थितिको अनुकूलता<br>• सरकारी निकायको सहयोग<br>• निजी क्षेत्रको सक्रियता<br>• सामुदायिक सहयोग<br>• एथेष्ठ लागत उपलब्धता<br>• स्थानीय समुदाय रअभिभावकको शिक्षावारे महत्वबोध र तत्परताको कमी भएमा र प्रौढहरूमा शिक्षाबारे महत्ववोध र तत्परताको कमी भएमा । |
| रणनीति | • स्थानीय निकाय एवं समुदायलाई विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस सञ्चालनमा जिम्मेवारी सहित सहभागी बनाउने ।<br>• गुणस्तरीय शिक्षामा महिला, दलित एवं पिछडिएका वर्गहरूको पहुँच वढाउने |
| नीति/ कार्यनीति | • भ.न.पा., गैर सरकारी संस्था तथा नागरिक समाज, विद्यालय, विश्वविद्यालयका विद्यार्थीहरू, धार्मिक संघसंस्थाहरू, निजी क्षेत्र तथा राजनीतिक दललाई परिचालन गरी साक्षरता कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्ने ।<br>• प्रारम्भिक बालविकासमा विपन्न दलित र सीमान्तकृत समुदायका बालबालिकालाई समावेश गर्दै यस कार्यमा संलग्न सरकारी, सामुदायिक तथा अन्य निकायका कार्यक्रमहरूलाई समन्वयात्मक रुपमा अघि बढाउदै बाल विकास केन्द्रहरूको व्यवस्थापनमा सुधार ल्याउने ।<br>• शिक्षामा महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग आदिको पहुँच सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

**(ख) स्वास्थ्य**

| **उद्देश्यः** | नियमित र गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच सर्वसुलभ गराई नगरवासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने |
|---|---|
| नतिजाः | • सुरक्षित मातृत्व सेवाको पहुँचमा वृद्धि भई मातृ, शिशु तथा बाल मृत्युदर घटाउने अभियान संचालन भएको हुने<br>• एच.आई.भी./एड्स, लागु पदार्थ दुर्व्यसन, धुम्रपान तथा मध्यपानको समस्या निवारणका लागि अभियानका रुपमा विभिन्न कार्यक्रमहरू संचालन भएको हुने<br>• स्वास्थ्य केन्द्र स्थापना भएको हुनुका साथै स्तरोन्नति गर्ने<br>• HIV/AIDS , डेंगु लगायतका संक्रामक तथा दीर्घ रोगहरू नियन्त्रणमा जनचेतना र उपचारमा वृद्धि भएको हुने |
| सूचक | • प्रत्येक वार्डका स्वास्थ्य निकाय/समुदायमा गर्भवती महिलालाई अभिमुखीकरण/ जनचेतना अभिवृद्धि तालिम (र्‍याली, गोष्ठी, प्रचार प्रसार) नियमितरुपमा संचालन भएको<br>• स्वास्थ्य निकायमा प्रसुति गराउनेको संख्या हालकोमा वृद्धि भएको<br>• विपन्न समुदायको पहुँचलाई सर्वसुलभ हुने गरी स्वास्थ्य केन्द्रको स्थापनाका |

(वार्ड नं. १ र १३) साथसाथै स्तरोन्नति गर्ने
- भरतपुरमा अवस्थित सरकारी अस्पतालहरू सुविधा सम्पन्न भएको हुने र कुनै पनि रोगको उपचार सर्वसुलभ एवं गुणस्तरीय रुपमा भएको हुने
- HIV/AIDS, क्यान्सर, कुष्ठरोग, मधुमेह, टि.बी., डेंगु सम्बन्धी विशेष जनचेतना कार्यक्रमहरू नियमित रुपमा संचालित भएका

पुष्ट्याँईका आधार
- जिल्ला स्वास्थ्य कार्यालयको प्रतिवेदन
- जि.वि.स. सूचना केन्द्र
- गैससका प्रतिवेदनहरू
- भ.न.पा. आवधिक योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन
- स्थानीय निकायको प्रतिवेदन

जोखिम पक्ष
- कोषको उपलब्धता
- स्थानीय निकाय तथा जनसमुदायले चासो नदेखाएमा ।
- स्वास्थ्यसेवाको कार्यक्रमले प्राथमिकता र निरन्तरता पाउन नसकेमा ।
- स्थानीय नेता तथा सामाजिक कार्यकर्ताको सहयोग
- गैससको सक्रियता

रणनीति
- सर्वसुलभ स्वास्थ्य सेवामा सबैको पहुँच बढाउन उपलब्ध सबै श्रोतहरू (सरकारी, सामुदायिक, न.पा., गै.स.स एवं निजी श्रोत) को व्यापक परिचालन गर्ने ।
- गरीब तथा पिछडिएका वर्ग तथा समुदायलाई अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- भ.न.पा. लाई मेडिकल सीटीको रुपमा विकास गर्न सार्वजनिक,निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरी सेवा विस्तार र मानव संसाधनको विकास गर्न स्वास्थ्य सेवा प्रदायक निकाय र स्वास्थ्य शिक्षण संस्था संग सहकार्य गर्ने ।

नीति/कार्यनीति
- स्वस्थ जीवनशैली सम्बन्धी व्यापक जनचेतना जगाउने
- रोगहरू र तिनका रोकथामका बारेमा कार्यक्रमहरू नियमित रुपले संचालन गर्ने
- सरकारी अस्पतालहरू सुविधा सम्पन्न हुने एवं विपन्न समुदायको पहुँचलाई सर्वसुलभ हुने गरी स्वास्थ्य केन्द्रको स्थापनाका साथसाथै स्तरोन्नति गर्ने
- जोखिम अवस्थामा रहेका बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य सेवाको पहुँच वढाउने ।
- निजी क्षेत्र एवं गैसस सँग स्वास्थ्य सेवा सुधारका लागि सहकार्य गर्ने

कार्यक्रम
- प्रत्येक वार्डका स्वास्थ्य निकाय/समुदायमा गर्भवती महिलालाई अभिमुखीकरण/ जनचेतना अभिवृद्धि तालिम (र्‍याली, गोष्ठी, प्रचार प्रसार) नियमितरुपमा संचालन
- सरकारी अस्पतालहरूलाई सुविधा सम्पन्न तथा स्तरोन्नति
- सुविधाविहिन वडाहरूमा सर्वसुलभ स्वास्थ्य सेवा केन्द्रको विस्तार
- HIV/AIDS, क्यान्सर, कुष्ठरोग, मधुमेह, टि.बी., डेंगु, सम्बन्धी विशेष जनचेतना कार्यक्रमहरू नियमित रुपमा संचालन
- निःशुल्क औषधी वितरणमा नियमित अनुगमन
- नियमित खोप कार्यक्रम

### (ग) महिला/बालबालिका/ज्येष्ठ नागरिक

**उद्देश्यः**
- सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा महिलाहरूको भूमिकालाई सशक्त बनाउनुका साथै महिला विरुद्धका विभिन्न प्रकारका लैंगिकतामा आधारित हिंसा एवं विभेदको अन्त गरी समानता/समतामुलक समाज निर्माण गर्ने ।
- बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि अनुकुल, बालमैत्री वातावरण सिर्जना गरी उनीहरूका मौलिक हक अधिकारको संरक्षण र सम्बर्द्ध गर्ने ।

| | |
|---|---|
| | • ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई सामाजिक र आर्थिक कार्यक्रममा उपयोग गरी उनीहरूको जीवनस्तर सहज, सुरक्षित र सम्मानित जीवनयापनका लागि सेवा तथा सुविधाहरूको विस्तार गर्ने ।<br>• सरकारी, गैरसरकारी, सामुदायिक र निजी क्षेत्रको साझेदारीमा सामाजिक हेरचाह तथा वृद्धाश्रम, जेष्ठ नागरिक क्लबहरू, स्वास्थ्य परामर्श केन्द्रहरू जस्ता सेवा सुविधा एवं कार्यक्रमहरूको प्रवर्द्धन भएको हुने छ ।<br>• आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूमा जेष्ठ नागरिकहरूको पहुँचमा वृद्धि भएको हुनेछ । |
| नतिजाः | • लैंगिक सचेतना, मूलप्रवाहीकरण, सशक्तीकरण र समानताको कार्यक्रमबाट महिलाको आयआर्जन र आर्थिक क्रियाकलापमा वृद्धि हुनुका साथै लक्षित कार्यक्रममा पहुँच बढेको हुने ।<br>• लैंगिक विभेद तथा महिला विरुद्धको हिंसामा न्यूनीकरण भएको हुनेछ ।<br>• आर्थिक क्षेत्रमा महिलाको पहुँचमा वृद्धि भएको र महिला रोजगारीमा वृद्धि भएको हुने ।<br>• महिला विकास कार्यक्रम सबै वार्डमा पुगेको हुनेछ ।<br>• विभिन्न कारणले जोखिममा रहेका बालबालिकाहरूको संख्यामा कमी आउने छ ।<br>• बालबालिका सम्बन्धी सेवा सुविधाहरूको विस्तार र गुणस्तरमा सुधार भै बालअधिकारको संरक्षण र प्रवर्द्धन भएको हुनेछ ।<br>• बालबालिकाहरूको हकहीतमा केन्द्रीत विभिन्न सरकारी, गैरसरकारी, सामुदायिक क्षेत्र लगायत सम्पूर्ण सरोकारवाला निकायहरू वीचमा सहकार्य र समन्वयमा वृद्धि भएको हुनेछ ।<br>• बालशिक्षामा सुधार भएको हुनेछ ।<br>• बाल स्वास्थ्य सेवा गुणस्तरीय भएको हुनेछ ।<br>• जेष्ठ नागरिकहरूको अनुभव, ज्ञान र सीपलाई सदुपयोग गर्ने वातावरणको निर्माण गरी कार्यक्रम संचालन भएको हुनेछ ।<br>• जेष्ठ नागरिक लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्र तथा स्थानीय निकायहरूको विचमा समन्वय भएको हुने छ ।<br>• शारीरिकरुपले असक्त, परित्यक्त तथा सामाजिक र आर्थिक रुपले जोखीममा रहेमा जेष्ठ नागरिकका लागि वृद्धाश्रम/ आवासको व्यवस्था भएको हुनेछ । |
| सूचक | • लैंगिक विकास सूचकाङ्क, लैंगिक सशक्तिकरण मापन<br>• जनसांख्यिक, सामाजिक र आर्थिक सूचकहरू<br>• भ .न.पा. मा कार्यरत सरकारी कार्यालयहरू एवं राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थामा पुरुष महिलाको जनसंख्या अनुपात (लैंगिक अनुपात घटेको<br>• भ .न.पा.को विकास बजेटको ... % महिला एवं बालबालिकाको लागि खपत भएको<br>• वार्षिक ........ जना महिलाले सिपमूलक तालिम प्राप्त गरेका<br>• जनसांख्यिक, सामाजिक र आर्थिक सूचकहरू<br>• राजनीति,प्रशासन, रोजगारी क्षेत्रमा महिलाको सहभागीता दर ।<br>• हिंसा विरुद्धको उजुर संख्या ।<br>• महिलाको घरायसी कामको मूल्याङ्कन ।<br>• बाल मृत्युदर, स्कुल भर्नादर, जन्म दर्तादर, बाल विवाह, बाल श्रम आदिमा कमी ।<br>• बाल श्रमिक, सडके, लागू पदार्थ दुर्व्यसनी बालबालिकाको पुनर्स्थापनामा वृद्धि ।<br>• बालबालिकामा यौन दुर्व्यवहारको संख्या ।<br>• सरकारी स्तरबाट हुने खोप कार्यक्रममा कुनै पनि बालबालिका नछुटेको<br>• ज्येष्ठ नागरिक र असहाय विधवा भत्ता पाउने संख्या ।<br>• अस्पतालहरूमा ज्येष्ठ नागरिक वार्डको संख्या । |
| पुष्ट्याँईका आधार | • जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन |

- जि.वि.स. सूचना केन्द्र
- भ.न.पा. सूचना केन्द्र
- गैससका प्रतिवेदनहरू
- जिल्ला प्रशासन कार्यालय
- प्रहरी कार्यालयको प्रतिवेदन
- बाल कल्याण समिति
- भ.न.पा.आवधिक योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन

जोखिम पक्ष
- कोषको उपलब्धता
- राजनैतिक अस्थिरता तथा स्थानीय नेताको राजनैतिक ईच्छा
- सामाजिक विभेद कायमै
- रोजगारदातामा सामाजिक दायित्व बारे महत्वबोध
- निर्णायक तहमा लैङ्गिक संवेदनशीलताको महत्वबोधमा कमी हुन सक्ने
- गै.स.स को सहभागिता
- आतङ्ककारी गतिविधि
- एच . आई. भी. एड्सको बढ्दो प्रकोप र बेचबिखनमा वृद्धि
- साधन स्रोतको निरन्तर उपलब्धता
- जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्ताको महत्वबोध
- समन्वयको प्रभावकारिता

रणनीति
- महिलालाई सकारात्मक विभेद (Positive Discrimination) मार्फत् आर्थिक सामाजिक विकासका सबै क्षेत्रमा अगाडि ल्याउने
- जेष्ठ नागरिकहरूको अनुभव, ज्ञान र सीपलाई सम्मान गर्नुका साथै सदुपयोग गर्ने वातावरणको निर्माण गरी कार्यक्रमहरूमा उनीहरूको पहुँचमा विस्तार गर्ने ।
- द्वन्द प्रभावित, सीमान्तकृत, शारीरिक अपाङ्गता, एच.आई.भी/एड्स लगायत विभिन्न कारणले जोखिममा रहेका बालबालिकाहरूलाई लक्षित गरी सेवा तथा सुविधाहरूमा पहुँच बढाउन कार्यक्रम संचालन गर्ने ।
- सरकारी, गैरसरकारी, सामुदायिक क्षेत्र लगायत सबै सरोकारवालाहरू बीच सहकार्य र समन्वयलाई विस्तार गर्ने ।

नीति/ कार्यनीति
- महिला लक्षित कार्यक्रमको तर्जुमा कार्यान्वयन, समन्वय, मूल्याङ्कन र अनुगमन प्रक्रियालाई समन्वयात्मक रुपमा प्रभावकारी बनाउने ।
- स्थानीयस्तरमा संचालन गरिने गरीबी निवारण एवं आयआर्जन लगायतका कार्यक्रमहरूको सबै चक्रमा महिलाको सहभागिता वृद्धि गर्ने ।
- महिला सशक्तिकरण, क्षमता अभिवृद्धि, लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणलाई अभियानका रुपमा अघि बढाईने छ ।
- लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरणको क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक क्षेत्र र दातृ समुदाय बीचको सहकार्यलाई अझ प्रभावकारी बनाइनेछ ।
- निजी क्षेत्र र गैससलाई महिला तथा बाल विकासको क्षेत्रमा कार्य गर्न प्रोत्साहन गर्ने
- पिछडिएका, सीमान्तकृत एवं विभिन्न कारणले बन्चितीकरणमा परेका जातजाति, क्षेत्र एवं समुदायका महिलाहरूको लागि कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो विकासमा उनीहरूको भूमिकालाई सक्षम र सशक्त बनाईने छ ।
- महिला कर्मचारीहरूलाई उचित प्रोत्साहन एवं हौसला बढाउने
- महिला एवं बालस्वास्थ्य सम्बन्धी स्वास्थ्य सुविधा सर्वसुलभ बनाउने
- गरीब, जेहेन्दार एवं सिमान्तकृत वर्गका बालबालिकालाई नि:शुल्क शिक्षा दिन पहल गर्ने
- महिलालाई व्यवसायिक तालिम दिने
- महिलाद्वारा संचालित आयआर्जनका कार्यक्रममा विशेष सुविधा दिने

| | |
|---|---|
| | • जेष्ठ नागरिकहरूको अनुभव, सीप र ज्ञानलाई सदुपयोग गर्ने वातावरणको निर्माण गरी कार्यक्रम संचालन गर्ने<br>• सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्रको साझेदारीमा सामाजिक हेरचाह तथा वृद्धाश्रम, जेष्ठ नागरिक क्लबहरू, स्वास्थ्य परामर्श केन्द्रहरू जस्ता सेवा सुविधा एवं कार्यक्रमहरूको प्रबर्द्धन गर्ने । |
| कार्यक्रम | • लैंगिक सचेतना, मूलप्रवाहीकरण, सशक्तिकरण र समानताबाट महिलाको आयआर्जन र आर्थिक क्रियाकलापमा वृद्धि हुने कार्यक्रम<br>• लैंगिक विभेद तथा महिला बिरुद्धको हिंसामा न्यूनीकरण कार्यक्रम<br>• आर्थिक क्षेत्रमा महिलाको पहुँचमा वृद्धि हुनुका साथै महिला रोजगारीमा वृद्धि हुने कार्यक्रम<br>• भ.न.पा. का सबै वार्डमा महिला विकास कार्यक्रम<br>• महिला सशक्तीकरण कार्यक्रम<br>• महिला, गरीब बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम<br>• महिला एवं बाल स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम<br>• जेष्ठ नागरिकहरू, असहाय तथा अपाङ्गको तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने<br>• वृद्धवृद्धाको संरक्षण तथा अभिनन्दन कार्यक्रम संचालन गर्ने |

## (घ) दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान एवं सडक बालबालिका

| | |
|---|---|
| **उद्देश्यः** | • आर्थिक रुपले जोखिममा रहेका तथा सामाजिक रुपले पिछाडि पारिएका दलित, उत्पीडित, भिन्न क्षमतावान एवं सडक वालबालिका र सीमान्तकृत व्यक्ति र समुदायहरूलाई सामाजिक विकासको माध्यमबाट उनीहरूलाई सवल तथा विभिन्न आय आर्जनका अवसरहरूमा पहुँच बढाउने |
| नतिजाः | • दलित, उत्पीडित, उपेक्षित, विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायलाई सशक्तीकरण गर्न विभिन्न आय आर्जनको सीपमूलक कार्यक्रम संचालन गर्ने ।<br>• राज्यका विभिन्न क्षेत्रमा दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदाय र क्षेत्रको न्यायोचित सहभागिता सुनिश्चित गर्ने ।<br>• दलित, उत्पीडित,सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको उत्थानको लागि कार्यक्रम तर्जुमा गर्ने ।<br>• दलित, उत्पीडित,सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको सामाजिक तथा आर्थिक स्थितिमा सुधार हुने कार्यक्रम ।<br>• दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको भाषा तथा संस्कृतिको संरक्षण कार्यक्रम । |
| सूचक | • सामाजिक संघ संस्था एवं गैरसरकारी संस्थाहरूको संलग्नतामा संख्यात्मक तथा गुणत्मक रुपमा वृद्धि<br>• राज्यका विभिन्न क्षेत्रमा दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गको सहभागिता<br>• दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गको उत्थानको कार्यक्रम |
| पुष्ट्याँईका आधार | • जि.वि.स.को सूचना केन्द्र<br>• भ.न.पा.को सूचना केन्द्र<br>• विभिन्न गैससहरूको प्रतिवेदन<br>• भ.न.पा. आवधिक योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन |
| जोखिम पक्ष | • दलित, उत्पीडित, उपेक्षित, विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायका लागि लक्षित कार्यक्रम<br>• दलित, उत्पीडित, उपेक्षित, विपन्न, सीमान्तकृत तथा जोखीममा रहेका व्यक्ति, क्षेत्र र |

| | | |
|---|---|---|
| | | समुदाय उत्थानमा सक्रिय संस्थाको सहभागिता |
| | • | कोषको उपलब्धता |
| | • | छुवाछुत तथा जातीय, वर्गीय तथा लिङ्गिय भेदभाव विरुद्ध सामाजिक परिचालन |
| रणनीति | • | दलित, उत्पीडित, उपेक्षित, सीमान्तकृत, भिन्न क्षमतावान एवं सडक वालबालिका आदि व्यक्ति /समुदायको पहिचान गरी आर्थिक र सामाजिक सशक्तीकरणको माध्यमबाट उनीहरूको ज्ञान, सीप र प्रतिभालाई विकासको मूल प्रवाहमा समाहीत गराउने । |
| | • | दलित एवं सीमान्तकृत वर्गलाई सबै सामाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने । |
| नीति/ कार्यनीति | • | शिक्षा, स्वास्थ्य, सरसफाइ जस्ता कार्यक्रमहरूमा पहुँच बढाउन विशोष पहल गर्ने |
| | • | दलित, उत्पीडित, उपेक्षित, सीमान्तकृत, भिन्न क्षमतावान एवं सडक वालबालिका लाई विकास प्रक्रियामा सहभागी गराई आर्थिक तथा सामाजिक रुपमा सशक्तीकरण गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउने तर्फ पहल गर्ने । |
| | • | दलित, उत्पीडित, उपेक्षित र सीमान्तकृत समुदायको जीवनशैली सन्तुलित भोजन लगायतको खानपिनमा बानी र सरसफाइको अवस्थामा सुधार ल्याउन सरकारी एवं गैरसरकारी संस्था तथा विभिन्न सामाजिक संघ संस्थाहरूको संयुक्त पहलमा चेतना अभिवृद्धि गर्ने । |
| कार्यक्रम | • | दलित, उत्पीडित, उपेक्षित, विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्ति, क्षेत्र र समुदायलाई सशक्तीकरण गर्न विभिन्न आय आर्जनको सीपमूलक कार्यक्रम संचालन गर्ने । |
| | • | राज्यका विभिन्न क्षेत्रमा दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदाय र क्षेत्रको न्यायोचित सहभागिता सुनिश्चित गर्ने |
| | • | दलित, उत्पीडित,सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको उत्थानको लागि कार्यक्रम तर्जुमा गर्ने । |
| | • | दलित, उत्पीडित,सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको सामाजिक तथा आर्थिक स्थितिमा सुधार हुने कार्यक्रम तय गर्ने । |
| | • | दलित, उत्पीडित,सीमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको भाषा तथा संस्कृतिको संरक्षण कार्यक्रम तय गर्ने । |
| | • | छुवाछुत तथा जातीय, वर्गीय तथा लिङ्गिय भेदभाव जस्ता कुरीति समाप्त पार्न जनचेतना कार्यक्रम (पोष्टरिङ, गोष्ठी, सार्वजनिक सूचना आदि) गर्ने । |

### (ङ) खानेपानी र सरसफाइ

| | | |
|---|---|---|
| **उद्देश्य:** | • | खानेपानी र सरसफाइ जन्य सुविधाको दिगो प्रबर्द्धन तथा विस्तार मार्फत जनस्वास्थ्य, उत्पादकत्व एवं समग्र जीवनस्तर उकास्न टेवा दिने । |
| नतिजाः | • | ज्ञान, सीप एवं सचेतना अभिवृद्धि गर्ने खालका क्षमता वृद्धि हुने कियाकलाप संचालन भएको हुने । |
| | • | समुदायमा छरिएर रहेका समूह, वर्ग, आदिलाई संगठित गरी उनीहरूको संस्थागत क्षमता,सुदृढ भएको हुने । |
| | • | सरकार दातृसंस्था, स्थानीय निकाय एवं समुदायहरूको स्रोत साधाको समुचित पहिचान तथा परिचालन गरी सवैको खानेपानी र सरसफाइ सुविधामा पहुंच भएको हुने । |
| | • | गरीव, भूमिहीन, सुकुम्बासी समेतको सरसफाइ सुविधामा पहुँच सुनिश्चित भई खुला दिसा मुक्त अवस्था हासिल गर्नका लागि स्थानीय समुदायले मर्मत संभार तथा हेरचाहा गर्ने गरी सामूहिक , सार्वजनिक तथा घुम्ती शौचालयको सुविधा उपलब्ध भएको हुने |
| | • | घरधुरी ,निजी एवं सार्वजनिक प्रतिष्ठानहरूबाट विसर्जीत हुने फोहरमैला आदिलाई 5R (Recycle, Replace, Reuse, Refuse and Reduce ) को पद्दती अवलम्वन गरी दीगो सरसफाइ र दिगो एवं आयमूलक कियाकलापतर्फ उन्मुख भएको हुने |

- सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा लगानी, व्यवस्थापन कार्यान्वन, अनुगमन आदिमा संयन्त्रको अवलम्वन भएको हुने

**सूचक**

- आधारभूत खानेपानी तथा सरसफाइ सेवा तथा सुविधावाट लाभान्वित जनसंख्या XX प्रतिशत ।
- गरिब तथा उपेक्षित वर्ग आधारभूत खानेपानी तथा सरसफाइ सेवा तथा सुविधाबाट लाभान्वित भएको जनसंख्या
- पानीजन्य रोगीको संख्या घटेको (५ वर्षमुनिका बालबालिका )
- प्रति व्यक्ति स्वास्थ्य उपचार खर्चमा कमी ।
- उपभोक्ता समितिमा महिला सहभागिता ।
- जनसहभागिता परिमाण ।

**पुष्ट्याँईका आधार**

- जि.वि.स.को सूचना केन्द्र
- भ.न.पा.को सूचना केन्द्र
- विभिन्न गैससहरूको प्रतिवेदन
- जिल्ला स्वास्थ्य तथ्याङ्क
- जिल्ला खानेपानी तथा सरसफाइ पार्श्वचित्र
- भ.न.पा. आवधिक योजनाको मूल्याङ्कन र समीक्षा प्रतिवेदन

**जोखिम पक्ष**

- कोषको उपलब्धता
- स्थानीय नेताको राजनैतिक ईच्छा
- गै.स.स को सहभागिता
- जनसमुदाय र स्थानीय निकायको सहभागिता तथा योगदानमा निरन्तरता ।
- स्थानीय क्षमताको विकास ।
- जनसमुदायको सरसफाइमा प्राथमिकता ।

**रणनीति**

- खानेपानी तथा सरसफाइका कार्यक्रमहरू उपभोक्ता समुदायको सहभागिता र संलग्नतामा स्थानीय श्रोत र साधनलाई अधिकतम प्रयोग गरी संचालन गरिने ।
- खानेपानी तथा सरसफाइका कार्यक्रमहरू उपभोक्ता समिति वा गैर सरकारी संस्थाबाट परिचालन गर्न यस्ता संस्था तथा निकायको सीप र क्षमता अभिवृद्धिमा जोड दिइने ।
- निर्मित खानेपानी संरचनाहरूको मर्मत सम्भार एवं पुन:स्थापनाका साथै व्यवस्थापनलाई थप प्रभावकारी बनाई सेवा सुनिश्चित गर्ने ।
- वातावरणमैत्री (जलवायु परिवर्तन अनुकूलन समेत) स्थानीय स्रोत साधनको उपयोग, प्रवर्द्धन गर्ने खानेपानी तथा सरसफाइ संरचनाहरूको निर्माण गर्ने ।
- दिगो खानेपानी तथा सरसफाइ सेवाको लागि संस्थागत क्षमता सुधार गर्ने ।

**नीति/ कार्यनीति**

- स्थानीय स्रोत साधनलाई अधिकतम उपयोग गरेर उपभोक्ताले संचालन गर्न र धान्न सक्ने सरल प्रविधियुक्त आयोजना कार्यान्वयन गरी आधारभूत खानेपानी तथा सरसफाइ सेवा तथा सुविधा उपलब्ध गराइनेछ ।
- खानेपानी स्रोत उपलब्ध नभएका स्थानहरूमा वैकल्पिक स्रोतको रुपमा वर्षातको पानी सङ्कलन र उपयोग गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- सम्पन्न आयोजनाहरूमा खानेपानी गुणस्तर सुधारका लागि स्थानीय आवश्यकता अनुरुप पानी प्रशोधन प्रणाली निर्माण गर्ने र माग अनुसार खानेपानीको आपूर्ति परिमाणका वृद्धि गर्दै लगिने छ ।
- सरसफाइ कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।
- खानेपानी तथा सरसफाइ संग सम्वन्धित सम्पूर्ण सरोकारवालाहरूको सहकार्य र सहभागितामा पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत घरेलु शौचालय निर्माण गरी खुला दिसामुक्त क्षेत्र विकास गर्दै लगिनेछ ।
- खानेपानी आयोजना संचालन भएका क्षेत्रमा घरेलु शौचालय निर्माण कार्यलाई आयोजनासंग आवद्ध गरी सरसफाइ कार्यक्रम संचालन गरिनेछ ।

| | |
|---|---|
| | • खानेपानी तथा सरसफाइ आयोजना व्यवस्थापन तथा संचालन स्थानीय उपभोक्ता समितिको दक्षता वृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• उपभोक्ता समूहको नेतृत्व तहमा महिलाको सहभागीतामा वृद्धि गरी उनीहरूको भूमिकालाई सशक्त र प्रभावकारी बनाइनेछ । |
| कार्यक्रम | • ज्ञान, सीप एवं सचेतना अभिवृद्धि गर्ने खालका क्षमता वृद्धि हुने कार्यक्रम ।<br>• समुदायमा छरिएर रहेका समूह,वर्ग, आदिलाई संगठित गरी उनीहरूको संस्थागत क्षमता,सुदृढ हुने कार्यक्रम ।<br>• सरकार दातृसंस्था, स्थानीय निकाय एवं समुदायतहको स्रोत साधनको समुचित पहिचान तथा परिचालन गरी सबैको खानेपानी र सरसफाइ सुविधामा पहुंच भएको हुने कार्यक्रम<br>• गरिब, भूमिहीन, सुकुम्बासी समेतको सरसफाइ सुविधामा पहुँच सुनिश्चित भई खुला दिसा मुक्त अवस्था हासिल गर्नका लागि स्थानीय समुदायले मर्मत संभार तथा हेरचाहा गर्ने गरी सामूहिक , सार्वजनिक तथा घुम्ती शौचालयको सुविधा उपलब्ध भएको हुने<br>• घरधुरी, निजी एवं सार्वजनिक प्रतिष्ठानहरूबाट विसर्जीत हुने फोहरमैला आदिलाई 5R ( Recycle, Reduce , Replace, Reuse and Refuse ) को पद्दती अवलम्वन गरी दीगो सरसफाइ र दिगो एवं आयमूलक कियाकलापतर्फ उन्मुख भएको हुने कार्यक्रम<br>• सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा लगानी, व्वस्थापन कार्यान्वयन, अनुगमन आदिमा संयन्त्रको अवलम्वन भएको हुने । |

## ७.३ व्यवस्थित बसोबास विकास योजना

| | |
|---|---|
| **उद्देश्यः** | सम्पूर्ण सरोकार पक्षहरूको सहकार्यमा व्यवस्थित सहरी विकासको लागि आवश्यक मापदण्ड तयार गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने । |
| नतिजा /सूचकः | • नगर तथा तिनका आसपासका गा.वि.स.मा जग्गा विकास तथा भवन निर्माण मापदण्ड परिमार्जन गरी सो को कार्यान्वयन भएको हुनेछ ।<br>• राष्ट्रिय भवन निर्माण आचार संहिता सिंहावलोकन गरी कार्यान्वयन भएको हुनेछ ।<br>• सामुहिक आवास, सामुदायिक आवास तथा अपार्टमेण्टका नीति तयार गरी अबलम्बन गरिएको हुनेछ । यस्तो नीति तय गर्दा Vertical Expansion मा विशेष जोड दिईनेछ ।<br>• कमसेकम दुइ स्थानमा जग्गा एकीकरण आयोजना लागू भएको हुनेछ ।<br>• प्रस्तावित नगर क्षेत्र विभाजन स्वीकृत भइ सोही मुताविक भवन निर्माण तथा घडेरी मापदण्ड तयार भएको हुनेछ ।<br>• नगरका सम्पूर्ण घरहरूमा वैज्ञानिक ठेगाना प्रणाली लागू भएको हुनेछ ।<br>• सार्वजनिक कार्यालयहरु स्थानान्तरण गर्न सकिने संभावनाको खोजी गरिनेछ । |
| पुष्ट्याँईका आधार | • दीर्घकालीन सोचलाई कार्यरुपमा बदल्ने प्रतिबद्धता । |
| जोखिम पक्ष | • राजनैतिक प्रतिबद्धता, कार्यकारी अधिकृतको छिटो सरुवा |

## ७.४ उद्यमशीलता विकास योजना

### ७.४.१ उद्यमशीलताको परिभाषा

उद्यमशीलता उद्यमीसंग सम्वन्धित छ । यसले नाफा कमाउने उद्देश्यले एउटा व्यक्तिले आफ्नो सीप, ज्ञान, अनुभव, परिश्रम, समय, पुँजी र योग्यता आदिलाई एकीकृत गरी नयाँ वस्तु तथा सेवा उत्पादन गर्ने वा ग्राहकको रुची मनोभावना बुझी उत्पादन र सेवामा नयाँपन ल्याउने, नयाँ वस्तु आविष्कार वा परिस्कृत गर्ने

जस्ता सिर्जनाशील तथा गतिशील प्रक्रियासंग सम्वन्ध राख्दछ । यस्तै प्रवृत्ति, तत्परता एवं जागरुकताको विकास गर्न उद्यत रहनुलाई उद्यमशीलता विकास भन्ने गरिन्छ ।

### ७.४.२. लजिकल फ्रेमवर्क

| आयोजना रुपांकन | कार्यसम्पादन सूचकहरू | सूचकका श्रोतहरू | पूर्वानुमान र जोखिमहरू |
|---|---|---|---|
| **लक्ष्य :** | | | |
| एक परिवार एक रोजगार | कम्तिमा प्रत्येक घरमा एक रोजगार हुनेछ | नपा मा रहेको उद्यमशीलता विकास शाखाको अभिलेखवाट | सवै टोल विकास संस्था क्रियाशील |
| एक टोल विकास संस्था एक कार्य | सवै टोल विकास संस्थाले एक एक वटा उद्यमशिलता विकास कार्य गरेका हुनेछन् | | |
| **उद्देश्य** | | | |
| १. अति गरिब एवं गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिवासी जनजातिहरूलाई उद्यमशीलताको माध्यमवाट रोजगारी एवं स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने | ३ वर्ष भित्र ४,५०० घर परिवारका एक जना सदस्य उद्यम व्यवसायवाट रोजगार वा स्वरोजगार हुनेछन् | नपा मा रहेको उद्यमशीलता विकास शाखाको अभिलेखवाट | पर्याप्त वजेटको व्यवस्था |
| २. विद्यमान उद्यमीहरूको व्यवसाय अभिवृध्दि गरी आय आर्जनमा सुधार गर्ने | ३ वर्ष भित्र व्यवसाय संचालन गरिरहेका लक्षित उद्यमीहरूको आय आर्जनमा कम्तिमा २५% ले वृद्धि हुनेछ | घरधुरी आर्थिक सर्वेक्षणवाट | वास्तविक समस्याहरूको समाधान |
| ३. रोजगार अभिवृद्धि गर्नका लागि टोल विकास संस्थासंग भएको साधन श्रोत, क्षमताका आधारमा रोजागार अभिवृध्दि कार्यमा लगाउने | ३ वर्ष भित्रमा सवै टोल विकास संस्थाहरू उद्यमशिलता विकासमा आवद्ध हुनेछन् | टोल विकास संस्थाको अभिलेखवाट | उद्यमशिलता विकासमा टोल विकास संस्थाको सकारात्मक सोच |
| **प्रतिफल** | | | |
| १. ३ वर्ष भित्रमा नपा भित्र रहेका अति गरिब एवं गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिवासी जनजातिहरू आर्थिक स्तरमा सुधार हुनेछ | ३ वर्ष भित्र लक्षित परिवारहरू आय आर्जनमा संलग्न भएका हुनेछन् | नपा मा रहेको उद्यमशीलता विकास शाखाको अभिलेखबाट | लक्षित समूहको माग अनुसार व्यवसायको सिर्जना |
| २. लक्षित वर्गको आय स्तरमा वृद्धि भई गरिबी न्युनीकरणमा सहयोग पुग्नेछ | मासिक रु.४५०० देखि रु ७५०० सम्म आय हुनेछ | घरधुरी आर्थिक सर्वेक्षणवाट | गरिबी न्युनीकरणका लागि उपयुक्त कार्यक्रम संचालन |
| ३. प्रत्येक परिवारमा रोजगार सिर्जना हुनेछ | प्रत्येक घरमा एक जना रोजगार भएको हुनेछन | घरधुरी आर्थिक सर्वेक्षणबाट | सबै परिवारमा सकरात्मक योजना |
| ४. रोजगार व्यक्तिको आयमा वृद्धि हुनेछ | रोजगार व्यक्तिको आय कम्तिमा मासिक रु ४५००।- देखि ७५००।- सम्म हुनेछ | घरधुरी आर्थिक सर्वेक्षणवाट | |
| ५. महिलाहरू आय आर्जनमा सरिक भई आर्थिक अवस्थामा | रोजगारी तथा स्वरोजगारीमा महिलाहरूको उपस्थिति उल्लेख्य हुनेछ | नपा मा रहेको उद्यमशीलता विकास | महिला विकासका लागि |

**परिच्छेद – ७**
**बहुक्षेत्रगत विकास योजना तथा कार्यक्रम**

| आयोजना रुपांकन | कार्यसम्पादन सूचकहरू | सूचकका श्रोतहरू | पूर्वानुमान र जोखिमहरू |
|---|---|---|---|
| सुदृढ हुनुका साथै उनीहरू सशक्तिकरण हुनेछन् | | शाखाको अभिलेखवाट | ठोस नीति |
| ६. स्थानीय साधन श्रोतको अधिकांश सदुपयोग हुनेछ । | स्थानीय साधन श्रोतमा आधारित उद्योग व्यवसायहरू संचालनमा आउनेछन् । | घरेलु तथा साना उद्योग विकास कार्यालयको अभिलेखबाट | |
| ७. स्थानीय स्तरमा रोजगारी सिर्जना भई वेरोजगारी समस्या समाधान हुनेछ । | स्थानीय उद्योग व्यवसायमा लक्षित वर्ग रोजगारमा सक्रिय रुपले सहभागी हुनेछन | श्रम विभागको तथ्यांकवाट | नपा को शहरीकरणमा वृद्धि |
| ८. स्थानीय श्रमको माग स्थानीय स्तरवाट नै आंशिक रुपमा परिपूर्ति हुनेछ । | स्थानीय स्तरमा श्रम शक्तिको पर्याप्त उपलब्धता | श्रम उपभोग गर्ने संघ संस्थाहरूको अभिलेखबाट | |

| क्रियाकलाप | बिवरण |
|---|---|
| १.१ ४००० लक्षित घर परिवारका १ जना सक्रिय सदस्यलाई उद्यमशिलता सचेतना अभिमुखीकरण तालिम प्रदान गर्ने । | १. उद्यमशीलता सचेतना अभिमुखीकरण तालिम एक समूहमा ५० जनाका दरले पहिलो वर्ष १०० जना, दोश्रो वर्ष ४०० , तेश्रो वर्ष ५०० जना चोथो वर्ष १००० जना र पाँचौ वर्ष २००० जनालाई दिने । |
| १.२ उद्यमशीलता सचेतना अभिमुखी तालिम लिई उद्यम व्यवसाय संचालन गर्न इच्छुक व्यक्तिलाई उद्यमशीलता विकास तालिम प्रदान गर्ने। | २. उद्यमशीलता विकास तालिम लिन चाहने अनुमानित ३००० जनालाई २५ जनाको समूहमा विभाजन गरी १२० वटा समूहमा तालिम दिने । |
| १.३ उद्यमशीलता विकास तालिमबाट व्यवसाय छनौट गरेका व्यक्तिहरूलाई सिप विकास तालिम तथा व्यवसाय शुरुवात तालिम प्रदान गर्ने | ३. लक्षित समूहले कुन व्यवसाय गर्ने सो छनौट गरे पश्चात मात्र सीप विकास तालिम प्रदान गरिने (अनुमानित १,५०० जना) |
| १.४ व्यवसाय स्थापना गर्न सरसल्लाह तथा सुझाव प्रदान गर्ने । | ४. उद्यमशीलता विकास समिति अन्तर्गत Business Clinic स्थापना गरी सोवाट १५०० जनालाई सरसल्लाह तथा सुझाव प्रदान गर्न १ जना उद्यम विशेषज्ञ रु ३०,०००।-, १ जना प्राविधिक विशेषज्ञ रु २५,०००।- को, १ जना व्यवसायिक सल्लाहकार रु २५,०००।- का दरले १३ महिनाको १०४०,०००।- र अन्य खर्च समेत गरी दोश्रो वर्ष देखि पाँचौ वर्ष सम्मका लागि रु ३७,२०,०००।- |
| १.५ व्यवसाय स्थापना गर्न लघु कर्जाको व्यवस्था गर्ने । | ५. नपाले प्रत्येक वडामा दातृ निकाय र स्थानीय श्रोत परिचालन गर्ने निकायहरूको समन्वय तथा सहयोगमा रु ५,००,०००।- लघु कर्जा कोषको व्यवस्था ३ वर्ष भित्र गर्ने र उक्त पुँजी कोषको परिचालन वडा कार्यालयको रेखदेखमा वडाका उद्यमशील समुहले नै गर्ने र त्यस पुँजी कोषमा उद्यमीहरूले आफ्नो आर्थिक क्षमता अनुसार मासिक वचत गर्दै जाने र समूहलाई आवश्यता अनुसार ऋण प्रदान गर्दै जाने र यसको लागि अलग्गै निर्देशिका तयार पार्ने |
| १.६ व्यवसायीको माग अनुसार प्राविधिक सहयोग प्रदान गर्ने । | ६. Business Clinic स्थापना गरी सोही मार्फत सेवा प्रदान हुने |
| १.७ व्यवसायीको माग अनुसार वजार प्रवर्द्धन तथा बजारीकरण संजाल विकास गर्न सहयोग पुऱ्याउने । | ७. Business Clinic स्थापना गरी सोही सेवा प्रदान हुने<br>८. टोल विकास संस्थाले कोशेली घर  स्थापना गरी वस्तु विक्री भई वजार प्रवर्द्धन हुने । यसका लागि ५ वर्ष भित्र रु. ५,९०,००० |

**परिच्छेद – ७**
**बहुक्षेत्रगत विकास योजना तथा कार्यक्रम**

| क्रियाकलाप | बिवरण |
|---|---|
| | आवश्यक पर्ने । |
| २.१ व्यवसाय गरीरहेकाहरूलाई व्यवसाय विस्तार तथा सुधार तालिम प्रदान गर्ने । | ९. व्यवसाय गरिरहेकाहरूलाई सीपको अभावको कारण व्यवसाय संचालन गर्न, बजार विस्तार गर्न, प्रतिस्पर्धा,गर्न समयको माग अनुसार उत्पादकत्व वृद्धि र बजारको माग अनुसार वस्तु उत्पादन गर्न नसकेकाहरूलाई आवश्यकता अनुसार ७ दिने व्यवसाय विस्तार तथा सुधार तालिम प्रदान गरिने छ । प्रति समूह २५ जना रहने गरी २० वटा समूहमा विभाजन गरी यो तालिम प्रदान गरिने छ र प्रति समूहका लागि रु १,००,०००।- का दरले रु. २०,००,०००।- खर्च गरिनेछ । |
| २.२ व्यवसाय गरिरहेका उद्यमीहरूका लागि पुनर्ताजगि तालिम प्रदान गर्ने । | १०. पुनरताजगि सीप विकास तालिम अन्तर्गत २५० जनालाई १ दिन देखि ७ दिन सम्म तालिम दिइनेछ । अनुमानित लागत प्रति प्रशिक्षार्थी रु ५,०००।- का दरले २५० जनालाई रु १२,५०,०००।- लाग्ने देखिन्छ । |
| २.३ व्यवसाय विस्तार तथा विकास गर्न परामर्श सेवा प्रदान गर्ने | ११. Business Clinic स्थापना गरी सोही सेवा प्रदान हुने । |
| २.४ व्यवसाय विस्तार तथा प्रवर्द्धन गर्न लघु कर्जाको व्यवस्था गर्ने | १२. नपाले प्रत्येक वडामा दातृ निकाय र स्थानीय श्रोत परिचालन गर्ने निकायहरूको समन्वय तथा सहयोगमा रु ५,००,०००।- लघु कर्जा कोषको व्यवस्था ३ वर्ष भित्र गर्ने र उक्त पुँजी कोषको परिचालन वडा कार्यालयको रेखदेखमा वडाका उद्यमशील समूहले नै गर्ने र त्यस पुँजी कोषमा उद्यमीहरूले आफ्नो आर्थिक क्षमता अनुसार मासिक वचत गर्दै जाने र समूहलाई आवश्यता अनुसार ऋण प्रदान गर्दै जाने र यसको लागि लघु कर्जा निर्देशिका तयार पार्ने । |
| २.५ व्यवसायको उत्पादकत्व वृध्दि गर्न उपयुक्त प्रविधि हस्तान्तरण गर्न सहयोग गर्ने । | १३. व्यवसाय गरीरहेकाहरूको पुरानो परम्परागत उत्पादन शैली र मेसिन औजारको कारण उपयुक्त प्रविधिको अभावमा व्यवसाय प्रतिस्पर्धा गर्न नसके उत्पादकत्व वृध्दि गर्न नसकेका उद्यमीहरूलाई छनौट गरी उनीहरूको क्षमता र लगानीको आधारमा उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । यस कार्यक्रमको लागि रुग्ण भएका तर व्यवसाय विस्तार गर्ने चाहना भएकाहरूको छनौट गरी ४ वर्षमा १०० जनालाई उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । यसका लागि अनुमानित कुल रकम रु १०,००,०००।- लाग्नेछ । |
| २.६ व्यवसायीको माग अनुसार वजार संजालको विकास गर्ने । | १४. Business Clinic स्थापना गरी सोही सेवा प्रदान हुने<br>१५. व्यवसायी उद्यमीहरू बीच अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । प्रत्येक समुहको ३-३ वटा गरी ४ वर्षमा २५ वटा अन्तरक्रिया हुनेछ । प्रत्येक अन्तरक्रियाका लागि रु ५०,०००।- का दरले १२,५०,०००।- खर्च हुनेछ । |
| ३.१ नपा भित्र रहेका सबै टोल विकास संस्थाको लगत लिने । | १६. लगत संकलन तथा अद्यावधिक गर्न रु ५०,०००।- खर्च हुनेछ । |
| ३.२ सवै टोल विकास संस्थालाई उद्यमशीलता विकास सम्वन्धि अभिमुखीकरण तालिम,अन्तरक्रिया, गोष्ठी संचालन गर्ने । | १७. उद्यमशीलता सचेतना अभिमुखीकरण, अन्तरक्रिया, गोष्ठी । समुहका सक्रिय सदस्यहरूलाई उद्यमशीलता विकास कार्यक्रमका विविध विषयहरूमा १८ पटक गोष्ठी संचालन गरिनेछ र १ पटक संचालन गर्दा लाग्ने खर्च रु ५०,०००।- का दरले रु ९,००,०००।- । |
| ३.३ टोल विकास संस्थाको साधन, श्रोत SWOT का आधारमा समुहमा विभाजन गरी कार्य | १८. टोल विकास संस्थाको साधन, श्रोत पहिचान तथा कार्य विभाजन कार्यशाला गोष्ठी एक समूहमा ५० जनाका दरले २०० |

**परिच्छेद – ७**
**बहुक्षेत्रगत विकास योजना तथा कार्यक्रम**

| क्रियाकलाप | बिवरण |
|---|---|
| विभाजन निर्धारण गर्ने र कार्यक्षमता अभिबृद्धि गर्ने | जनालाई छ पटक कार्यक्रममा सहभागी गराउने र प्रत्येक पटकका लागि लाग्ने खर्च रु ५०,०००।- का दरले रु ३,००,०००।- । |

उद्यमशीलता विकास सम्बन्धी विस्तृत जानकारी अनुसूची ७.१ मा दिइएको छ ।

## ७.५ वातावरणीय विकास योजना

नेपालका सहरी क्षेत्रहरू खास गरेर नगरपालिका र यस वरपरका गा.वि.स. हरूमा वातावरण व्यवस्थापन र संरक्षण निकै चुनौतीपूर्ण बन्दै गइरहेको छ । खास गरेर सहरी क्षेत्रहरूमा मानव निर्मित फोहोरमैला, उद्योग तथा कारखाना, अस्पतालहरूबाट सिर्जित फोहोरहरूले समग्र सहरी वातावरणमा नै खलल पुऱ्याइरहेको छ । यसको अलावा अन्य प्राकृतिक सम्पदाहरूजस्तै वन जङ्गल, खोला नाला, ताल तलैया, सिमसार क्षेत्रहरूको संरक्षण र व्यवस्थापन गर्न नसक्दा पनि सहरी वातावरणमा असर पुगेको देखिन्छ । साथसाथै पूर्वाधारहरूको द्रुत गतिमा निर्माण क्रमसंगै वातावरणीय पक्षमा राम्रो ध्यान नदिंदा, यसबाट पनि वातावरणीय प्रदूषण बढीरहेको छ । हाम्रो सन्दर्भमा अझ भनौ भरतपुरको सन्दर्भमा वातावरण प्रदूषणमा निम्न विषयहरूलाई समेट्नु पर्ने देखिन्छ ।

| | |
|---|---|
| वायु प्रदूषण | वनजङ्गल |
| ध्वनी प्रदूषण | ढल निकास |
| खाद्य प्रदूषण | अस्पताल |
| खानेपानी प्रदूषण | उद्योगहरू |
| पशु बधशाला एवं मासु पसलहरू | अन्य क्षेत्र |
| नारायणी एवं अन्य नदीहरू | जलवायु परिवर्तन |

नीतिगतरुपमा नेपालको छैठौं पञ्चवर्षिय योजनासंगै वातावरण संरक्षणका लागि प्रयास हुँदै आएको देखिन्छ । वातावरणको व्यवस्थापन अन्तर्गत पर्ने माथि उल्लेखित क्षेत्रहरू समट्ने गरी वातावरण संरक्षण एवं जैविक विविधताको समुन्नत विकास योजना, हाम्रो दिगो विकास योजनाको एक अभिन्न अंग हो । तसर्थ वातावरण व्यवस्थापनका चुनौतीहरूलाई आत्मसात् गर्दै योजनावद्ध कार्यक्रमको माध्यमबाट सरोकारवालाहरूको सहभागितामा विभिन्न सरकारी, गैर सरकारी निकायहरू, सामुदायिक संघसंस्था र निजी क्षेत्रको सहभागितामा उचित नीति, कार्यनीति एवं रणनीतिहरूका साथ बनाइएका कार्यक्रम सफलतापूर्वक सम्पन्न भएबाट नै वातावरण व्यवस्थापनमा उचित फट्को मार्न सकिन्छ । तर कुनै पनि कार्यक्रमहरूको सफल कार्यन्वयनका लागि त्यससंग सरोकार राख्ने जोखिम पक्षहरूको पनि अध्ययन नितान्त जरुरी देखिन्छ । अहिलेको सन्दर्भमा राजनैतिक दल एवं विभिन्न निकाय र संघसंस्थाहरूको इच्छाशक्ति पनि चुनौतीपुर्ण जोखिम पक्षको रुपमा देखिंदैआएको छ । त्यसैगरी जलवायु एवं मौसम परिवर्तन (Climate Change) अर्को जोखिमको विषय हो ।

### ७.५.१ अवसर र चुनौतीहरू

**क) चुनौती र समस्याहरू**

| | |
|---|---|
| १) अपर्याप्त पूर्वाधारः | भौगोलिक एवं रणनैतिक हिसाबले राष्ट्रको केन्द्रमा अवस्थित र यातायात एवं व्यापार, पर्यटनको हिसाबले समेत राजधानी काठमाडौं लगायत देशको सम्पूर्ण शहरको मूख्य नाका वा केन्द्रको रुपमा अवस्थित हुँदाहुँदै पनि वातावरणीय प्रभाव न्यूनीकरण एवं संरक्षणका लागि आवश्यक पूर्वाधारहरू निकै कम छन् । नगरक्षेत्रभित्र भएका ढल तथा नालीहरू व्यवस्थित छैनन् । व्यवस्थित तथा स्तरीय |

| | |
|---|---|
| | Dumping एवं Landfill site छैन । नदी किनारहरूमा पर्याप्त नदी नियन्त्रणका कामहरू गर्न सकिएको छैन । यसरी योजनावद्ध विकास नहुनु, राजनैतिक इमान्दारिता एवं इच्छाशक्ति नहुनु तथा पर्याप्त बजेट नहुनुले सम्पूर्ण बस्ती र नगरक्षेत्र वरपर आवश्यक पूर्वाधारहरू पर्याप्त रुपमा पुऱ्याउनु निकै चुनौतीपूर्ण विषय हो । |
| २) अव्यवस्थित बजार तथा उद्योगहरू: | तराइ क्षेत्रमा अवस्थित नगर भएकाले भरतपुरमा प्रशस्त कृषि उत्पादन हुन्छ । यहाँको बजार सम्बन्ध लगभग राष्ट्रको सम्पूर्ण शहर केन्द्रहरू एवं ग्रामिण इलाकासम्म फैलिएको छ । तर पनि हालसम्म यहाँ व्यवस्थित पसलहरू, पशु बधशाला, तरकारी तथा फलफूल बजारको स्थापना गर्न सकिएको छैन । भएकाहरूको पनि व्यवस्थित तवरले संचालन एवं व्यवस्थापन गर्न सकिएको छैन । संचालित उद्योग एवं अस्पतालहरूबाट निष्काशित फोहोरहरूको उचित व्यवस्थापन हुन सकेको छैन ।<br>केही बस्तीहरू अझै ग्रामिण प्रकृतिका छन् । ती बस्तीहरूमा कृषि नै मूख्य पेशाको रुपमा रहेको देखिन्छ । यसरी गाउँ नगरको अन्तरसम्बन्धलाई सही सदुपयोग गरी स्थापित बजार तथा उद्योगहरूलाई व्यवस्थित तरिकाले संचालन गर्नु र त्यहाँबाट निष्काशित फोहोरहरूको उचित व्यवस्थापन गर्नु निकै चुनौतीपूर्ण विषय हो । |
| ३) अपर्याप्त जनचेतना: | समग्र शैक्षिक स्थिति राम्रै भएतापनि मानिसहरूमा वातावरणप्रतिको आवश्यक चेतनास्तर कम हुनु, हेलचक्र्याई र वेवास्ता गर्ने जस्ता मनोवृत्तिको वाहुल्यता हुनु, प्रायशः ग्रामिण परिवेशको बसोबास वा त्यो संग सीधा सम्पर्क हुनु, कृषि र यससंग सम्बन्धीत व्यवसाय र पेशामा संलग्न हुनुजस्ता कारणहरूले जनमानसमा वातावरण संरक्षण एवं व्यवस्थापनमा ध्यान पुगेको देखिंदैन । कतिपय सन्दर्भमा मानिसहरू जानेरै पनि वातावरणप्रति नकारात्मक कार्यहरू गर्दैरहेका हुन्छन् । यस्तो स्थितिमा मानिसहरूको चेतनास्तरमा सुधार ल्याउनु निकै चुनौतीपूर्ण विषय हो । |

**ख) अवसर र सम्भावनाहरू**

१. प्रशस्त जमिन भएकोले पूर्वाधार निर्माणमा सहजता ।
२. प्रशस्त वन जङ्गल भएकाले प्रशस्त खुल्ला हरित क्षेत्रको विकास गर्न सकिने ।
३. ठूला नदीहरू भएका कारण पानीको अभाव नहुने ।
४. भौगोलिक एवं रणनैतिक हिसावले देशकै केन्द्रभागमा अवस्थित ।
५. नगरपालिकामा वातावरण संरक्षण एवं व्यवस्थापनको लागि स्रोत साधन सहित वातावरण शाखाको स्थापना भई सकेको ।
६. जनमानसमा वातावरण व्यवस्थापन एवं संरक्षणमा यदि नगरपालिकाबाट उचित पहल भएमा रकम रकम तिर्न सक्ने भन्ने विचार वा जनचेतनाको विकास भएको ।

माथि उल्लेखित अवसर तथा चुनौतीहरूलाई आत्मसात् गर्दै देहाय बमोजिमको रणनैतिक योजनाहरू यस भरतपुर न.पा.को आवधिक योजनामा समावेश गर्नु सान्दर्भिक देखिन्छ ।

### ७.५.२ रणनैतिक कार्यनीतिहरू:

क) वातावरण सुधार, संरक्षण एवं व्यवस्थापनका लागि आवश्यक भौतिक एवं सामाजिक पूर्वाधार निर्माणमा जोड दिइने छ ।

- Sanitary Land Fill Site निर्माण
- पशुवधशाला निर्माण
- सार्वजनिक शौचालय

- पार्क ⁄ बगैंचा निर्माण

ख) अव्यवस्थित बजार, उद्योग, अस्पतालहरूलाइ विस्तारै वातावरण मैत्री वनाउँदै लगिनेछ ।

ग) वातावरण सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

घ) प्राकृतिक स्रोतको सम्बर्द्धन र सदुपयोगको लागि अतिक्रमण र विनाशहरू रोक्नका लागि उचित योजनाहरू ल्याइनेछ ।

ङ) सहरी गरीब एवं बटुवा लक्षियत निर्माणमा जोड दिइनेछ ।

## ७.६ प्रकोप तथा सुरक्षा व्यवस्थापन योजना

नेपालको सन्दर्भमा प्रकोप भन्नाले भूकम्प, आगलागी, आँधीवेहरी, बाढी-पहिरो, नदी कटान, अनिकाल तथा महामारीजन्य कारणहरूबाट सृजित असहज वातावरण र परिस्थितिलाई जनाउँदछ । नेपालको सन्दर्भमा खानी तथा औद्योगिक एवं विस्फोटक पदार्थहरूको दुर्घटनाको सम्भावना न्यून छ । खासगरी प्रकोपको कारणले मानवीय, वातावरणीय, वस्तुगत, आर्थिक तथा परिस्थितिजन्य क्षेत्रहरूमा क्षति पुग्दछ र व्यक्ति, समाज तथा राज्यको कार्यात्मक क्षमतामा ह्रास आइ विनासको अवस्था सृजना हुन्छ । प्रकोपबाट वर्षेनी हजारौं मानिसहरू प्रभावित भइरहेका हुन्छन् । अरबौंको सम्पत्ति नष्ट भइरहेको हुन्छ । नेपालमा जोखिम न्यूनीकरण सम्बन्धी विभिन्न नीतिगत व्यवस्थाहरू भएपनि त्यसबारे राम्रो अध्ययन र अनुसन्धार एवं जानकारीहरूको उपलब्धताको कमीका कारण कार्यान्वयन एवं व्यवस्थापन पक्ष कमजोर देखिन्छ । फलस्वरुप जोखिमको अवस्थामा मात्रै नभइ जोखिमपूर्व र जोखिम पश्चातका अवस्थामा समेत धेरै क्षतिहरू व्यहोर्नु पर्ने अवस्था छ । भरतपुरको सन्दर्भमा निम्न परिस्थितिका कारण प्रकोपको सम्भावना तथा सामाजिक सुरक्षामा असर पर्ने देखिन्छ ।

१. भूकम्प
२. आगलागी
३. नदी कटान तथा बाढी
४. महामारी
५. हिंसा, लुटपाट, चोरी

नीतिगत रुपमा २०३९ सालको दैवीप्रकोप उद्धार ऐनको सहाराले हामी अझै यस विषयवस्तुसंग जुद्धै आएका छौं । तर व्यवहारिक रुपमा हाम्रो न्यून पारिवारिक आम्दानीका कारण सृजित कमजोर शैक्षिक चेतनास्तर, कमजोर भौतिक पूर्वाधार एवं संरचनाहरूको निर्माणले प्रकोपको अवस्थामा हुने क्षतिलाई न्यूनीकरण गर्न सकिएको छैन । त्यसको साथसाथै वीमातर्फ पनि हामी आकर्षित हुन सकेका छैनौं ।

त्यसर्थ प्रकोप क्षति न्यूनीकरण एवं प्रकोप व्यवस्थापनको लागि आवश्यक अध्ययन, अनुसन्धार गरी यसको क्षेत्रहरूको पहिचान गर्ने, यसबाट हुनसक्ने क्षतिहरूको परिमाण अनुमान गर्ने, यसले पनि नोक्सान गर्न सक्ने असरहरू औल्याउन सकियो र सो बारेमा जनतालाई सुसूचित गर्न सकियो भने मात्रै पनि केही हदसम्म यसबाट बच्न सकिन्छ । यसका अलावा प्रकोपको अवस्थामा, प्रकोप पूर्व र प्रकोपपश्चात् अपनाउनु पर्ने सावधानीहरू तथा व्यवस्थापकीय कार्यहरूबारे जनस्तरमा जानकारी गर्नु गराउनु पनि राज्यको दायित्व हो ।

### ७.६.१ अवसर र चुनौतीहरू

**क) चुनौती र समस्याहरू**

१. **अपर्याप्त अध्ययन, अनुसन्धानः** नेपाल विभिन्न खाले प्रकोपहरू विशेष गरेर भूकम्पीय हिसाबले जोखिमपूर्ण क्षेत्रमा अवस्थित छ । तर पनि भरतपुरको सन्दर्भमा यसबारे कुनै अध्ययन, अनुसन्धान नभएकाले यसबाट हुनसक्ने क्षतिबारे अनुमान गर्न कठीन हुन्छ । आवश्यक database नै तयारी नरहेको सन्दर्भमा अध्ययन अनुसन्धान एक चुनौतीपूर्ण विषय हो । यहाँ भूकम्प, आगलागी,

नदीकटान तथा बाढी बाहेक भर्खरै भेटिएको डेंगुजस्ता महामारीजन्य प्रकोपहरूको निकै ठूलो समस्या देखिन्छ ।

२. बहुसंख्यक जनतामा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र मनोरन्जनसम्मको समस्या हल गर्न पनि आफ्नो घरायसी आम्दानीले धौ धौ परिरहेको सन्दर्भमा सुरक्षा भनौ अझ प्रकोपजन्य समस्यासंग जुध्न त कुनै सोचको तयारी नै देखिँदैन । यस्ता सुरक्षातहसम्मको सोच र तयारी गर्ने स्तरसम्म बहुसंख्यक जनसख्या पुगेको पाइँदैन । तसर्थ जनस्तरमा चेतनाको कमी नै एउटा चुनौतीपूर्ण विषय हो ।

३. शहर वरपर नदी र वन जङ्गलहरू भएकाले नदीका कारण हुनसक्ने बाढी, डुवान, आगलागीजस्ता समस्याहरूको सामना गर्नु पर्ने स्थिति रहेकोछ ।

**ख) अवसर र सम्भावनाहरू**

१. शहर अझै अव्यवस्थित र घना भइनसकेकोले खुल्ला क्षेत्रहरू प्रशस्त भएको ।

२. बाटोहरू र खुल्ला एवं सार्वजनिक स्थलहरूको अतिक्रमण तीव्र नरहेको ।

**ग) रणनैतिक कार्यनीतिहरू:**

१. शहरको प्रकोप व्यवस्थापन योजना निर्माणमा जोड दिइने छ ।

२. प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतनामूलक एवं व्यवस्थापन सम्बन्धी कार्यहरू/कार्यहक्रमहरू एकदमै तल्लो स्तरसम्म पुऱ्याइनेछ ।

३. भवन निर्माण संहिता लागू गरिनेछ ।

४. दमकल, एम्बुलेन्सजस्ता पूर्वाधार एवं सामाग्री खरिद तथा व्यवस्थापनमा पहल गरिने छ ।

५. प्रकोप पूर्वतयारी सम्बन्धी कार्यक्रमहरू जस्तै Rescue & Rehabilitation Centres को पहिचान एजं खोजी जस्ता कार्यहरू गरी जनमानसमा यसबारे जानकारी गराइनेछ ।

## ७.७ वित्त विकास योजना

भरतपुर नगरपालिकाको आवधिक योजना तर्जुमा तथा लगानी योजना तर्जुमा गर्न वित्तिय अवस्थाको विश्लेषणका लागि विगतको वित्तिय अवस्थाको विश्लेषण गरी तदअनुसार वित्तिय विकास कार्यक्रमको तर्जुमा तथा वित्तिय अवस्थाको प्रक्षेपण अत्यावश्यक देखिन्छ । पूर्व (पश्चिम राजमार्ग यस नगरको मध्य विन्दु भई गएको तथा काठमाण्डौसंग जोडेको प्रमुख व्यापारिक केन्द्रले गर्दा नगरक्षेत्रमा भएको आर्थिक कारोवारमा भएको वृद्धि संगै नगरपालिकाको वित्तीय अवस्था पनि सुधार हुँदै गएको देखिन्छ ।

नगरपालिकाको आवधिक योजनामा नगरपालिकाको आन्तरिक आयमा वृद्धिगरी त्यसवाट प्राप्त हुने थप आयलाई नगरविकासमा लगानी गर्ने गरी योजना तर्जुमा गरिएको छ । नगरपालिकाको आन्तरिक आयमा प्रमुख योगदान दिने शुल्क तथा दस्तुरहरू निम्नानुसार रहेको पाईन्छ ।

- कर तर्फ - सम्पत्ति कर र व्यवसाय साधन कर
- गैर कर तर्फ - सवारी पार्किङ्ग शुल्क, नक्सा पास दस्तुर र भवन तथा सवारीसाधन भाडा

### ७.७.१. नगरपालिकाको आन्तरिक राजश्व सुधारका लागि कृयाकलापहरू

नगरपालिकाले आन्तरिक आय परिचालन क्षमता विकासका लागि मौजुदा प्रमुख स्रोतहरूको अधिकतम उपयोग गरी आयका अन्य स्रोतहरूको परिचालन तथा नयां स्रोतहरूको खोजि तथा परिचालन गर्नु आवश्यक देखिन्छ । जसका लागि निम्न कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।

**(क) कृषि वजार केन्द्रहरूको विस्तार तथा सुधार**

नगरपालिका तथा नगरपालिकाको क्षेत्र वरपर उत्पादित सामाग्रीहरू बेचविखनको बजारीकरणका लागि आवश्यक पर्ने स्थान जस्तै सव्जीमण्डी, पशुवधशाला, बीउ बेचविखन गर्ने केन्द्र निजी क्षेत्रसंगको साझेदारीमा न.पा.बाट अनुकूल स्थानको खोजी गरी निर्माण तथा परिचालन ।

**(ख) पर्यटकीय स्थलको निर्माण तथा सुधार**

भरतपुर नगरक्षेत्रमा रहेको नारायणी नदीको किनारलाई Recreational Centre को रुपमा निर्माण, व्यवस्थापन र संचालन तथा नगरको विभिन्न क्षेत्रमा Children Park, Picnic Spot को निर्माण तथा परिचालन ।

**(ग) अन्य आय मूलक योजनाहरूको निर्माण तथा संचालन**

सार्वजनिक शौचालयहरूको निर्माण तथा सेवा शुल्क, अटोपार्कको निर्माण तथा संचालन, वस पार्कको प्रभावकारी व्यवस्थापन र संचालन तथा City Hall को निर्माण तथा संचालन, फोहरमैला संकलन तथा व्यवस्थापन ।

उपरोक्त प्रयोजनको लागि नगरपालिकावाट आयमूलक योजना निर्माण तथा संचालनको लागि निम्न कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।

| | योजनाहरू | स्थान | अवलम्वन गरिने नीति | कार्यान्वयन अवधि | लागत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सपिङ्ग कम्प्लेक्सको निर्माण तथा संचालन | भ.न.पा.४ को सव्जीमण्डी | | ५ वर्ष | पाँच करोड | |
| २. | बसपार्कको प्रभावकारी व्यवस्थापन र संचालन | | निजी क्षेत्रको सहभागिता | १ वर्ष | | |
| ३. | अटोपार्कको व्यवस्था | भ.न.पा. वडा नं. ४ नगरवन क्षेत्र | निजी क्षेत्रको सहभागिता | ५ वर्ष | दुई करोड | |
| ४. | City Hall को निर्माण | | | ५ वर्ष | तीन करोड | स्थान खोजी गर्नु पर्ने |
| ५. | Recreational Centre को निर्माण, व्यवस्थापन र संचालन | नारायणी किनार<br>● भ.न.पा.- ५<br>● धारापानी - ५ | निजी क्षेत्रको सहभागिता | २ वर्ष | तीन करोड | |

त्यसैगरी नगरपालिकाले नगरपालिकाको विद्यमान कर तथा शुल्कहरूको व्यवस्थापन प्रणालीमा सुधार गर्नु वाञ्छनीय देखिएको छ । नगरपालिकाले उक्त अवधिमा संचालन गर्ने राजश्व सुधार कार्यक्रम निम्न अनुसार प्रस्ताव गरिएको छ ।

**(घ) एकीकृत सम्पत्ति कर व्यवस्थापन प्रणालीमा सुधार**

घरजग्गा मूल्याङ्कनको हालको दरमा शत प्रतिशतले वृद्धि गर्ने र एकीकृत सम्पत्ति करमा अन्य करहरूपनि समावेश गरी एकीकृत असुली प्रणाली स्थापना गर्ने ।

**(ङ) घरवहाल करमा नगरपालिकाको पूर्ण अधिकार**

हाल घरवहाल करमा केन्द्र सरकार तथा नगरपालिकाले उठाउने दोहोरो व्यवस्था भएकोमा कानून संशोधन गरी नगरपालिकाले मात्र उठाउने पाउने अधिकार स्थापना ।

**(च) रजिश्टेशन दस्तुरको हिस्सा**

हाल नगरक्षेत्रमा हुने घरजग्गा कारोवारवाट प्राप्त हुने रजिश्टेशन दस्तुरको हिस्सा जिल्ला विकास पाउने व्यवस्था भएकोमा कानून संशोधन गरी नगरक्षेत्रमा हुने कारोवारको हिस्सा नगरपालिकाले पाउने व्यवस्था ।

**(छ) नक्सा पास दस्तुर**

हालको नक्सा पास दस्तुरमा दश प्रतिशतले वृद्धि गर्ने ।

**(ज) पर्यटन सेवा शुल्क**

नगर वन, नारायणी नदी, बीसहजारी ताल, देवघाट धाम, गणेशस्थान लगायत अन्य क्षेत्र घोषण गरी पर्यटन क्षेत्रको रुपमा विकास गर्ने र पर्यटन सेवा शुल्क लागू गर्ने ।

**(झ) सवारी कर**

सवारी पास र नवीकरण गर्दा अनिवार्य सवारी कर तिरेको रसीदको आधारमा मात्र पास तथा नवीकरण हुने व्यवस्था गर्ने तथा रिक्सा, ठेलागाडा नवीकरण वापत कर लिने ।

**(ञ) पार्किङ्ग शुल्क**

पार्किङ्ग क्षेत्र निर्धारण गरी सशुल्क पार्किङ्ग व्यवस्था मिलाउने ।

**(ट) सरसफाई सेवा शुल्क**

घरदैलो फोहर संकलन सेवा शुल्क लागू गर्ने तथा फोहर मैलाको पुन प्रयोग विधि व्यवहारमा ल्याउने ।

**(ठ) विज्ञापन कर**

विज्ञापन करको हालको दररेट वृद्धि गर्ने ।

**(ड) खानेपानी महसुल**

खानेपानी संचालन व्यवस्था नगरपालिकाको मातहतमा ल्याउने ।

### ७.७.२ नगरपालिकाको आगामी ५ वर्षकोलागि आय व्ययको प्रक्षेपण

नगरपालिकाको आवधिक योजनाका लागि प्रस्तावित कार्यक्रमहरू कार्यान्वयन पश्चात् नगरपालिकालाई प्राप्त हुने थप आय तथा नगरपालिकाको विगत पांच वर्षको आय तथा चालु खर्चको ट्रेण्डको आधारमा आगामी ५ वर्षको नगरपालिकाको आय व्ययको प्रक्षेपण अनसूची - ८.२ (ज) दिईएको छ । प्रस्तुत तालिकाले नगरपालिकाको पूंजीगत लगानीका लागि निम्न अनुसारको रकम उपलब्ध हुन सक्ने देखिएको छ । नगरपालिकाको विगत ५ वर्षको यथार्थ आय व्यय विवरण अनुसूची ७.२ मा दिईएको छ ।

आ.व. २०६८।६९ : रु. २०,०३,२४,३७७
आ.व. २०६९।७० : रु. २२,२३,७०,२८३
आ.व. २०७०।७१ : रु. २४,२४,४०,४०३
आ.व. २०७१।७२ : रु. २६,२४,१३,७५४
आ.व. २०७२।७३ : रु. २८,४९,३५,४८९

# परिच्छेद - ८ : बहुक्षेत्रगत लगानी योजना

## ८.१ योजना लागत

नगरपालिकालाई विभिन्न विकास निर्माण, सामाजिक तथा आर्थिक उन्नतिका लागि कम्तिमा रु. २५१.२ करोड लाग्ने प्रारम्भिक अनुमान छ। उल्लेखित सम्पूर्ण कार्य सम्पन्न गर्न आगामी पाँच वर्ष पर्याप्त देखिदैन। यसमध्ये करिब रु. १८२.३ करोड (७३%) बराबरको कार्य यस आवधिक योजनाको समयावधि (आ.ब. २०७३/७४ सम्म) भित्र सम्पन्न गरिने लक्ष्य प्रस्ताव गरिएको छ । प्रस्तावित योजनामध्ये सामाजिक विकासमा लाग्ने कूल रकमको ४६% तथा भौतिक विकास योजनाको ७७% मात्र यस आवधिक योजनामा समेटिएका छन् भने बाँकी विषयका कार्यक्रम आगामी पाँच वर्षभित्र सम्पन्न गरिने लक्ष्य लिइएको छ। कार्यक्रमको प्रभावकारिता मूल्यांङ्कन गरी तिनको निरन्तरताबारे पुनर्विचार गर्न सकिनेछ। कार्यक्रमको विस्तृत अनुमान अनुसूची - ८.१ (क देखि छ सम्म) मा दिइएको छ भने सो को सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका - ८.१ : योजना लागत** रु. हजारमा

| क.सं. | कार्यक्रम | अनुमानित लागत अनुमान | ५ वर्षको जम्मा | ५ वर्षको प्रतिशत |
|---|---|---|---|---|
| **क)** | **भौतिक विकास योजना** | **१,७३२,०००** | **१,३४२,१००** | **७७%** |
| १) | सडक तथा कलभर्ट | ८९४,००० | ८४१,२०० | ९४% |
| २) | पुल, पुलेसा | २८०,००० | ४९,५०० | १८% |
| ३) | सतह ढल | १५८,००० | १३९,४०० | ८८% |
| ४) | खानेपानी | २३५,००० | २२१,००० | ९४% |
| ५) | विद्युतीकरण सञ्जाल | ३०,००० | ३०,००० | १००% |
| ६) | सामाजिक पूर्वाधार | ७०,००० | ४८,००० | ६९% |
| ७) | विविध | ६५,००० | १३,००० | २०% |
| **ख)** | **सामाजिक विकास योजना** | **५५७,३००** | **२५८,३००** | **४६%** |
| १) | शिक्षा | ५१८,४०० | २१८,४०० | ४२% |
| २) | स्वास्थ्य | १४,४०० | १४,४०० | १००% |
| ३) | दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान, सडक बालबालिका | ९,५०० | ९,५०० | १००% |
| ४) | विविध | १५,००० | १६,००० | १०७% |
| **ग)** | **व्यवस्थित बसोबास विकास योजना** | **३५,२००** | **३५,२००** | **१००%** |
| **घ)** | **उद्यमशीलता विकास योजना** | **५४,०६०** | **५४,०६०** | **१००%** |
| १) | अध्ययन, परामर्श, बजार व्यवस्था | ७,३६० | ७,३६० | १००% |
| २) | गोष्ठी, तालिम, अन्तर्क्रिया | ४६,७०० | ४६,७०० | १००% |
| **ङ)** | **वातावरण विकास** | **१२७,०००** | **१२७,०००** | **१००%** |
| १) | दिगो फोहर मैला व्यवस्थापन | ८५,२०० | ८५,२०० | १००% |
| २) | नगर क्षेत्रभित्र वृक्षारोपण गराई हरियाली बनाउने | ८०० | ८०० | १००% |
| ३) | पार्क निर्माण | ४१,००० | ४१,००० | १००% |
| **च)** | **प्रकोप व्यवस्थापन योजना** | **६,२५०** | **६,२५०** | **१००%** |
| | **जम्मा** | **२,५११,८१०** | **१,८२२,९१०** | **७३%** |

**परिच्छेद – ८**
**बहुक्षेत्रगत लगानी योजना**

## ८.२ सरोकार निकायको लगानी योगदान

आवधिक योजना अवधिभित्र सम्पन्न गर्ने लक्ष्य लिईएको रु. १८२.३ करोडमध्ये रु. ४४.६ करोड (२४%) नगरपालिकाको श्रोतबाट र ८५.१ करोड (४७%) नेपाल सरकार तथा स्थानीय विकास मन्त्रालयबाट व्यहोरिने अनुमान गरिएको छ । दातृ निकायबाट रु. ३२.७ करोड (१८%) र बाँकि रु. १९.८ करोड (११%) गैर सरकारी संस्था, उद्योग वाणिज्य संघ, निजी श्रोत तथा उपभोक्ताबाट लगानी हुने अपेक्षा गरिएको छ । लगानी योगदानको विस्तृत विवरण अनुसूची ८.२ (क देखि ज सम्म) मा दिइएको छ, जसको प्रस्तुति छोटकरीमा तल दिइएको छ ।

**तालिका - ८.२ : सरोकार निकायको लगानी योगदान** रु. हजारमा

| क्र.सं. | कार्यक्रम | ५ वर्षको जम्मा | भनपा | नेपाल सरकार /स्थाविमं | गैसस | उवासं/ निजी | दातृ निकाय | उपभोक्ता |
|---|---|---|---|---|---|---|---|---|
| **क)** | **भौतिक विकास योजना** | **१,३४२,१००** | **३६७,३१०** | **६११,४७०** | **०** | **३०,९००** | **२५३,२२०** | **७९,२००** |
| १) | सडक तथा कलभर्ट | ८४१,२०० | ३२३,८३० | ४३८,१७० | ० | ० | ० | ७९,२०० |
| २) | पुल, पुलेसा | ४९,५०० | ० | १९,५०० | ० | ३०,००० | ० | ० |
| ३) | सतह ढल | १३९,४०० | २८,६८० | ० | ० | ० | ११०,७२० | ० |
| ४) | खानेपानी | २२१,००० | ० | ११०,५०० | ० | ० | ११०,५०० | ० |
| ५) | विद्युतीकरण सञ्जाल | ३०,००० | ० | ३०,००० | ० | ० | ० | ० |
| ६) | सामाजिक पूर्वाधार | ४८,००० | ९,६०० | ५,५०० | ० | ९०० | ३२,००० | ० |
| ७) | विविध | १३,००० | ५,२०० | ७,८०० | ० | ० | ० | ० |
| **ख)** | **सामाजिक विकास योजना** | **२५८,३००** | **१९,७७०** | **२१८,१७०** | **७,७४०** | **२,४००** | **८,९५०** | **१,२७०** |
| १) | शिक्षा | २१८,४०० | ११,२३० | २०४,२५० | १,३५० | ० | ७०० | ८७० |
| २) | स्वास्थ्य | १४,४०० | १,७४० | १०,९२० | १,२४० | ५०० | ० | ० |
| ३) | दलित, उत्पीडित, सीमान्तकृत, भिन्न क्षमतावान, सडक बालबालिका | ९,५०० | ९५० | १,८०० | ० | ० | ६,७५० | ० |
| ४) | विविध | १६,००० | ५,८५० | १,२०० | ५,१५० | १,९०० | १,५०० | ४०० |
| **ग)** | **व्यवस्थित बसोबास विकास योजना** | **३५,२००** | **२,७००** | **०** | **०** | **०** | **३०,०००** | **२,५००** |
| **घ)** | **उद्यमशीलता विकास योजना** | **५४,०६०** | **१४,५५३** | **४,४५८** | **०** | **०** | **३५,०५०** | **०** |
| १) | अध्ययन, परामर्श,वजार | ७,३६० | २,८७८ | ३,२३३ | ० | ० | १,२५० | ० |
| २) | गोष्ठी, तालिम, | ४६,७०० | ११,६७५ | १,२२५ | ० | ० | ३३,८०० | ० |
| **ङ)** | **वातावरण विकास** | **१२७,०००** | **३५,३४०** | **१७,२८०** | **२१०** | **७१,५७०** | **०** | **२,६००** |
| १) | फोहर मैला व्यवस्थापन | ८५,२०० | २७,६४० | १७,२८० | २१० | ४०,०७० | ० | ० |
| २) | नगर क्षेत्रभित्र वृक्षारोपण | ८०० | ७०० | ० | ० | ० | ० | १०० |
| ३) | पार्क निर्माण | ४१,००० | ७,००० | ० | ० | ३१,५०० | ० | २,५०० |
| **च)** | **प्रकोप व्यवस्थापन योजना** | **६,२५०** | **६,२५०** | **०** | **०** | **०** | **०** | **०** |
| | **जम्मा** | **१,८२२,९१०** | **४४५,९२३** | **८५१,३७८** | **७,९५०** | **१०४,८७०** | **३२७,२२०** | **८५,५७०** |
| | प्रतिशत | १००.०% | २४.५% | ४६.७% | ०.४% | ५.८% | १८.०% | ४.७% |

# परिच्छेद - ९ : योजना कार्यान्वयन तालिका

प्रस्तुत आवधिक योजनाको कार्यान्वयन अवधि आर्थिक वर्ष २०६८/६९ देखि २०७३/७४ सम्म तोकिएको छ । यस योजनाको स्वीकृति ज्येष्ठ २०६८ सम्म हुने अपेक्षा गरिएको छ । योजनाको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारका सरोकारवाला मन्त्रालयहरू तथा अन्य जिल्ला, नगर तथा वडा स्तरीय संस्थाहरूसँग सहयोग तथा समन्वयको लागि निरन्तर पहल गर्नु आवश्यक देखिन्छ । यसको लागि आ.व. २०६८/६९ को पहिलो चौमासिकमा योजना छपाई वितरण, योजनाबारे नगरस्तरीय तथा वडा स्तरीय सरोकारवालाहरूलाई सुसूचित गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । त्यसै समयमा मूल समन्वय समिति अन्तर्गत एक सानो तथा चुस्त आवधिक योजना कार्यान्वयन समिति गठनको प्रस्ताव गरिएको छ । विषयगत योजनाको विस्तृत डिजाइन, लागत मूल्याङ्कन तयार गरी नेपाल सरकार तथा दातृ निकायका लागि प्रस्ताव तयार पार्ने कार्य क्रमिक रुपमा गर्नुपर्ने हुन्छ । प्रस्तुत योजना केही महत्वाकांक्षी भएता पनि प्रस्तावित तालिका अनुसार कार्य गरेमा लक्ष्य हासिल गर्न कठिनाई पर्ने देखिदैन ।

आवधिक योजनाको विस्तृत कार्यान्वयन तालिकत अनुसूची - ९.१ मा दिइएको छ ।

# परिच्छेद - १० : आवधिक योजना अनुगमन तथा मूल्याङ्कन ब्यबस्था

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्यांकन नितान्त जरुरी विषय हो । यसका लागि स्थानीय स्वायत्त शासन ऐन तथा नगरपालिकाका निम्ति आवधिक योजना तर्जुमा निर्देशिका अगिंकार गरिनेछ । जस अनुसार अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार फिल्डमा जाने लगायतका प्रकृयाहरू समेतको अवलम्बन गरिने छ । त्यस्तै संचालित आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्याङ्कन प्रत्येक ६/६ महिनामा वा समितिले आवश्यक ठानेको जुनसुकै वखत गरिनेछ । त्यस्तै सम्पन्न योजनाहरूको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरूको प्रभाव मूल्यांङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरूको प्रभाव मुल्यांङ्कन अध्ययन टोलीमा विषयगत समिति सदस्यका अलावा सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरू समेतको संलग्नता गराइनेछ ।

## १०.१ मध्यावधि मूल्याङ्कन

आवधिक योजना तर्जुमाको सिलसिलामा निर्धारण गरिएका सूचकहरूले निर्धारण गरेका उद्देश्य अनुरुपमा लक्ष्यहरू प्राप्त भए वा नभएकाबारे मध्यावधि मूल्यांङ्कन २०७१ सालमा गरिनेछ र सो अगावै सम्पन्न हुने योजनाहरूको मुल्याङ्कन योजना समाप्त भएपछि गरिनेछ । आवधिक योजनाको मध्यावधि मूल्याङ्कनका निमित्त स्थानीय विकास मन्त्रालय वा सहरी विकास तथा भवन निर्माण विभागका राजपत्रांकित द्वितीय तहको कर्मचारीको अध्यक्षतामा एक अनुगमन समन्वय समितिको सिफारिसमा गरिने छ । सो मध्यावधि मूल्याङ्कन समितिमा कम्तिमा एकजना प्राविधिक एवं योजनाविद् समावेश गराइनेछ । उक्त समितिले निम्न कुराहरूलाई ध्यान दिनुपर्ने छ :

क. आवधिक योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था देखिन्छ देखिदैन ?

ख. निर्धारण गरिएका संख्यात्मक एवं गुणात्मक सूचक उपयुक्त छन् छैनन् ?

ग. आवधिक योजना कार्यान्वयनमा जनचासो जनसहभागिता र साझेदारीको अवस्था के कस्तो छ ?

घ. आवधिक योजनाले तय गरेका मुख्य मुख्य क्षेत्रहरूको प्रगति अवस्था कस्तो छ ?

ङ. सम्पन्न योजनाहरूको उपयोग र दीगोपना के कस्तो छ ?

च. सम्पन्न योजनाहरूको मर्मत सम्भार अवस्था के कस्तो छ ?

यी र यस्ता अन्य कुराहरूको मूल्याङ्कन एवं अध्ययन गरी बाँकी योजनाहरू र आगामी योजनाहरूमा समेत समय सापेक्ष गरिनुपर्ने सुधारहरूको लागि सिफारिस गर्नेछ ।

## परिच्छेद – १०
## आवधिक योजना अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### अनुगमन तथा मूल्याङ्कन व्यवस्था

| | |
|---|---|
| केन्द्रस्तर/मन्त्रालय/विभाग/राष्ट्रिय योजना आयोग/दातृ संस्था | मूल्याङ्कन तथा अनुगमनको आवश्यकता महसुस गरीएका मध्यावधि मूल्याङ्कन समिति वा सो सरहको अनुगमन समिति खटाई नगर समन्वय समिति मार्फत मूल्याङ्कन प्रतिवेदन तयार गराउने । |
| मध्यावधि मूल्याङ्कन समिति | २०७१ साल वा अन्य आवश्यक समयमा मध्यावधि मूल्याङ्कन प्रतिवेदन सम्बन्धीत विषय समिति मार्फत नगर समन्वय समितिमा पेश गर्ने तथा परिस्थितिवश केन्द्रीय वा मन्त्रालय/विभाग/राष्ट्रिय योजना आयोग/दातृ संस्थाबाट माग भई आएमा नगर समन्यव समिति मार्फत माग गर्ने निकायमा पेश गर्ने । |
| अनुगमन तथा मूल्याङ्कन समिति | अर्धवार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन नगर समन्वय समितिमा पेश गर्ने । |
| नगर समन्वय समिति | चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिवेदन पेश गर्ने |
| सम्बन्धित पाँच (५) विषयगत समिति | नियमित, चौमासिक, अर्ध वार्षिक, अन्तिम तथा प्रभाव मूल्याङ्कन बारे नगर समन्वय समितिलाई जानकारी दिने । |
| सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू | नियमित मौखिक प्रतिवेदन विषयगत समिति मार्फत नगर समन्वय समितिलाई जानकारी गराउने । |

# परिच्छेद - ११ : सुझाव तथा सिफारिस

भरतपुर नगरपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच अनुरुप नगर विकासका योजना तथा कार्यक्रमहरू दिगोरुपमा कार्यान्वयन गर्नका लागि निम्न सुझाव तथा सिफारिस गरिएको छ ।

क) आवधिक योजनाका कार्यक्रमहरू कार्यान्वयन गर्न नगरपालिकाभित्र प्रमुख राजनैतिक पार्टीका प्रतिनिधिहरूको संलग्नतामा आवधिक योजना कार्यान्वयन संयन्त्र खडा गर्ने ।

ख) प्रस्तावित ६ वटा क्षेत्र तथा सडकको वर्गीकरण अनुसार भू-उपयोग, भवन निर्माण, जग्गा विकासका मापदण्डहरू तयार गरी कार्यान्वयन गरिनु पर्ने । साथै यस मापदण्डले नगरको दक्षिणतिरका गा.वि.स.हरू मंगलपुर, फुलवारी, गीतानगर आदिलाई समेट्नु पर्ने ।

ग) नगरपालिकाका महिला तथा सीमान्तकृत वर्गको उत्थान एवं उद्यमशीलता कार्यक्रमको लागि विशेष एकाई गठन गरिनुपर्ने ।

घ) योजनाको लगानी नगरपालिकाबाट मात्र सम्भव नहुने हुंदा नेपाल सरकार, दातृ निकाय तथा अन्य गैर सरकारी संस्थाहरूसंग ऋण तथा अनुदानका लागि पहल गरिनुपर्ने ।

ङ) विशेषगरी डेंगु प्रकोप नियन्त्रणको लागि जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालयसंग सहकार्य गरी उन्मूलनको विशेष प्याकेज ल्याउनुपर्ने ।

च) अनियन्त्रित रुपमा टुक्रिन थालेको घडेरीलाई व्यवस्थित गर्न नापी तथा मालपोतसंग सहकार्य गरी सो को नियन्त्रण गरिनुपर्ने ।

छ) कृष्णपुर जग्गा एकीकरण आयोजनाभित्र छुट्टै भवन निर्माण मापदण्ड तयारी गरी सो को कार्यान्वयन सम्बन्धित उपभोक्ता समितिबाट गरिनुपर्ने ।

ज) प्रक्षेपण गरे अनुसारको आय आर्जन अभिवृद्धि गर्नका लागि कर तथा शुल्कहरूको दायरा बढाउन आवश्यक पहल गर्ने ।